कातिक २३, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# शान्ति सूत्र

## शान्ति प्रक्रियामा गम्भीरताको खाँचो : अन्तर्राष्ट्रिय विज्ञहरू

मूल्य रु. २५






वर्ष ३, अंक १२९, कात्तिक १७–२३, २०६३




आवरण : शान्तिको प्रतीक परेवा

तस्वीर : जितेन्द्रराज वज्राचार्य

**आवरण :** अन्तर्राष्ट्रिय द्वन्द्व विशेषज्ञहरूले अझै पनि नेपालमा शान्ति प्रक्रियाको आरम्भ नै भएको नभएको बताउँदै आएका छन् । उनीहरूको विचारमा 'अहिलेको प्रक्रिया त खाली वार्तासम्बन्धी छलफल र शान्ति प्रक्रियाको पूर्वाभ्यास मात्र हो' । २८

**घाउमा नुनचुक :** आफ्ना कार्यकर्ताले चितवनको माडीनजिक बाँदरमुढेमा विस्फोट गराएको बसमा मारिएकाहरूको परिवार र घाइतेहरूको पीडामा मलहम लगाउन पुगेका माओवादी अध्यक्षको प्रयासले उल्टो असर गरेको छ । २०

**विशेष रिपोर्ट :** अर्घाखाँचीमा आठ महिनाअघि सेना र माओवादीबीच भएको भिडन्तको त्रासदीमा बाँच्न बाध्य स्थानीय बासिन्दा । २४


**काललाई निम्तो :** गैरजिम्मेवार राज्य, लोभी यातायात व्यवसायी, अप्ठ्यारो बाटो र थोत्रा साधनबाट राप्ती अञ्चलमा सर्वसाधारण ज्यान जोखिममा पारेर यात्रा गर्न बाध्य छन् । यो स्थितिमा सुधार नआउने हो भने सल्यानमा कात्तिक ११ गते भएको बस दुर्घटनालाई काल पल्केको संकेतका रुपमा मात्र लिए हुन्छ । २६

**कु गर्न अक्षम सेना :** राष्ट्रिय चरित्रको अभावका साथै राजनीतिक नेतृत्वको क्षमता र मुलुक सञ्चालन गर्ने आर्थिक, राजनीतिक, सार्वजनिक प्रशासन, विदेश नीति सञ्चालन आदिको अभाव रहेकाले नेपाली सेना कु गर्न अक्षम रहेको विचार राख्छन्, भीमप्रसाद भुर्तेल । ३६



कुनै एक समय नेपाली साहित्यको केन्द्र मानिएको दार्जीलिङमा केही वर्षदेखि साहित्यिक गतिविधिमा शिथिलता आएको छ । ५२

सम्पादकीय ........ ५
डाँक ........ ८
टिपोट ........ १०
मुलुक ........ १२
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८



समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले–आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# रायमाझी आयोगको परीक्षा

## सम्पादकीय

**जनआन्दोलनताका** र अझ माघ १९ यता भएको राज्य दमन र सरकारी कोषको दुरुपयोगबारे छानबिन गर्न गठित कृष्णजंग रायमाझी आयोगले सरकारबाट सम्भवत: आफ्नो अन्तिम अवधि विस्तार पाएको छ। न्यायिक आयोग गठनसम्बन्धी मान्य परम्परालाई त्यागी निर्माण गरिएको यो आयोगलाई सरकारी ढुकुटीबाट पालन पोषण गर्नुको खासै औचित्य पनि छैन।

निर्माण र संचालन विधि अत्यन्त राजनीतिक र प्रतिशोधात्मक देखिएकोले पनि आयोगले के साँच्चै नै वस्तुनिष्ठ र तथ्यमा आधारित प्रतिवेदन देला ? वा आफैंमा सरकारी ढुकुटीको दुरुपयोगको एउटा उदाहरण बन्ला ? त्यसको प्रमाण आयोगको प्रतिवेदनले मात्र दिनेछ।

हो, आफ्नो अन्तिम छानबिन प्रक्रियामा उसले शाही शासनकालमा प्रधानमन्त्रीको हैसियतमा राजालाई प्रश्नावली पठाएको थियो, यद्यपि त्यसको उत्तर दरवारले दिन चाहेन। तर, नेपालको न्यायपालिका खासगरी सर्वोच्च अदालतले कयौंपल्ट राजाले राजाकै हैसियतबाट गरेका निर्णयहरूलाई समेत उल्टाएका साहसपूर्ण उदाहरणहरू छन्। र, सर्वोच्च न्यायालयले वा उसका कुनै न्यायाधीशहरूले कहिल्यै सार्वजनिक भाषण वा प्रचारबाजी नगरी मर्यादित आचरणको प्रदर्शन गर्दै आएका छन्। सर्वोच्च अदालतद्वारा भक्तबहादुर कोइराला आयोगको विघटन यसको पछिल्लो उदाहरण हो।


कृष्णजंग रायमाझी

आयोगको संचालन र राजनीतिक बनावटकै कारण सुरुमै उसको विश्वसनीयतामा प्रश्न उठ्यो भने अर्कोतिर खासगरी जनपद र सशस्त्र प्रहरीबाट दमनमा सामेल भएको नाममा कसैलाई इनाम र पदोन्नती अनि कसैलाई निलम्बन गरेबापत प्रतिवेदनमा केही उल्लेख गर्ला र भन्ने प्रश्न उठेको छ। किनकि आयोगले राजादेखि सर्वोच्चका पूर्वन्यायाधीशलाई प्रश्न र 'समन' पठाए पनि प्रधानमन्त्री र गृहमन्त्रीसँग निलम्बन र पदोन्नतीबारे केही सोधपुछ गर्ने न्यूनतम न्यायिक चरित्रसम्म देखाएन। बरु, रुन्चे शैलीमा 'हामीले कसैको नाम लिएर निलम्बन गर्न भनेका छैनौं' भन्ने स्पष्टीकरण सार्वजनिक टिप्पणीका रुपमा अध्यक्षले व्यक्त गरे जब कि उनलाई थाहा छ त्यसको कानुनी वजन हुँदैन भनेर। त्यस्तै आयोगले सर्वोच्चका पूर्व प्रधानन्यायाधीशलाई किन बोलायो, भक्तबहादुर कोइराला आयोगका अध्यक्ष र सदस्यहरूलाई एकातिर र अर्कोतिर पूर्व प्रधानमन्त्री शेरबहादुर देउवालाई मध्यरातमा डकैती शैलीमा गिरफ्तार गर्ने सुरक्षा अधिकृतहरूलाई किन बोलाएन, यसले अनेक प्रश्न सिर्जना गरेको छ र ती प्रश्नहरूको घेरामा आयोगको नियत पनि छ।

आयोगबाट राजनीतिक टिप्पणी या लेखाजोखा हैन, तथ्यमा आधारित निष्कर्ष र सिफारिस अपेक्षित छ। र, यी अपेक्षा र आशंकाहरूलाई उसले दलगत तथा प्रतिशोधको राजनीतिबाट माथि उठेर सम्बोधित तथा आश्वस्त गर्न सक्नुपर्छ। ■




## समय साता

### आदेश



सर्वोच्च अदालतद्वारा कुमारी प्रथामा रहने बालिकाको मौलिक हक हनन बारेमा तीन महिनाभित्र प्रतिवेदन पेस गर्न सरकारलाई आदेश। अदालतले गरेको आदेशविपरीत आमहड्ताल गरेको भन्दै अदालतमा आएर जवाफ दिन उद्योग वाणिज्य महासघंका अध्यक्ष चण्डीराज ढकाललाई पुनरावेदन पाटनको आदेश।

### पारित



पेट्रोलियम पदार्थको कारोवारमा निजी क्षेत्रलाई प्रवेश गराउने विधेयक मन्त्रिपरिषद्को बैठकद्वारा पारित। पेट्रोलियम पदार्थको कारोवार गर्न चाहने कम्पनीले ३० करोडको चुक्तापुँजीसहित आवेदन दिनुपर्ने।

### भेट



नेकपा माओवादीका अध्यक्ष प्रचण्ड तथा भारतीय राजदूत शिवशंकर मुखर्जीबीच नेपालको राजनीतिक परिस्थितिका बारेमा भेटवार्ता।

### स्पष्टीकरण माग

सरकार-माओवादीको सहमतिविपरीत आचारसंहिता उल्लघंन गरेको भन्दै युद्धविराम आचारसंहिता अनुगमन समितिद्वारा माओवादीसँग स्पष्टीकरण माग।

### स्वीकृत

राजधानीमा बढ्दो जनसंख्या र सहरीकरणसँगै उपत्यकाको शान्तिसुरक्षालाई सुदृढ बनाउन ल्याइएको महानगर प्रहरीको अवधारणा सरकारद्वारा स्वीकृत।

### घोषणा



प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा राजा वीरेन्द्रको सम्पत्ति उनकै नाममा ट्रस्ट बनाउने घोषणा।

### सर्वोच्चमा रिट

सेनाको भैरवनाथ गणमा सेनाले नागरिकलाई निर्मम यातना दिने सैनिक अधिकारीलाई कारबाहीको माग गर्दै अधिवक्ता जितमान बस्नेतद्वारा सर्वोच्चमा रिट दायर।

### कब्जा

सुनसरीको वराहक्षेत्रमा रहेको वृद्धवृद्धाहरूका लागि बनाइएको आश्रम तथा धर्मशाला माओवादीका जनमुक्तिसेनाद्वारा कब्जा।

### मारिए



चितवन निकुञ्जको आशाअनाथालयपूर्वमा रहेको भाले गैंडा करेन्ट लगाएर मारिएको अवस्थामा भेटिएको छ। यो सहित दुई साताभित्र तीनवटा गैंडा मारिएका हुन्।

### पुरस्कृत

डा. बलराम जोशी ज्ञानविज्ञान राष्ट्रिय पुरस्कार देवघाटको महत्त्वलाई प्रकाशमा ल्याउन योगदान पुऱ्याउँदै आएका डिल्लीराम बाबा पुरस्कृत।

### नियुक्ति



मन्त्रिपरिषद्को बैठकद्वारा निर्वाचन आयोगको आयुक्तमा भोजराज पोखरेल। जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्रको संचालक समितिको अध्यक्षमा सहसचिव जमुनाकृष्ण ताम्राकार। द टिम्बर कर्पोरेसन नेपालको संचालक समितिको अध्यक्षमा डा. कृष्णचन्द्र पौडेल। सिटिइभिटीको प्रमुखमा रामस्वरुप सिन्हा।




## अपर्याप्त तयारी

*समय* (वर्ष ३, अंक १२८) मा प्रकाशित 'संविधानसभा जेठसम्म भ्याइँदैन' साह्रै उपयुक्त लाग्यो। जनआन्दोलनपछि गठित सरकारले प्रतिनिधिसभा घोषणापत्रअनुसार पनि काम गर्न सकेको छैन। सरकारको राजा मोह र माओवादीको हतियार मोहका कारण वार्ता लम्बिरहेको छ। जनआन्दोलनका बेला राजतन्त्रको कुरा नै सुन्न मन नपराउने दलहरू अहिले सेरेमोनियल किङ भन्न थालेका छन्। माओवादीले जनताका लागि लडेको बताए पनि जनतालाई त्रासमा राख्दै आएको हतियार बिसाउने पक्षमा देखिँदैन उनीहरू। संविधानसभामा पुग्न त्यति सजिलो छैन। यसको तयारीका लागि गर्नुपर्ने कामहरू धेरै छन्। बेलैमा समयको ख्याल नगरे फेरि नेपालीहरूले २००७ सालको नियति भोग्नुपर्ने त हैन भन्ने आशंका पनि छँदै छ। त्यसैले सरकार र माओवादी सानातिना कुरामा अल्झनुभन्दा सकभर चाँडो संविधानसभाको लागि बाटो तय गर्नुपर्छ।

■ **ज्ञानहरि ढकाल**
तारुका-६, नुवाकोट

## बन्दुकमाथि विश्वास

*समय* (वर्ष ३, अंक १२७)को शून्य समय पठनीय र सान्दर्भिक लाग्यो। माओवादीले जति विशाल प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको कुरा गरे पनि गाउँमा सर्वसाधारणलाई धम्काएर, तर्साएर, जबरजस्ती गर्ने काम माओवादीले छोडेको छैन। अझै कति विस्थापित बनेका परिवारका झुप्रा खुलेका छैनन्। कतै माथिल्लो तहकालाई त्यो सरोकारको विषय नै होइन कि भन्ने प्रश्न समेत निस्किन थालेका छन्। नेपालीहरूले बुझेको माओवादीको रुप हतियारधारी हो। उनीहरूसँग हतियार भएका कारण जीवन जतिखेर पनि धरापमा पर्न सक्छ। यस्तो अवस्थामा संविधानसभा नि:सर्त हुन सक्छ भनेर जनताले कसरी सोच्ने ? प्रचण्डले अझै पनि जनताभन्दा बन्दुकलाई विश्वास गर्ने भुल गरेका छन्। प्रचण्डले अब सत्ताको कोटा माग्ने होइन र मिल्दैन पनि। अब स्वतन्त्र निर्वाचनबाट आफ्नो जनमत जाँच गर्ने हो कि ? माओवादीका कार्यकर्ताहरूमा अहिले पनि बोलीमा नम्रता होइन कि क्रूरता र उन्माद छ। यो कहिले सहजतामा रुपान्तर होला र सर्वसाधारणले सुखको सास फेर्न पाउलान् ?

■ **टंकमणि घिमिरे**
काठमाडौं

## दीर्घकालीन निकास खै ?

*समय* (वर्ष ३, अंक १२८) मा छापिएको काठमाडौंभित्रको फोहरको विषय पढ्न पाइयो। विगत केही वर्षदेखि यो विवाद बढ्दो छ। दीर्घकालीन फोहरको निकास हुन सकेको छैन। जहाँ फोहर फाल्ने हो त्यहाँका जनतालाई बढी आश्वासन दिएर काम नगर्ने परिपाटी र राजनीतिक खिचातानीको सिकार काठमाडौंका जनता भएका छन्। यो समस्यालाई सधैंका लागि अन्त्य गर्ने हो भने डम्पिङसाइट बनाइएको ठाउँका जनतालाई दिने राहत कागजमा मात्र लागू गराउने परिपाटी अन्त्य हुन जरुरी छ।

■ **कुमार श्रेष्ठ**
कालिमाटी, काठमाडौं

## जनता झुक्याउने भाषा

'जेठभित्र मुस्किल' र 'कठिन तयारी' रिपोर्ट (*समय* वर्ष ३, अंक १२८) पढ्ने मौका पाइयो। आवरणमा जेठभित्र संविधानसभाको सबै काम नसकिने र



रिपोर्टमा कठिन कामका लागि माओवादी र सरकार जुटे भन्ने समाचारले मेरो मनमा दुविधा पैदा गरायो। जेठभित्र संविधानसभा सकिँदैन भन्ने सरकारलाई मात्र होइन, माओवादीलाइ पनि राम्ररी थाहा छ। तैपनि कठिन कामका लागि जुटेको बहाना केका लागि र कसलाई देखाउन प्रयोग गरिने अस्त्रहरू हुन् ? राजनीतिक दलहरूले जनताले बुझ्ने भाषाको प्रयोग गरिदिनु पर्‍यो।

■ **नेत्र ढकाल,**
धापासी, काठमाडौं

## युद्धको मलामी जाऊँ

■ शिशिर वराकोटी

तिमीले दिएको संकेतमा
थुप्रै पार्थिवहरूको अश्रुपुरित
मलामी जान नपर्दा
सधैं लामबद्ध लासहरूको पालो कुर्ने त्यो आर्यघाटले
फुर्सद पाएका बेला
आऊ अब हातेमालो गर्दै एकताबद्ध भई
युद्धको मलामी जाऔं
लामो युद्धमा न तिमीले जित्यौ न मैले जितें
तर, देशले सधैं हारिरह्यो
अब नलड्ने प्रतिज्ञा गर्दै
अस्त्रको होडवाजी बन्द गरेर
एउटै छानामुनि बस्ने प्रण गर्दै
आऊ अब युद्धको मलामी जाऔं
तिमीले हानेको गोलीले ऊ त ढल्यो ढल्यो
तर, देश घाइते भएर शल्यक्रियाको लागि
अस्पतालमा बसेका बेला
अब युद्ध अन्त्य गर्ने प्रण गर्दै
गोलबद्ध भएर
आऊ अब युद्धको मलामी जाऔं

## बल्झिँदो घाउ

*समय* (वर्ष ३, अंक १२८) मा जनआन्दोलनको घाइते समाचार पढ्दा फेरि ०६२/६३ मा जनता जागेर गरेको आन्दोलन आँखामा आएर बिझायो। अहिलेको राजनीति हेर्ने हो भने फेरि खिचातानीको अवस्थामा पुगिसकेको छ। हिजो आन्दोलनमा बगाइएको रगत फेरि राजनीति गर्नेले बिर्सिसकेका छन्। आन्दोलनको चहराइरहेको घाउमा मलम लगाउने जिम्मेवारीबाट अहिलेको सरकार के टाढिन मिल्छ र ? यसको जवाफ सम्बन्धित पक्षबाटै पाइदिएको भए विरामीहरूको घाउमा कमसेकम अलिकति मलम लगाए सरह हुने थियो।

■ **अरुण तिवारी**
झापा, हाल- शंकरदेव कलेज
काठमाडौं

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोन: ४४४३८८८/२११२०९४**




## दाग मेटाउने प्रयास

राजा ज्ञानेन्द्रको शासन कालको उग्र समर्थन गर्दै राप्रपाबाट टुक्रिएको राप्रपा (थापा) समूहको अध्यक्षमा रवीन्द्रनाथ शर्मा चुनिएका छन्। शाही शासनका गृहमन्त्री कमल थापाले 'पार्टीको बृहत् हितका लागि' भन्दै अध्यक्ष पदबाट राजीनामा गरेपछि शर्मा अध्यक्ष भएका हुन्। शर्माले एकातिर प्रजातान्त्रिक मोर्चा बन्नुपर्ने वकालत गरेका छन् भने अर्कोतर्फ राजतन्त्रका बारेमा जनमतसंग्रह गर्ने बताएका छन्।

नेतृत्व सम्हालेको लगत्तै शर्माबाट आएका सार्वजनिक वक्तव्यले उनी नेपाली कांग्रेससँग नजिकिएर प्रजातान्त्रिक मोर्चा बनाउन लाग्ने संकेत गरेका छन् भने उता राष्ट्रिय राजनीतिको प्रमुख विषय राजतन्त्रको मुद्दाको छिनोफानो जनमतसंग्रहबाट गर्नुपर्ने बताएर कम्युनिष्ट पार्टीहरूको नीतिसँग नजिक हुन खोजेका छन्। शर्मा भन्छन्, 'प्रजातान्त्रिक मोर्चा राजाको समर्थनमा होइन, कम्युनिष्टहरूको विरुद्धमा बन्नुपर्छ। प्रजातन्त्रवादी र वामपन्थीबीच ध्रुवीकरण हुन आवश्यक छ, उग्रवामपन्थी नियन्त्रण गर्न प्रजातन्त्रवादी एक थलोमा जम्मा हुन आवश्यक छ।'

शर्मा प्रजातान्त्रिक मोर्चाको आह्वान प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला वा कांग्रेसका संस्थापक नेता कृष्णप्रसाद भट्टराईबाट हुनु पर्ने बताउँछन्। कोइरालाले शर्मा अध्यक्ष भएकै दिन कांग्रेस कुनै पनि मोर्चामा सामेल नहुने सार्वजनिक वक्तव्य दिएका छन्।।

राप्रपा थापा समूहको पछिल्लो चलखेललाई माउ पार्टी राप्रपा र विगतमा एउटै राजनीतिक पृष्ठभूमि भएको राष्ट्रिय जनशक्ति पार्टी (राजपा)ले महत्त्व दिएका छैनन्। शाही शासनमा लागेको दाग मेटाउन 'क्रान्तिकारी' कुरा गरेको शर्मालाई नजिकबाट चिन्नेहरू राप्रपा र राजपाका नेताहरू बताउँछन्।

राजपा अध्यक्ष सूर्यबहादुर थापाले आ-आफ्नो अभीष्ट पूरा गर्ने उद्देश्यले जनआन्दोलनको व्याख्या र विश्लेषण गर्ने, रणनीति बनाउने प्रयास गरिएको आरोप लगाउँदै यस्तो प्रवृत्तिका कारण समस्याको समाधान हुन नसक्ने बताएका छन्।

राप्रपाका केन्द्रीय सदस्य विश्वबन्धु थापाले केही महिना अघिदेखि नै प्रजातान्त्रिक मोर्चाको अवधारणा अघि सारेका थिए, तर पार्टीले उनको अवधारणाालाई गम्भीरतापूर्वक लिएर औपचारिक बनाउने काम गरेको छैन। ■

## तेस्रो सत्ता !

तीन सत्ता, तीन सेना। हो, किराँत वर्कर्स पार्टीको पछिल्लो गतिविधिले दुई सत्ता, दुई सेनाको चेपुवामा परेका सर्वसाधारणलाई अझ तेस्रो सत्ता र सेना पनि स्वीकार्न बाध्य पारेको छ। माओवादीकै शैलीमा 'जनमिलिसिया' र 'जनअदालत' गठन गरी वर्कर्स पार्टीले तेस्रो समानान्तर सत्ता सुरु गरेको छ, जसप्रति राज्य-प्रशासन पनि मौन छ। उदयपुरमा मुख्यालय स्थापना गरी पूर्व क्षेत्रमा गतिविधि सञ्चालन गर्दै आएको वर्कर्स पार्टीले हालै धरान-११ की मधु राईको घरजग्गा कब्जा गरेको छ।

पार्टीले जारी गरेको सूचनामा मधुका श्रीमान् महेन्द्र राईले रोजगारीका लागि प्रतिव्यक्ति २ देखि ३ लाख रुपैयाँ लिएर ५ जनालाई अफगानिस्तान पुऱ्याएको र त्यहाँ अलपत्र पारी छाडेकाले उनको घरजग्गा कब्जा गरिएको जनाइएको छ। पार्टीले पीडितलाई न्याय नदिइएसम्म मधुले घरजग्गा बेच्न नपाउने र सूचनालाई बेवास्ता गरे 'जस्तोसुकै कारबाही' हुने चेतावनी दिएको छ। तर, 'ब्रुनाई विद्रोह'पछि ब्रिटिस सेनाबाट फिर्ता पठाइएका महेन्द्रले आफ्नो सल्लाह र संलग्नताविना नै ठगी गरेको उल्लेख गर्दै मधुले उनले पाउनुपर्ने सजाय आफूलाई दिनु न्यायोचित नहुने तर्क गरेकी छन्।


रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज

रेडियो खबर पत्रिका
पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

हालचाल
ताजा खबर थाहा पाउन- हालचाल, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

बिबिसी नेपाली सेवा
हरेक दिन राती (८:४५-९:१५)

हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




नेपाली रेडियो
नेपाली आवाज

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org



नरहरि आचार्य

# गणतान्त्रिक अभियान

कांग्रेस केन्द्रीय सदस्य नरहरि आचार्यले विशेष अधिवेशन वा महासमिति बैठकको माग गरेका छन् । गत वर्ष भदौमा सम्पन्न एघारौं महाधिवेशनमा कांग्रेस विधानबाट 'संवैधानिक राजतन्त्र' शब्द हटाउन अगुवा भूमिका खेलेका आचार्य यतिखेर कांग्रेसले गणतान्त्रिक राज्यको बाटो लिनुपर्छ भन्ने मुद्दामा सक्रिय छन् र त्यही नीति अनुमोदन गराउन विशेष अधिवेशन वा महासमितिको बैठक बोलाउन दबाब दिन थालेका छन् ।

कर्णाली अञ्चलका विभिन्न जिल्लामा 'लोकतान्त्रिक गणराज्यका लागि कांग्रेस अभियान' नामक पैदल मार्च गरेर राजधानी फर्किएपछि कात्तिक ११ गते पत्रकारमाझ आचार्यले भने, 'अभियानले लोकतान्त्रिक मूल्य र मान्यतासहितको गणराज्य नेपाल निर्माण गर्ने कार्यलाई नेपाली कांग्रेसको मूल नीति बनाउने उद्देश्य राखेको छ । यसका लागि कांग्रेसको विशेष अधिवेशन वा महासमितिको बैठक तत्काल बोलाउन आवश्यक छ भन्ने हाम्रो माग रहँदै आएको छ ।' पैदल मार्चमा राजनीति शास्त्री एवं कांग्रेस महासमिति सदस्य कृष्ण खनाल, मोरङ कांग्रेसका नेता पुरञ्जन आचार्य पनि सहभागी थिए ।

आचार्यको अभियान कांग्रेसको आधिकारिक नीति भने होइन । अभियानबारे संस्थापन पक्षका केही नेताले आलोचना गर्न थालेका छन् । आचार्य कांग्रेसले गणतन्त्रात्मक व्यवस्थाको नीति लिएको स्थितिमा मुलुकभित्र र अन्तर्राष्ट्रिय समुदायलाई पनि आश्वस्त गर्न सकिने दाबी गर्छन् । अभियानको पक्षमा उल्लेख्य मात्रामा कांग्रेसजन भए पनि त्यसलाई पार्टीले आधिकारिक मुद्दा बनाउने संकेत देखिँदैन । ■

# कांग्रेसी महासंघ

लोकतान्त्रिक सामाजिक संस्था महासंघको नामले हालै दर्ता भएपछि गैरसरकारी संस्था पनि प्रजातन्त्रवादी र गैरप्रजातन्त्रवादी ध्रुवीकृत भएका छन् । संस्थामा प्रजातन्त्रवादी (अधिकांश कांग्रेसी)को नेतृत्व रहेका संघसंस्थाहरू आबद्ध भएका छन् । राष्ट्रिय योजना आयोगमा पूर्व सदस्य डा. बालगोपाल वैद्यको संयोजकत्वमा २१ सदस्यीय तदर्थ समिति गठन भएको छ । समितिमा भानुभक्त ढकाल, उपेन्द्रकेशरी न्यौपाने, बिजन पन्त, मीन विश्वकर्मा, सुलोचना शर्मा लगायतका गैससका क्षेत्रमा कार्यरत व्यक्तिहरू छन् ।

गैरसरकारी महासंघ वामपन्थीहरूको नियन्त्रणमा भएको र महासंघसँग आबद्ध गैससहरूले पनि वामविचारलाई प्राथमिकता दिएको अनुभव गरेर प्रजातान्त्रिक विचारधारामा विश्वास गर्नेहरूले बेग्लै महासंघ खोल्नु परेको मीन विश्वकर्मा बताउँछन् । विश्वकर्माका अनुसार क्षेत्रीय भेला आयोजना गरेर संगठन विस्तार गर्ने काम सुरु भएको छ । ■





सुदर्शन रञ्जित

हतियार विस्फोटन घटनाका एक घाइते

# हतियारमा लापरवाही

**माओवादी हतियार** समस्या नसुल्झिरहेका बेला उनीहरूले हतियार व्यवस्थापनमा देखाएको असावधानीबाट कास्कीमा ६ जनाको ज्यान जोखिममा परेको छ। माओवादीले सर्वसाधारणको घरमा सामान्य ढंगले राखेर छोडेको हतियार विस्फोटन हुँदा तिहारको दिनमा ३ नाबालकसहित ६ घाइते बने।

कास्की जिल्लाको सार्दीखोला गाविस-१ बाँझोखेतमा केशव गौतमको घरमा माओवादी कार्यकर्ताहरूकै असावधानीले विस्फोटन भएको थियो। हतियारबारे केही नजानेकाहरू विस्फोटनको सिकार भएर अहिले अस्पतालमा जीवनमरणको दोसाँधमा पुगेका छन्। जो कोहीको पनि पहुँच पुग्न सक्ने गरी माओवादीले हतियार थन्क्याएका कारण सिकारुहरूले हतियार चलाएका थिए। सोही कारण विस्फोटन भएर उनीहरू अपांग भएका छन्।

भइरहेका माओवादी लडाकु र कार्यकर्ताको व्यवस्थापन कठोर चुनौती बनेका बेला अरू माओवादीहरू भने अझै लडाकुहरू थपेर समस्यालाई जटिलतातर्फ धकेलिरहेका छन् भन्ने तथ्य पनि सार्दीखोला विस्फोटनको पृष्ठभूमिले सार्वजनिक गरेको छ। हतियार अभ्यासमा संलग्नहरू माओवादीले नयाँ भर्ना गरेका मिलिसियाहरू थिए।

माओवादीले सार्दीखोलाका आफ्नै कार्यकर्ता केशव गौतमको घरको एउटा कोठामा हतियार राखेका थिए। जसमा उनकै छोरा किशोरसहित माओवादीमा भर्खर प्रवेश गरेका तथा हतियार कहिल्यै नछोएकाहरूको पनि सजिलै पहुँच पुगेको थियो र त्यही कारण माओवादीकै कार्यकर्ता र सर्वसाधारण जनता व्यर्थै व्यथा बेसाउन बाध्य भएका छन्।

भर्खर माओवादी बनेका रामचन्द्रले दुई खुट्टा गुमाएका मात्रै होइनन्, त्यतिकै नयाँ भरत गौतमको दाहिने खुट्टा गुमेको छ। ती दुवै १६ वर्ष नटेकेका बालकहरू हुन्। दसवर्षे द्वन्द्वका सिलसिलामा खेतबारी र वनजंगल जस्ता ठाउँ कुठाउँमा हतियार मिल्काइँदा युद्धविरामको समयमा पनि बेवारिसे विस्फोटहरू भइरहेका बेला माओवादी आफैंले घरमा राखेको बमले पनि यतिसम्मको क्षति पुऱ्याएको घटनाले हतियार व्यवस्थापनमा अरू संवेदनशील निर्णय लिनुपर्ने पाठ सिकाएको मानवअधिकारवादीहरूले ठहर गरेका छन्। घटनामा परेका यामप्रसाद गौतम, हरि गौतम, खगराज गौतम र विष्णु गौतमको शरीरभरि घाउैघाउ मात्रै बनेका छैनन् उनीहरूको दृष्टि शक्ति र श्रवण शक्ति कमजोर भएको छ।

आफ्ना गल्ती ढाकछोप गर्ने र गलत जानकारी सार्वजनिक गर्ने प्रवृत्ति कास्कीमा पनि दोहोरियो। तैपनि त्यो प्रयास सफल हुन भने सकेन। घटना संचारमाध्यमहरूबाट सार्वजनिक भइसकेपछि माओवादीले सर्वसाधारणबाट आफ्ना हतियार चोरी गरी माछा मार्न जाने तयारी गर्दा विस्फोटन भएको बतायो। तर घटनामा उनीहरूले नयाँ भर्ना गरेका मिलिसियाहरू संलग्न रहेका छिप्न सकेन। हतियार राखिएको कोठामा साँचो समेत त्यत्तिकै उघ्रने खालको राखेको र नाबालकसहितका नयाँ मिलिसिया सहज पहुँच पुगेको प्रत्यक्षदर्शी र पीडितहरूमार्फत सार्वजनिक भइछाड्यो।

घटनास्थल पुगेका पत्रकारहरूलाई प्रत्यक्षदर्शी दुई युवाहरूले बताएअनुसार 'यसरी हो बम बनाउने' भनेर सिकाइरहेका बेला अचानक बम विस्फोटन भएको थियो। यसरी ल यसरी भनेर सिकाउँदा सिकाउँदै झिरिर झिल्काहरू देखेपछि आफूहरू भागेको ती प्रत्यक्षदर्शी दीपक आचार्य र प्रकाश गौतमले सुनाए। माओवादी जिल्ला सेक्रेटरी करणले माछा मार्नका लागि सर्वसाधारणले बम दुरुपयोग गर्दा विस्फोटन भएको भन्दै उनकै शब्दका 'घाइते सर्वसाधारण'को पार्टीले उपचार खर्च व्यहोर्ने बताएका थिए। तर उनले त्यसो भनिरहँदा पनि सर्वसाधारणले माओवादीले राखेका हतियार चोर्ने हिम्मत गर्न नसक्ने, खोलामा माछा मार्न बम प्रयोग गर्नुपर्ने पनि कुनै खाँचो नभएको जस्ता विचारले माओवादी भनाइ सत्य नभएको प्रस्ट भइसकेको थियो।

त्यसो त १२ कात्तिकमा जनमुक्ति सेनाको चौथो डिभिजनका सहकमान्डर प्रतीक्षाले घटनामा आफ्नै मिलिसिया परेको स्वीकार गरे। आफ्नै पार्टीका मिलिसिया घटनामा परेको पत्रकारहरूलाई उनले बताएका छन्।

हतियार राखेको कोठामा माओवादीले हातैले तानेर खोल्न सकिने साँचो लगाएर लापरवाही गरेका त थिए नै, धेरै सर्वसाधारणको भीडभाड भइरहने घरमा हतियार राख्नु पनि उनीहरूको असावधानी थियो। गाउँको पुरानो नाम बाँझोखेत भएको ठाउँलाई माओवादीले नयाँ नाम मिलिसिया टोल दिएका थिए। उनीको ओपन सेक्रेट सम्पर्क घर भएकाले भीडभाड भइरहने घर थियो त्यो। त्यसमाथि उनीहरूले ओपन सेक्रेट रुपमै त्यहीं आफ्नो कार्यालय संचालन र कर संकलन गर्दै आएका थिए।

■ **केशव लामिछाने/पोखरा**











▲ डा. श्रेष्ठले दानको दुरुपयोग गरी पोखरामा स्थापना गरेको भनिएको बुद्ध हस्पिटल

# मुटुमै प्रहार

**जापानबाट आएको दानको दुरुपयोग हुँदा दाता मुटुरोग विशेषज्ञको मुटु छियाछिया मात्रै भएको छैन, उनले पोखरामा मुटुरोग उपचार केन्द्र स्थापना गर्ने देखेको सपना पनि चकनाचुर भएको छ ।**

■ **केशवशरण लामिछाने/पोखरा** (तस्बिर पनि)

एउटा मुटुरोग विशेषज्ञबाट आमजनताले गर्ने आशा भने बिरामीहरूको सेवा नै हो, तर बिरामीहरूको निहुँमा व्यक्तिगत लाभ लिने काम भयो भन्ने सुन्दा जो कोहीको पनि मुटु चस्कनु स्वभाविक हो ।

मनकारी जापानीहरूले पोखरेलीहरूको स्वास्थ्योपचारका लागि दिएको दान एकजना मुटुरोग विशेषज्ञले दुरुपयोग गरेको दुखेसो दाता जापानीले गरेका छन् । मुटुरोगका जापानी विशेषज्ञ डा. ताकासी यामागुची र बुद्ध फाउन्डेसन जापानले पोखरामा मुटुरोगीहरूको स्वास्थ्योपचारार्थ गरेको दान मुटुरोगकै नेपाली विशेषज्ञ डा. धर्म श्रेष्ठले सहमतिअनुरूप कार्य नगरेर दाताहरूको मुटु दुखाएका हुन् । त्यही दानबाट पोखरामा बुद्ध हस्पिटल स्थापना गरेको आरोप लागेको छ, श्रेष्ठमाथि ।

डा. यामागुची जापानको हामामाचु सहरका




बासिन्दा हुन् । हामामाचुका बासिन्दाहरूबाट संकलित र आफ्नो व्यक्तिगत सहयोगविपरीतको कार्य श्रेष्ठले गर्दा आफ्नो सपना चकनाचुर भएको बताउँछन्, यामागुची । पोखरामा मुटुरोग उपचार अस्पताल खोल्ने र त्यसको सुरुवात एउटा क्लिनिकबाट गर्ने सोचाइ राखेर आफूले नगद र सामग्रीसहित झन्डै ३ करोड पठाएको उनी बताउँछन् । 'साढे एक लाख अमेरिकी डलर (सवा करोड नेपाली रुपैयाँ) मैले व्यक्तिगत नगद सहयोग गरेको थिएँ', उनी भन्छन् ।

बुद्ध फाउन्डेसन नेपाललाई पठाइएको त्यही रकमबाट श्रेष्ठले आफ्नो निजी अस्पतालमा लगानी गरेर सेवामूलक कार्य गर्ने भनेपछि जापानी डाक्टर चिढिएका हुन् । डा. श्रेष्ठले आफ्नो दान निजी अस्पतालमा लगानी गरिदिएको र अरू सेवामूलक कुनै काम नगरेको आरोप छ, यामागुचीको, तर श्रेष्ठ आफूहरूबीच केही असमझदारी भए पनि अरू नेपालीहरूले कान फुकिदिनाले नकारात्मक हल्ला मचिएको बताउँछन् ।

समाज कल्याणपरिषद्का पूर्व उपाध्यक्ष गणेश गुरुङले *समय*लाई दिएको जानकारीअनुसार जापानीले नगद सवा करोडका साथै विभिन्न उपकरण पनि दिएका थिए । त्यसमध्ये सबैभन्दा सुविधायुक्त र महँगो एम्बुलेन्स थियो, जसभित्रै ल्याब टेस्ट, एक्स-रे र माइनर अप्रेसन लगायत अरू उपचार गर्न सकिन्छ । गाउँगाउँमा विरामी लिन जाँदा सम्भव हुनेसम्मको उपाचार बाटैमा गरेर विरामी बचाउन सकिने खालको त्यस्तो एम्बुलेन्स अहिले श्रेष्ठसँग छ ।

जापानमा गएका नेपालीलाई दुःख पर्दा सहयोग गर्दै आएका ताकासी यामागुचीले नेपाली आउँदा पोखराको सौन्दर्यमा लट्ठिएर यहीं सेवा गर्ने विचार बनाएका थिए । डा. धर्म श्रेष्ठले पनि जापानमै सरकारी सेवा गरेकाले उनीसँगै मिलेर कार्य गर्ने योजना बनाउँदा धोका भएको सुनाउँछन्, ताकासी । उनी भन्छन्, 'मेरो त मुटु छिया छिया हुन्छ ।' जति दुःख परे पनि हाँसिरहने नेपालीबाट प्रभावित भएको बताउने ताकासी अवैध रुपमा जापानमा बसेका नेपालीलाई सहयोग गरिरहन्थे । विरामी र असहाय नेपालीको सेवा गर्दागर्दै नेपालमै आएर सेवा गर्न मन पलाएको थियो, उनको ।


पोखरामा क्लिनिक खोल्ने, गाउँगाउँमा गएर शिविर संचालन गर्ने र ती शिविरमा भेटिने गरिब र असहाय विरामीको निःशुल्क सम्पूर्ण उपचार गरिदिने जस्ता लक्ष्य राखेका थिए, ताकासीले । सोही योजनाअनुसार सुरुमा क्लिनिक खोल्न दान गरिएको थियो, तर बुद्ध फाउन्डेसन नेपालका अध्यक्ष डा. धर्म श्रेष्ठले त्यस्तो क्लिनिक खोल्नुको साटो बुद्ध हस्पिटल प्रालि भनेर आफ्नो व्यक्तिगत अस्पताल सुरु गरे ।

'जापानीले गरेको दानबाट क्लिनिक खोलेर गाउँगाउँमा शिविर चलाउँदै गरेको भए सहयोग बढ्दै जान्थ्यो । यसबाट कयौं गाउँलेले उपचार पाउँथे । क्लिनिक पनि अस्पतालको रुपमा विकास गर्ने सहयोग आउँथ्यो, तर दानको दुरुपयोग हुनाले दाताको मनै भाँचियो', हेरालो प्रतिष्ठानका अध्यक्ष निरज थापा भन्छन् । जापानमै बसेर फर्केका थापा डा. श्रेष्ठका कारण हजारौं पोखरेली जापानी डाक्टरको थप सहयोगबाट वञ्चित भएको बताउँछन् । डा. धर्ममाथि बुद्ध फाउन्डेसनका लागि आएका दान दुरुपयोग गरेको एउटा आरोप मात्रै लागेको छैन । त्यो आरोप साँचो हो भन्ने ठहऱ्याउने गरी कास्कीको भरतपोखरीका आमाहरूलाई पनि उनले सास्ती दिएका छन् । त्यहाँको गण्डकीबेसी आमा समूहले संचालन गरेको शिशु स्याहार केन्द्रका लागि जापानबाट बुद्ध फाउन्डेसनमार्फत आएका १ हजार डलर पूरै भुक्तान गरेका छैनन्, उनले । 'त्यो पैसा लिन सयचोटि आए पनि झुलाउने र भुलाउने बाहेक केही गरेनन् डा. सा'बले हामी त हैरानै भयौं', आमा समूहकी अध्यक्ष राधा थापा भन्छिन् ।

आफ्नो केही करोड सहयोगको सही उपयोग नभएपछि मुटु छियाछिया भएको अनुभव गरेका मुटु विशेषज्ञ ताकासीले अझै हार भने मानिसकेका छैनन् । गत साता मात्रै पोखरा आइपुगेका उनले कास्कीको धम्पुस गाउँ पुगेर स्वास्थ्य शिविर चलाए । डा. धर्मले धर्म सम्झेर दानको सदुपयोग गरेमा उनी पोखरामा मुटुरोग उपचार केन्द्र स्थापना गर्ने योजनालाई तुरुन्तै सुरुवात गर्ने सोचाइमा छन् ।

तर डा. धर्म भने अत्याधुनिक एम्बुलेन्स दिए पनि चलाउन नसिकाइदिएको बताउँछन् । उनी भन्छन्, 'मैले बेचेर खाएको त छैन नि ।' आफ्नो निजी अस्पतालले जम्मा १ रुपैयाँमा सेवा दिएको र बेला बेलामा अस्पतालमै स्वास्थ्य शिविर राखेर जापानी डाक्टरसँग भएका सहमति कार्यान्वयन गरेको उनको दाबी छ । ■





लाल झन्डाको पृष्ठभूमिमा डडेल्धुरा सदरमुकाम

# गाउँमा छैनन् दलहरू

**हिजोका दिनमा लहलहैमा माओवादीमा लागेका विद्यार्थी र ग्रामीणस्तरीय नेताहरू सामाजिक हुन सकिरहेका छैनन् । उनीहरू आमजीवन जीउन चाहन्छन्, तर उनीहरूलाई विभिन्न डर र दबाब दिइ तर्साएर राखिएको छ ।**

■ **श्याम भट्ट/डडेल्धुरा** (तस्विर पनि)

**नागरिक समाज** डडेल्धुराद्वारा यहाँका तेह्रवटा गाविसमा तिहारअघि सम्पन्न नागरिक सम्मेलनमा कुनै पनि गाविसमा दलहरूको उपस्थिति देखिन सकेन । जनताको बलले आएको परिवर्तनपछि ग्रामीण जनजीवनको अवस्था बुझ्न गरिएको यस्तो सम्मेलनमा नेपाली कांग्रेस वा नेकपा एमाले र राप्रपा भनेर आफ्नो परिचय दिई बोल्ने एकजना पनि भेटिएनन् ।

जब कि तेह्रवटै गाविसमा नेकपा माओवादी भनेर बोल्नेहरूको संख्या ठूलो रह्यो । आफ्नो परिचयमा दलको खोल ओढेर बोल्न नचाहेका जनताले भने गोप्यरुपमा नागरिक समाजलाई १ सय ४४ वटा निवेदन बुझाए । प्रायः सबै निवेदन माओवादी ज्यादतीविरुद्ध रहेका छन् । यी निवेदन ग्रामीण क्षेत्रमा माओवादी ज्यादती र बन्दुके शासनका प्रमाण हुन् । नागरिक समाजका अध्यक्ष डिआर पन्तका अनुसार परिवर्तनको छनक जनताले महसुस गर्न सकेका छैनन् । युद्धअघि जस्तो स्थिति थियो त्यसमा कुनै परिवर्तन आएको छैन । हिजो जस्तो डर-धाकमा उनीहरू पिल्सिरहेका थिए आज पनि उनीहरूको अवस्था उस्तै छ ।

आखिर के बदलियो त ? उनीहरूले बुझ्न सकेका छैनन् । ऐतिहासिक परिवर्तनपछि पनि दलहरू प्रभावकारी रूपले गाउँमा स्थापित हुन नसकेकाले नै यस्तो अवस्था आएको पन्त मान्छन्, दलहरू सदरमुकाममुखी भएका छन् । सदरमुकाममै समेत दलहरूका कार्यक्रम प्रभावकारी हुन सकेका छैनन् । जनताको सुरक्षा दिने प्रहरी त गाउँ फर्किन सकेका छैनन् भने पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र लोकेन्द्रबहादुर चन्दलाई समेत जनताको बलिदानले आएको परिवर्तनपछि गाउँ फर्किने फुर्सद मिलेको छैन ।

अरू दलभन्दा नेकपा एमाले भने यो अवस्थामा केही सक्रिय रहेको छ, महासचिव माधवकुमार नेपालले सुदूरपश्चिम भ्रमण गर्न भ्याएका छन् । एमालेले गाउँ समितिमा पनि फेर बदल गरेको छ, तर जनताको मनबाट त्रास हट्न सकेको छैन । गाउँमा विगतमा हिँडिरहने विद्रोहीहरूकै बोलबाला छ । यस्तोमा सोझासाझा जनता भर परून् पनि त कसको ? नेपाली कांग्रेस प्रजातान्त्रिकका जिल्ला सभापति रघुवर भट्ट भन्छन्, 'एक दुईजना गाउँतिर गएर कुनै अर्थ राख्दैन, पार्टीका अधिकांश साथी काठमाडौंकेन्द्रित भएका छन् बदलिँदो परिवेशका कारण, आर्थिक अभावले पनि गाउँतिर जाने कार्यक्रम बनाउन नसकिएको हो । गाउँतिर पार्टीको संगठनको काम जिल्ला अधिवेशनअघि नै भइसकेकाले पनि नयाँ कार्यक्रम बनाउन ढिलाइ भएको हो ।'

सदरमुकामबाट सुरु गरिएको नागरिक सम्मेलन अब बाँकी रहेका सातवटा गाविसमा सम्पन्न गरिनेछ । हिजोको दिनमा लहलहैमा माओवादीमा लागेका विद्यार्थी र ग्रामीणस्तरीय नेताहरू सामाजिक हुन सकिरहेका छैनन् । उनीहरू आमजीवन जीउन चाहन्छन्, तर उनीहरूलाई विभिन्न डर र दबाब दिई तर्साएर राखिएको नागरिक समाजका अध्यक्ष पन्त बताउँछन्, 'यो उनीहरूको स्वतन्त्र भई बाँच्न पाउने मौलिक अधिकारको सोझो हनन हो ।' विनाबन्दुक नै जनताले निरंकुश सत्तालाई पराजित गरेपछि हिजोको दिनमा बाटो बिराएकाहरू अधिकांश स्वतन्त्र हुन चाहन्छन्, तर यस्तो अवस्था भने आइसकेको छैन, न त सरकार नै यसप्रति गम्भीर छ ।

कुनै बेला नेपाली कांग्रेस र नेकपा एमालेका

झन्डाले रातामय देखिने डडेल्धुराको सदरमुकाम खलंगा अहिले अखिल क्रान्तिकारीका भन्डाले रँगिएको छ। सर्वत्र छाएका हुने राजनीतिक दल र उनीहरूका कार्यकर्ता अचेल संकुचित अवस्थामा भेटिने गरेका छन्। पहिले दलहरूले लिएको ठाउँ अहिले माओवादीले लिएका छन्। माओवादीको चुरीफुरी हेर्दा उनीहरूले स्थानीय प्रशासनलाई टेर्दै नटेरी डर-धाकको भरमा समानान्तर सरकार नै चलाएको आभास हुन्छ। स्थानीय बासिन्दा माओवादीका क्रियाकलाप देखेर दिक्क भइसकेका छन्, सबैभन्दा दिक्क पार्ने कुरा त चन्दा नै हो। बेला बेलामा विभिन्न शीर्षकमा माओवादीले चन्दा मागेर हैरान पार्ने गरेका छन्, स्थानीय बासिन्दा यसलाई खुलेआम गुन्डागर्दीको संज्ञा दिन्छन्।

स्थानीय झै-झगडामा हस्तक्षेप गर्नु जनकारबाहीका नाममा जनअदालतमा मुद्दा चलाई अनाहकमा दुःख दिने काम गर्नु छापा मार्ने जस्ता काम गरेर माओवादीले आफूलाई समानान्तर शक्तिको रुपमा प्रस्तुत गरिरहँदा प्रशासन निरीह बनेर बसेको उनीहरूको आरोप छ। उनीहरूको तर्क छ, यस्ता कामहरू राज्यले गर्नु पर्ने हो न कि अधिकारिताविनाका माओवादीले। प्रमुख जिल्ला अधिकारी दिलबहादुर घिमिरे पनि माओवादीले बेलाबेलामा चन्दा माग्ने गरेको स्वीकार गर्दै भन्छन्, 'प्रशासनिक कारबाहीमा माओवादीले अवरोध पुऱ्याएका छैनन्, बरु सुझाव दिने गरेका छन्। सामाजिक शान्ति व्यवस्थामा खलल पार्नेहरूलाई माओवादीले होइन, प्रशासनले नै दिनहुँ कारबाही गरिरहेको छ।'

माओवादीका सेती-महाकाली स्वायत्त गणतन्त्र प्रमुख लेखराज भट्ट राकेश पनि माओवादीले गरिरहेका ज्यादती स्वीकार गर्दैनन्। अझ उल्टै उनी भन्छन्, 'यो हामीलाई बदनाम गर्ने यथास्थितिवादीहरूको प्रचार हो।' राजा बचाउने नाममा सशस्त्र विद्रोह गर्ने घोषणा गरेको जनतान्त्रिक पार्टीतर्फ लक्षित गर्दै भट्टले भने, 'यस्तै समूहहरू माओवादीलाई बदनाम गर्न लागी परेका छन्।' सर्वसाधारण जनता भने माओवादीबाट नै आफूहरू पीडित भएको गुनासो गर्छन्। ■



धान काट्न मस्त नेताहरू

# धान काट्दै गणतन्त्रको प्रचार

गजलकार, साहित्यकार र राजनीतिक नेता तथा कार्यकर्ताको जमघट भए पनि त्यहाँ भाषण तथा रचना वाचन कार्यक्रम थिएन। मोटर तथा मोटरसाइकलबाट उत्रेपछि हातमा हँसिया लिएर पैदल यात्रामा पसिना बगाउँदै खेतमा पुगेका गजलकार, साहित्यकार र राजनीतिक नेता तथा कार्यकर्ताहरू धान काट्न मस्त थिए।

नेकपा एमालेको श्रम शिविर अभियानअन्तर्गत रूपन्देहीको मधवलिया गाविसमा सञ्चालित धान काट्ने अभियानको दृश्य थियो त्यो।

त्यहाँ जीवनमा कहिल्यै धान नकाटेका गजलकार बुँद राना पनि धान काट्न मस्त थिए। त्यस्तै कार्यक्रममा एमाले नेता नेत्र पन्थीले पनि पसिना बगाउँदै थिए। विक्रम संवत् २०२२-०२५ सालतिर धान काटेका पन्थीले लामो समयको अन्तरालमा २०३५ सालमा धान काटेका थिए, तर त्यसपछि धान काटेको यो नै पहिलो पटक भएको उनले बताए।

लोकतान्त्रिक गणतन्त्रको प्रचार-प्रसारका क्रममा नेताहरू धान काट्दै श्रम शिविरमा सहभागी भएका हुन्। त्यसो त धान काट्दै पसिना बगाएका साहित्यकार बालकृष्ण भट्टराईले ३०-३२ वर्षको अन्तरालमा धान काटेको बताए। एमालेका जिल्ला कमिटीका सचिव लीला गिरीदेखि अधिकांश जिल्ला नेताहरू धान काट्नमा व्यस्त थिए।

बुटवल नगरपालिकाका पूर्व नगरप्रमुख भोजप्रसाद श्रेष्ठ, पूर्व उपप्रमुख विमलबहादुर शाक्य पनि धान काट्नमा नै मस्त थिए।

पचासभन्दा बढी नेता तथा कार्यकर्ताले धान काटिरहेको भए पनि महिला सहभागिता भने अत्यन्तै कम थियो। नेपाली समाजमा प्रायजसो मेलापात महिलाहरू बढी जाने गर्ने भए पनि त्यहाँ भने जम्मा तीनजना महिलाहरू धान काट्नमा मस्त थिए।

जीवनमा पहिलोपटक धान काट्दै गरेका बुँद रानादेखि लामो अन्तरालमा धान काट्दै गरेका नेत्र पन्थी, बालकृष्ण भट्टराईहरू काम गराइको थकाइमा पनि काम गराइमा भने अरूको भन्दा कम जोस देखिँदैनथ्यो। नेकपा एमाले केन्द्रीय समितिले लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान संचालन गर्ने निर्णयअन्तर्गत उक्त श्रम शिविर संचालन गरिएको हो। पाँच दिनसम्म संचालन हुने श्रम शिविरबाट गणतन्त्रको प्रचार-प्रसारका लागि रुपन्देहीमा मात्रै ३० लाख रुपैयाँ उठाउने एमाले रुपन्देहीले जनाएको छ।

■ दीपक ज्ञवाली/बुटवल


## मकालु यातायातको बस सेवा

कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*



▲ सामुदायिक वनमा अलैंची लगाउँदै स्थानीय बासिन्दा

खोटाङ जिल्लामै पहिलो पटक कागजथला र पैरेनी सामुदायिक वनको जैविक विविधताको स्थलगत अध्ययन गरी प्राप्त जडिबुटी, फलफूल, रूख, जनावर र चराचुरुंगीको सूचीकृत गरिएको छ ।

# सामुदायिक वनबाट उपचार

■ विजयप्रसाद मिश्र/जाल्पा (खोटाङ)

**२०६२ साल** चैतमा दाउरा काट्दै गर्दा जाल्पा-४ की १५ वर्षीया जानुका राईको देब्रे हात भाँचियो । उनका अभिभावकसँग तत्काल उपचार गर्ने रकम थिएन । जाल्पाको आमा समूहले बनाएको सुरक्षित मातृत्व कोषबाट उपचारको लागि चार हजार रुपैयाँ दियो ।

२०६१ साल साउनमा रुखले किचेर सोही गाउँकी ५५ वर्षीया गणेशकुमारी श्रेष्ठ सिकिस्त भइन् । उनलाई पनि आमा समूहले आफ्नो कोषबाट तीन हजार रुपैयाँ दियो ।

जानुका र गणेशकुमारी जस्तै जाल्पामा सुत्केरी हुने वा कुनै घटनाले विरामी भएर तत्काल उपचार खर्चको बन्दोबस्त गर्न नसक्ने महिलालाई आमा समूहले खर्चको जोहो गर्ने गरेको छ ।

उनीहरूले यो खर्चको व्यवस्था पैरेनी सामुदायिक वनमा लगाइएको अलैंची बेचेर प्राप्त गरेको समूहकी कोषाध्यक्ष निर्मला राईले बताइन् । जाल्पा गाविसको प्रत्येक वडामा महिला र बालबालिकाको सुरक्षाको लागि खोलिएको आमा समूहले सामुदायिक वनको अलैंची टिप्ने जिम्मा पाएको छ । आम्दानी वन समिति र आमा समूहले आधा-आधा बाँड्ने गरिएको कोषाध्यक्ष राईले बताइन् ।

२०५३ साल असार ४ गते जिल्ला वन कार्यालयले हस्तान्तरण गरेको पैरेनी सामुदायिक वनमा २०५६ सालमा पाँच हेक्टरमा अलैंची रोपिएको थियो । वन उपभोक्ता समितिका अध्यक्ष इमानसिंह राईका अनुसार जनसेवा समाज नेपालले वनको खेर गइरहेको जग्गामा अलैंची रोपी त्यसको आम्दानी गाउँकै लागि खर्च गर्ने सोच राखी १९ हजार रुपैयाँ खर्च गरी १७ हजार अलैंचीको विरुवा किनिदियो । आम्दानी गाउँकै विकासमा खर्च गरिने भएपछि गाउँका सबै अलैंची रोप्न सहभागी भएका थिए । रतन्छाका अगुवा किसान ध्यानबहादुर राईकोबाट बिरुवा किनिएको सम्झना गर्दै समितिका अध्यक्ष राई भन्छन्, 'तीन वर्षदेखि अलैंचीले उत्पादन दिन थालेको छ ।'

गरिबीले गाउँमा विरामी पर्दा उपचारका लागि तत्काल रकम जम्मा गर्न अप्ठेरो परेको महसुस गरी वन समिति, जनसेवा समाज नेपालका पदाधिकारी र स्थानीय समाज बसेर अलैंची टिप्ने काममा गाउँका महिलाहरूलाई लगाउने र त्यसबाट आएको आधा रकम उनीहरूले महिलाको सुरक्षाका लागि खर्च गरून् भन्ने सहमति भएको थियो । अलैंची बेचेर वार्षिक सरदर पाँच हजार रुपैयाँ आम्दानी हुने गरेको वडा नं. ४ की आमा समूहकी कोषाध्यक्ष निर्मला राईले बताइन् । उनका अनुसार गाउँका ८४ घरका महिलाहरू अलैंची टिप्ने काममा संलग्न हुन्छन् । विरामीलाई उपचारका लागि दिइएको रकम पछि फिर्ता भई कोषमा जम्मा हुने गरेको र अन्य विरामीलाई त्यसबाटै खर्च दिने गरेको छ । कोषमा अन्यत्रबाट प्राप्त हुने आम्दानी समेत जम्मा गर्ने गरेको कोषाध्यक्ष राईले बताइन् ।

पैरेनी सामुदायिक वनबाट आम्दानी हुन थालेपछि यस वर्ष जाल्पाकै कागजथला सामुदायिक वनको सात हेक्टरमा अलैंची खेती लगाइएको समितिका अध्यक्ष इमानसिंह राईले बताए ।

## जैविक विविधता सूचीकृत

खोटाङ जिल्लामै पहिलो पटक कागजथला र पैरेनी सामुदायिक वनको जैविक विविधताको स्थलगत अध्ययन गरी प्राप्त जडिबुटी, फलफूल, रूख, जनावर र चराचुरुंगीको सूचीकृत गरिएको छ ।

दुवै वन समितिका अध्यक्ष रहेका इमानसिंह राई भन्छन्, 'नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरेपछि राज्यले नै आफ्नो जैविक विविधता सूचीकृत गर्ने अभियान थाल्नु पर्ने हो, तर यहाँ हामी आफैं सक्रिय हुनु पर्ने बाध्यता छ ।' जिल्ला वन कार्यालयसँग जैविक विविधताको सूचीकृत गर्ने बजेट नभएकाले वन समितिले नै वन कार्यालयलका तीनजना प्राविधिकलाई बोलाएर गत जेठ ३ गतेदेखि १६ गतेसम्म १५ जना वन क्षेत्रमा खटेर प्राप्त प्रजातिहरूको सूचीकृत गरेको छ । दुवै वनमा १९८ प्रजातिका जडिबुटी प्राप्त भएको समितिका अध्यक्ष राईले बताए । उनका अनुसार चिराइतो दुई प्रजातिको मजिलो र मगरकाँजे जस्ता जडिबुटी फेला परेको छ । चिबेचरा, लाम्पुच्छ्रे, लोप हुन लागेको सीम कुखुरा लगायत १२१ प्रजातिका चराहरू फेला परेका छन् । टोलीले वनमा ७९ किसिमका ठूलो रूख, ४४ वटा झारघाँस, ५३ वटा बुट्यान, ३३ प्रकारका उन्यू सोतर, ४३ प्रकारका वन्य फलफूल, ६१ प्रकारका वन फलफूल, ६१ वटा वन तरकारी, १० कन्दमूल र ५६ फूल फुल्ने प्रजातिको पाइएको छ । त्यसैगरी १५ प्रकारका तेलहन, १६४ प्रकारका जीवजन्तु रहेको छ । दुई सामुदायिक वनमा यति धेरै जैविक विविधता रहेकोमा जाल्पाका बासिन्दाहरू खुसी छन्, तर लोपोन्मुख जडिबुटी र चराहरूको संरक्षण कसरी गर्ने भन्नेमा उनीहरू चिन्तित छन् ।

सूचीकृत गर्न कतिपय जडिबुटी र चराचुरुंगी चिन्नका लागि वन समिति र वनका प्राविधिकलाई स्थानिय वैद्य, बिजुवा, धामी, झाँक्री, गोठाला र गुलेलीले चरा मार्ने सिकारीहरूले सहयोग गरेका थिए । खोटाङका दुई सामुदायिक वनले प्राकृतिक स्रोत सूचीकृत गरेजस्तै देशभरका स्रोतहरूको सूचीकृत गरी त्यसलाई आधिकारिता दिन सरकारले अभियान संचालन गर्नु पर्ने जनसेवा समाज नेपाल जाल्पाका अध्यक्ष जयेश्वर राईले बताए । ■

माडी बाँदरमुढे घटनास्थल



# घाउमा नुनचुक

**आफ्ना कार्यकर्ताले चितवनको माडीनजिक बाँदरमुढेमा २०६२ साल जेठ २३ गते विस्फोट गराएको बसमा मारिएकाहरूको परिवार र घाइतेहरूको पीडामा मलहम लगाउन पुगेका माओवादी अध्यक्षको प्रयासले उल्टो असर गरेको छ ।**

■ **रमेशकुमार पौडेल/चितवन** (तस्वीर पनि)

**प्रचण्डसँग** छलफल गर्न हतारमा माडीबाट भरतपुर ल्याइएका बाँदरमुढे घटनाका पीडितहरूले बिहान भातको साटो जेरीपुरी मात्र खान पाएका थिए । त्यसैका भरमा उनीहरूले नेताहरूलाई दिनभर कुर्नु पर्‍यो । माओवादी अध्यक्ष प्रचण्ड, डा. बाबुराम भट्टराई र रामबहादुर थापा 'बादल' सहितको टोलीसँग बसेर गरेको छलफल सकिँदा बेलुकीको खाना खाने बेला भइसकेको थियो । तर पीडितहरूलाई त्यो वार्ता न त बिहानको जेरी जस्तो गुलियो लाग्यो न त दिनभरिको भोकपछि साँझ खान लागेको खानाले जस्तो सन्तुष्ट दिने खालको भयो ।

चितवनको विकट क्षेत्र माडीको बाँदरमुढे खोलामा यात्रुले खचाखच भएको बसमा माओवादीले विस्फोट गराएका थिए । २०६२ साल जेठ २३ माओवादीले गराएको उक्त घटनामा ३५ सर्वसाधारणसहित ३८ जनाको मृत्यु र ७२ जना घाइते भएका थिए । गम्भीर घाइते सातजनाको अझै पनि उपचार भइरहेको छ । अध्यक्ष प्रचण्ड र वरिष्ठ नेता रामबहादुर थापा 'बादल'को गृह जिल्लामा भएको यो घटना माओवादी 'जनयुद्ध'को १० वर्षे अवधिको जघन्य अपराधको रुपमा चिनिन्छ ।

यो अपराधबाट चोखिन माओवादीले तत्काल नै क्षमायाचना गरेका थिए र अध्यक्ष प्रचण्डले माडीका जनता बीचमा गएर माफी माग्ने वचन दिँदै आएका थिए, तर कात्तिक २ गते चितवन आएको प्रचण्ड सहितको माओवादी नेताहरूको टोलीले माडी जाने हिम्मत गरेन, बरु रातारात माडीका घाइते तथा मृतकका आफन्तहरूलाई भरतपुरमै बोलाएर भेट गरे । कात्तिक २ गते प्रचण्डको टोली चितवन आइपुगेपछि त्यसै साँझ माओवादीका कार्यकर्ताहरू घाइतेलाई लिन माडी गएका थिए । आफूलाई राति १० बजेतिर मात्र खबर भएको घाइते तथा पीडित संघर्ष समितिका उपाध्यक्ष कृष्ण अधिकारी बताउँछन् ।

बैसाखीको भरमा हिँडडुल गर्ने अधिकांश पीडित र मृतकका आफन्तहरूलाई माओवादी स्थानीय नेताले 'उहाँ (प्रचण्ड) आउन सक्नु भएन, उतै जाऔं' भन्दै ल्याएका हुन् । उनीहरू स्पष्टीकरण दिँदै थिए, 'कसरा ब्यारेक कटेर आउने अवस्था भएन ।'

घटनाका पीडितहरूले प्रचण्डको भेटलाई औपचारिकता निर्वाह गरेको अर्थमा लिएका छन् । कारण, आफ्नो अनुकूलको स्थानमा ल्याइएको भए पनि प्रचण्डका लागि उनीहरूसँगको भेटवार्ता प्राथमिकताको पछिल्लो सूचीमा थियो । दिनभरि अरू काममा व्यस्त भएका प्रचण्डले साँझपख मात्र पीडितहरूलाई भेटे ।

मृतकका आफन्त तथा घाइतेहरूले प्रचण्डसँग भेटघाट मात्र चाहेका थिएनन् । उनीहरूले माओवादीसँग नौवटा माग राखे । अध्यक्ष प्रचण्डबाट ती माग पूरा हुने उनीहरूको आशा पनि निराशामा बदलियो । पीडितका माग पूरा गर्ने प्रतिबद्धता प्रचण्डबाट व्यक्त भएन । आफैंले सर्वसाधारणमाथि जघन्य आक्रमण गरेको माओवादी पार्टीका अध्यक्ष प्रचण्डले केन्द्रीयस्तरको राजनीतिक समस्या समाधान भएपछि मात्र माडीको बारेमा काम गर्ने आश्वासन दिए ।

'सहज अवस्था आएपछि माडी नै जाने र त्यही बसेर मागको बारेमा छलफल गरी प्याकेज बनाउने कुरा प्रचण्डबाट व्यक्त भयो', छलफलको निष्कर्ष सुनाउँदै संघर्ष समितिका अध्यक्ष मुक्ति न्यौपानेले

बताउँछन् । माओवादी शीर्षस्थ नेतासँगको दुई घन्टा छलफल गरेर निस्कँदै गर्दा माडी घटनाकी घाइते ५० वर्षीया धनकुमारीले प्रतिक्रिया दिइन्, 'यस्ता कुरा त यहीको नेताले पनि भन्दै आएका थिए, प्रचण्डले पनि आश्वासन मात्र दिए ।' उनको ढाडमा लागेको चोड अझै निको भएको छैन । दाहिने खुट्टा दुई ठाउँमा भाँचिएकाले बैसाखीको सहाराकी धनकुमारीलाई प्रचण्डसँग भेट गराउन करिब ५७ किलोमिटर टाढा ल्याइएको थियो । 'वार्तामा बोलाए तर केही कुरा टुंग्याएनन् यस्तो गर्नुभन्दा त घरमै लड्न दिएको भए ज्यानलाई सुविस्ता त हुन्थ्यो', धनकुमारीले दुखेसो पोखिन् ।

प्रचण्डलाई भेटाउन ल्याइएका पीडितहरूलाई सुरुमा माडीभन्दा करिब ५० किलोमिटर टाढाको भरतपुर ल्याइयो, भात खाने बेलामा जेरीपुरीको नास्ता गराइयो । भरतपुर ल्याएका पीडितहरूलाई कहाँ र कहिले प्रचण्डले सात्क्षाकार गर्ने ? आयोजकहरूलाई पनि पत्तो थिएन । बिहान १० बजे भरतपुर ल्याइएका पीडितलाई बल्ल एक बजेपछि ७ किलोमिटर टाढाको फूलबारी पुऱ्याइयो । त्यहाँ पुगेको करिब ४ घन्टापछि मात्र प्रचण्ड झुल्किए ।

साढे ४ बजेतिर प्रचण्ड बल्ल घाइतेहरू बसेको फूलबारी गाविसको सामाजिक तथा वातावरणीय अनुसन्धान संस्थाको भवनमा आएका थिए । को १ झ ४७ नं. को सरकारी गाडीमा आएका प्रचण्ड त्यसको एक घन्टापछि मात्र घाइतेको भेलामा प्रवेश गरे ।

पीडितहरू छलफलमा मानवअधिकारकर्मी र पत्रकारलाई राख्न चाहन्थे, तर माओवादीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमले राख्न मिल्दैन भनेपछि घाइतेहरूले अडान त्यागे । छलफल साढे सात बजे सकिएको थियो ।

'खास म किसान सम्मेलनमा आएको हुँ यति बेला अरू कममै व्यस्त छु, तपाईंहरूलाई त सहज अवस्थामा फुर्सदले भेटेर कुरा गर्न खोजेको थिएँ, तर चितवन आएका बेला नभेटी जान सकिनँ । त्यसैले बोलाएँ, मबाट कुनै ठूलो कुराको आशा भने नगर्नुहोला', प्रचण्डलाई उद्धृत गर्दै बाँदरमुढे घटनाका घाइते मनोहरि सापकोटाकी छोरी नारायणीले बताइन् ।

भरतपुरमा कात्तिक १ गते उद्घाटन भएको माओवादी, किसान संगठनको राष्ट्रिय सम्मेलनको बन्दसत्रमा भाग लिन प्रचण्ड डा. बाबुराम भट्टराई र बादल सहितको टोली बन्दसत्रलाई सम्बोधन गर्न रामपुर क्याम्पस आएको थियो । माडी जान्छु, जान्छु  भनेका बेला चितवन आएर त्यसै फर्के गलत छाप पर्ने ठानेर प्रचण्डले पीडितसँग भेटघाट गरेको माओवादी बताउँछन् ।

माओवादीले घटनाका घाइते र मृतकका आफन्तलाई राहत दिनु पर्ने, उपचार खर्च व्यहोर्नु पर्ने र पीडितका छोराछोरीलाई पठनपाठनमा सहयोग गर्नुपर्ने तथा घटनामा संलग्न माओवादीलाई जनताकै अगाडि सार्वजनिक गरेर माफी मगाउनु पर्ने र बाँदरमुढेमा बनाउन लागेको स्मारकमा माओवादीबाट पनि सहयोग हुनुपर्ने माग पीडितहरूले राखेका छन् । मागहरूको सूचीमा प्रचण्डसँग भेट्न पाउनु पर्ने पनि थियो । स्थानीय माओवादीले पीडितका मागहरू केन्द्रीय तहको मामला भएको बताउँदै पन्छाउँदै आएका थिए ।


घाइते टीका बराकोटी

'यो छलफलबाट हामी सन्तुष्ट छैनौं, माओवादीले माफी चाहने हो भने हाम्रा माग पूरा गराउनै पर्छ', बाँदरमुढे घटना पीडित संघर्ष समितिका अध्यक्ष मुक्ति न्यौपाने बताउँछन् ।

माओवादीले घटनामा संलग्न कार्यकर्तालाई कारबाही गरेको दाबी गरेको छ, तर कसलाई के कारबाही भयो ? को हो जयन्घ अपराधको प्रमुख पात्र माओवादीले अहिलेसम्म सार्वजनिक गरेको छैन ।  पीडितहरूले मात्र होइन, राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले समेत माडी घटनाप्रतिको माओवादी रवैयाप्रति असन्तुष्टि व्यक्त गर्दै आएको छ ।

कुन माग कहिले पूरा गर्ने भनेर लिखित प्रतिबद्धता पीडितहरूले चाहेका थिए, तर नेताहरूबाट मौखिक प्रतिबद्धता पनि आएन । हामी पूरा गर्नेछौं भन्ने आश्वासन मात्र दिइयो । घाइतेहरूले पहिलो पटक स्थानीय नेतासामु २०६३ साल वैशाख २२ गते मौखिक रुपमा आफ्ना माग राखेका थिए । तिनै माग लिखित रुपमा जेठ ५ गते पेस गरियो । असार २० गते क्षेत्रीय नेता देवेन्द्र पौडेल 'सुनिल'सँग वार्ता भएको थियो । सुनिल १० दिनभित्र प्रचण्डलाई बोलाइदिने वचन दिएर फुत्किएका थिए ।

'माडी घटना इतिहासको कलंक हो, जसलाई मेटाउन नयाँ माडीको निर्माण गर्नुपर्ने हुन्छ । त्यसका लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रमहरू समेटेर हामीले प्याकेज बनाउन लागेका छौं', पीडितहरूसँगको छलफल सकेर पत्रकारहरूसँग प्रचण्डले भने । बाँदरमुढेमा स्मारक बनाउन माओवादीले रोक नलगाउने भएको छ । तर त्यो स्मारकमा माओवादीले घटना गराएको कतै उल्लेख नगर्ने माओवादीको सर्त छ ।

माडी घटनाको कलंक मेटाउन त्याग गर्ने प्रचण्डले त्यो अपराधमा संलग्नमाथि कारबाही गर्नुपर्छ भन्ने राष्ट्रिय-अन्तर्राष्ट्रिय मागअनुसार कारबाही तत्परता प्रचण्डले देखाएनन् । उनले भने, 'सबै पछि हुन्छ ।' पीडितलाई राहत दिने र दोषीलाई उचित कारबाही गर्न जस्ता सामान्य मागमा आलटाल गर्ने प्रचण्ड 'नयाँ माडी' निर्माणको गुलियो सपना देखाउन पछि परेका छैनन् । तर नयाँ माडीको योजना बन्न पनि शिखरवार्ता सफल हुनुपर्ने उनैको तर्क छ । ■

## भएन कारबाही

**बाँदरमुढे** घटनामा संलग्न माओवादी कार्यकर्ता को थिए र उनीहरूलाई कस्तो कारबाही भयो यो माडीका पीडितलाई मात्र होइन, सबैका लागि चासोको विषय भएको छ । घटनाका बेला माओवादीको चितवन जिल्ला कार्यसमितिका सेक्रेटरी इन्द्रजित र इन्चार्ज घनानाथ दाहाल 'अविनाश' थिए । यी दुवैजना कारबाहीको भागिदार बनेनन् । दुवैको घर माडी नै हो । कारबाहीमा परेको भनेर अन्य चारजनाको नाम चर्चामा ल्याइयो ।

गण्डक क्षेत्र उपब्युरोका सदस्य गोर्खाका सुजन, माओवादी जिल्ला सदस्य तथा माडी इलाकामा कार्यरत अनकबहादुर मगर 'किसान' सहित साहस र सुजनलाई घटनाको जिम्मेवार भनी कारबाही गरेको माओवादीहरू अनौपचारिक रूपमा बताउँछन् । पीडितहरूले दोषीलाई आफ्नै अगाडि उभ्याउनु पर्ने माग गर्दै आएका छन् ।

माओवादीले कारबाही गऱ्यौं भनेका अनकबहादुर मगर 'किसान'लाई घटना भएको चार महिनापछि असोजमा चितवनको पहाडी क्षेत्र कविलासमा सेनाले पक्राउ गऱ्यो । त्यति बेला उनी मजदुर संगठनको अध्यक्ष बनेर पार्टीकै काममा खटेको खुलासा भयो । जसले गर्दा माओवादीले उनलाई कडा कारबाही नगरेको देखीयो । यति बेला उनी मगर मुक्ति मोर्चा चितवनको जिल्ला अध्यक्ष छन् । घटना भएपछि उप-ब्युरो सदस्य सुजन पार्टीको सम्पर्कमा छैनन् । घटनाको लागि सुजनले नै उक्साएको माओवादीहरूको आरोप छ । साहस विदेश पलायन भएको डेढ महिना बितेको छ ।


चुनवाङ बैठकपछि माओवादी सबै नेताहरूको एक तह घटुवा भएको थियो । त्यसपछि मात्र जिल्ला सेक्रेटरी इन्द्रजित दलित फाँटको संयोजक बने । इन्चार्ज अविनाश सेक्रेटरी भए । गोरखा र धादिङका इन्चार्ज श्यामले चितवन इन्चार्जको पनि जिम्मेवारी पाए । गत साउन ३ गते श्याम र अविनाशले बिदा पाएका छन् । युवा पंक्तिबाट शोभा कट्टेल 'प्रतिभा' सेक्रेटरी र सूर्य सुवेदी 'पथिक' इन्चार्ज भएर आएका छन् । अविनाश किसान केन्द्रीय कार्यालय सचिव भएका छन् ।

माडी घटना जस्तो निन्दनीय कार्यमा संग्लन भएकाहरूलाई उचित कारबाही नगरेको भनेर संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले पनि असन्तोष व्यक्त गरेको छ । असोज ९ गते कार्यालयले जारी गरेको प्रतिवेदनमा माडी घटनाका संलग्न भएकालाई कारबाही गरिएको भए पनि जिम्मेवारमध्ये केहीलाई दुई तीन महिनाको सुधारात्मक सजाएपछि छाडिएको कुरालाई पनि चिन्तासहित लिएको उल्लेख छ ।

■ **रमेशकुमार पौडेल**

**सरकारले जातीय छुवाछूतलाई हटाउनको लागि दलित र गैरदलितबीचको अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने नीति लिएको भए पनि स्थानीय प्रशासनले सरकारको नीतिविरोधी रवैया कायमै राखेका कारण अन्तरजातीय विवाह झनै दुरुत्साहित हुँदै गएका छन् ।**

# समस्या धेरै


जो जसलाई सम्बन्धित छ —

पर्वत धाइरिङ निवासी श्री चक्र ब. वि.क. को छोरा वर्ष २० का सोम ब. वि.क. र स्यै जिल्ला स्यै गा.वि.स. निवासी श्री ऋषिराम आचार्यकी छोरी वर्ष १५ की शोभा आचार्य यि दुवै केटाकेटी आफ्नो राजी खुसी साथ र तीन वर्ष सम्मको लामो प्रेम पछि २०६३।६।२३ का दिन माओवादी एरीया ७ को कमीटीको रोहरवरमा विवाह सम्पन्न भएको व्यहोरा सूचित गरिन्छ। अन्य अनियमित क्रियाकलाप गर्न खोजेमा त्यसको प्रतिरोध ने.क.पा. माओवादीले गर्ने छ।

पश्चिम कमाण्ड, पर्वत जिल्ला
७ नं. एरीया कमिटी सदस्य
दुर्गा

▲ माओवादीले दिएको विवाह प्रमाणपत्र

**माओवादीले** लिखितरुपमा विवाह गराएको पर्वत धाइरिङ-७ का सोमबहादुर विक स्थानीय गैरदलितहरूको दबाबका कारण प्रहरी हिरासतमा परेका छन् । धाइरिङकै शोभा आचार्यसँग तीन वर्षदेखि प्रेम सम्बन्ध राख्दै आएका सोमबहादुरको गत असोज २३ गते माओवादी ७ नम्बर एरिया कमिटी पर्वतले विवाह गराएको थियो । विवाह भएलगत्तै केटीका आफन्तहरूले दलित केटासँग विवाह गरेको स्वीकार गर्न नसकेर जिल्ला प्रहरी कार्यालय पर्वतमा जबरजस्ती करणीको झूटा मुद्दा दायर गरेका छन् ।

जिल्ला प्रहरी कार्यालयमा झूटा मुद्दा दायर भएपछि प्रहरी टोली केटाकेटी बसेको पर्वतकै मल्लाजमा पुगेको थियो, तर माओवादीले केटाकेटी आफ्नो पार्टीको जिम्मा भएको बताएपछि प्रहरी त्यहाँबाट फिर्ता भएको थियो । तर एक्कासि माओवादीले असोज २८ गते केटाकेटीलाई प्रहरीमा बुझाएपछि अहिले सोमबहादुरलाई जबरजस्ती करणीको अभियोगमा प्रहरी हिरासतमा राखिएको छ । सोधपुछका क्रममा केटाकेटी दुवैले आफूहरूको तीन वर्षसम्मको प्रेम सम्बन्धलाई विवाहमा परिणत गरेको बताउँदै राजीखुसी विवाह गरेको बताए पनि प्रहरीले दुवैलाई हिरासतमा राखेको थियो । तर केटी पक्षका आफन्तहरूले प्रहरी प्रशासनलाई दबाब दिएका कारण प्रहरीले शोभालाई अहिले माइतीको जिम्मा लगाएको छ । सोमबहादुरलाई भने जबरजस्ती करणीको मुद्दा अदालतमा दायर गरेको छ । केटाका दाजु डम्बर विक भन्छन्, 'मेरो भाइ र बुहारीले स्वतन्त्र प्रेम गरी विवाह गरेकोमा अहिले आफूलाई उपल्लो जाति ठान्ने केटी पक्षका आफन्तहरूले जातीय विभेदका कारण झूटा मुद्दामा फसाएका छन् ।'

माओवादीले आफ्नो प्रभाव क्षेत्रमा जातीय छुवाछूत पूर्णरुपमा हटिसकेको र कसैले पनि जातीय छुवाछूत गरेमा कडा कारबाही गर्ने बताउँदै आए पनि पर्वतको यो घटनामा माओवादीले देखाएको व्यवहारले वास्तविकता उदांगो भएको छ । आफैंले विवाह गराएर विवाहको स्वीकृति पत्र समेत दिएको माओवादीले झूटा मुद्दा लगाएर प्रहरी हिरासतमा मानसिक यातना सहँदा समेत मौन देखिएको छ । घटनाको चौतर्फी विरोध हुन थालेपछि भने माओवादीले छुट्टै अनुसन्धान गरिरहेको बताएको छ । माओवादीले आफ्नो पार्टीको रोहवरमा विवाह भएको भन्दै पत्रमा लेखेको छ, '..यी दुवै केटाकेटी आफ्नो राजीखुसीसाथ र तीन वर्षसम्मको लामो प्रेमपछि २०६३ साल असोज २३ गतेका दिन माओवादी एरिया ७ कमिटीको रोहवरमा विवाह सम्पन्न भएको व्यहोरा सूचित गरिन्छ । अन्य अनियमित क्रियाकलाप हुनखोजेमा त्यसको प्रतिरोध नेकपा माओवादीले गर्नेछ ।' तर प्रतिरोध गर्ने लिखित आश्वासन दिएको माओवादीले झूटा मुद्दामा प्रहरी हिरासतमा सोमबहादुर फस्दा समेत कुनै प्रतिक्रिया नदिएको दाजु डम्बरको गुनासो छ ।

संसद्ले छुवाछूतमुक्त मुलुक घोषण गरेपछिको पछिल्लो यो घटनाबारे राजनीतिक दल र नागरिक समाज समेत चुप देखिएका छन् । आत्मनिर्भर विकास मञ्च पर्वतका अध्यक्ष वीरबहादुर विक भन्छन्, 'नितान्त प्रेमविवाहलाई केही गैरदलितहरूले जातीय आधारमा बंग्याएर झूटा मुद्दा लगाउँदा समेत मानवअधिकारवादी र राजनीतिक दलहरू मौन रहेर जातीय छुवाछूतलाई मान्यता दिएका छन् ।' जातीय मुक्तिको नारा बोकाएर माओवादीले ठूलो संख्यामा दलितहरूलाई जनयुद्धमा लगाएको थियो । तर माओवादीका पछिल्ला कार्यशैलीले उनीहरूमा पनि जातीय विभेदको जन्जिर अझै कायमै रहेको पुष्टि गरेको दलित अधिकारवादीहरू बताउँछन् ।

प्रेम सम्बन्धपछि भएका विवाहका कारण दलितहरूले गाउँ निकालादेखि सामाजिक बहिस्कार जस्ता अमानवीय व्यवहार विगतमा भोग्दै आएका छन् । सामाजिक कुरीतिको जडताका कारण अन्तरजातीय प्रेमविवाह गरेका सहरुवा महोत्तरीका कृष्णकुमार पासवानलाई केटी पक्षका आफन्तहरूले कुटपिट गरेर उपचार गर्दागर्दै मृत्यु भएको थियो । हत्यापछि मुद्दा अदालतमा गए पनि अझैसम्म वास्तविक दोषीहरूले सजाय पाएका छैनन् । अन्तरजातीय विवाहकै कारण अधिकांश दलित केटाकेटीका जीवन बर्बाद भएका धेरै उदाहरण छन् । विवाह गरेर घरजम गरेकाहरूमा पनि विवाह दर्ता नगराउने लगायतका कानुनी प्रक्रिया पूरा नगर्ने समस्या कायमै छन् । गैरदलित केटासँग विवाह गरेका दलित युवतीहरू पतिले विवाह दर्ता गर्न नमानेका कारण दलित आयोगमा उजुरी बढ्न थालेको आयोगले बताएको छ । आयोगका अधिकृत रमेश सुनाम भन्छन्, 'अहिले पनि अन्तरजातीय विवाहमा देखिएका समस्या र सास्ती बोकेर दलित आयोगमा आउनेहरूको संख्या ठूलै छ ।' विवाह गर्ने तर विवाहको कानुनी औपचारिकता पूरा नगरेका कारण अंश लगायतका आफ्ना अधिकार लिन समेत दलित महिलाहरू कानुनीरुपमा असफल हुने गरेका छन् ।

अन्तरजातीय विवाहले जातीय संस्कृतिहरू समेत अन्तरघुलित हुने भए पनि जातीय पहिचान र संस्कृति भने विस्थापित हुने विज्ञहरू बताउँछन् । समाजशास्त्री कृष्णबहादुर भट्टचन भन्छन्, 'अन्तरजातीय विवाहलाई प्रभावकारी बनाउनको लागि अपराधीलाई दण्ड, चेतनास्तरमा वृद्धिसँगै दलित आन्दोलन समेत उठान गर्नुपर्छ ।' सरकारले जातीय छुवाछूतलाई हटाउनको लागि दलित र गैरदलितबीचको अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने नीति लिएको भए पनि स्थानीय प्रशासनले सरकारको नीतिविरोधी रवैया कायमै राखेका कारण अन्तरजातीय विवाह झनै दुरुत्साहित हुँदै गएका छन् ।

■ गोविन्द परियार/काठमाडौं

**सेनाले माओवादीविरुद्ध गत वर्ष फागुन १६ गते अर्घाखाँचीका पाँच गाविसमा गरेको स्थल र हवाई कारबाहीमा कति मारिए र कति क्षति भयो, कसैलाई पनि वास्तविक तथ्यांक थाहा छैन । तर घटनाको ८ महिनापछिसम्म पनि वनपाखा र खेतमा कंकाल र हतियारका अवशेष भेटिइरहँदा स्थानीय बासिन्दा भने त्रासदीपूर्ण जीवन बिताउन बाध्य छन् ।**


मृतकका बाबु जीवन काम नलागेको त्यस्तो निवेदन देखाउँदै



# वनपाखामा कंकाल र बम


सेनाका हेलिकोप्टरले आफ्ना बारीमा खसालेका अत्याधुनिक हतियार देखाउँदै स्थानीय महिला

तस्वीरहरू : दीपक ज्ञवाली

■ **दीपक ज्ञवाली/खिदिम, अर्घाखाँची**

**पोखराथोकका मानिसहरू** अचेल नजिकका जंगलहरूमा जाँदैनन् । घाँसदाउराका लागि उनीहरू नजिकको अमराईसम्म पनि जान छाडेको धेरै भयो । बेंसी जाँदा समेत उनीहरू त्यो बाटो हिँड्दैनन् । मनिसहरूको आवतजावत हुनै छाडेपछि आँपैआँपको ठूलो बगैंचासहितको अमराई बिरानो भएको छ । बेसी र घाँसदाउरा गर्नेहरूको आवतजावतले असाध्यै रमाइलो हुने त्यहाँ झाडी हुर्किएर डरलाग्दो बनेको छ ।

'एक दिन खोस्मेरा (पात-पतिंगर) खोज्दा मान्छेका हाडखोर मेरा हातमा आए', पोखराथोककी सरस्वती गौतमले बताइन्, 'त्यसपछि त त्यहाँ जानै डर लाग्छ । कोही जाँदैन ।'

ठिक त्यस्तै अवस्था छ ठेकाफोर, खिदिम, ठूला चौरा, रानी वन र छपाड खोलाहरूमा । मैदानका महेन्द्र गौतमले सुनाए, 'अलि अस्ति ठेकाफोरमा पुरिएको मान्छेको कंकाल भेटिएछ । विद्यार्थीले निकालेर बाटामा राखिदिएछन् । बाटो हिँड्नेहरू डराएर हैरान भएका थिए ।'

गत वर्ष फागुन १६ गते अर्घाखाँचीका पाँचवटा गाविस प्रत्यक्ष प्रभावित हुने गरी भीषण भिडन्त र हवाई आक्रमणहरू भएका थिए । माओवादीको सैन्य शक्ति केन्द्रित अर्घाखाँचीका पणेना, पटौटी, पोखराथोक, खिदिम लगायतका गाविसहरूमा भएका त्यस्ता भिडन्तहरूमा माओवादी र सेना दुवैतर्फ ठूलो क्षति भएको थियो । अन्धाधुन्द हवाई आक्रमणबाट सर्वसाधारणतर्फ समेत जनधनको ठूलो क्षति भएको थियो, तर अन्यत्र जस्तो ठूलो चर्चा भने पछिसम्म पनि भएन । आमसंचारमाध्यमको पहुँच नहुनाले पनि भिडन्तको क्षति र भयावह अवस्थाबारे त्यति बढी चासो भएन ।

ती भिडन्तका आठ महिनासम्म पनि स्थानीयवासी त्रसित बनिरहनुको कारण हो, त्यति बेला अव्यवस्थित रुपमा गाडिएका शवहरू र खेतबारीमा भेटिने विस्फोटक पदार्थहरू । माओवादीलाई लक्षित गरी हवाई हमलाहरूका क्रममा सेनाले खसालेका ती विस्फोटक पड्किसकेका हुन् वा विस्फोट हुन बाँकी नै छन् भन्ने कुरा स्थानीय बासिन्दालाई थाहा छैन । त्यसैले कतिपय गाउँलेहरू त ती विस्फोट हुने त्रासले खेतबारीमै निर्धक्क जान सकिरहेका छैनन् । त्यसमाथि भिडन्तको केही दिनपछि भेटिएको बम



सँगै बसेका बेला देख्दादेख्दै भाइ गुमाएका दाजु ठाकुर भाइको फोटो हेर्दै



आफ्नो घरमा लागेको गोली देखाउँदै स्थानीय बासिन्दा

विस्फोट हुँदा एकजनाको ज्यान गएपछि त स्थानीय बासिन्दा बढी नै त्रसित देखिन्छन् ।

मैदानका सावित्रा गौतमले आफ्नो बारीमा भेटाएको विस्फोटक वस्तु अचम्म र डरलाग्दो छ । सुरुमा बारीमा त्यस्तो वस्तु देख्दा डराएकी उनी त्यो वस्तु विस्फोट भइसकेको अनुमानमा घरमा ल्याउने दुस्साहस गरिन् । ठूलो र निकै गह्रौं उक्त वस्तु सेनाले हवाई आक्रमण गर्दा प्रयोग गरेको अत्याधुनिक हतियार भएको स्थानीय बासिन्दाको भनाइ छ ।

भिडन्तलाई नजिकबाट देखेका शिक्षक महेन्द्र गौतम त्यति बेलाको त्रास आफूले पढेको विश्वयुद्धसँग तुलना गर्दै भन्छन्, 'लगातार हवाई हमला, भुइँमा पनि जताततै विस्फोटै विस्फोट, खेतबारीमा बम खसिरहेका, गाईभैंसी समेत पल्टिरहेका । जताततै रुवाबासी र भागाभाग । मैले पढेको द्वितीय विश्वयुद्ध आफैंले भोगियो ।'

स्थानीय बासिन्दाहरूको भोगाइमा त्यति बेलाका घटना बिर्सिनसक्नु त्रासदीपूर्ण थिए । विशेष रणनीतिअन्तर्गत अर्घाखाँचीमा माओवादी सेना केन्द्रित भइरहेका बेला सेनासँग त्यस्ता भिडन्त भएका थिए । माओवादी सेना पाल्पा र अर्घाखाँचीमा प्रवेश गर्ने क्रममा फागुन १४ देखि १६ सम्म भएका ती भिडन्तहरूमा दुवैतर्फ अपर्झट क्षति भएको थियो । स्थानीय बासिन्दाले त्यति बेला थुप्रै क्षति भएको बताए पनि अहिलेसम्म त्यसलाई पुष्टि गर्न सकिएको छैन ।

माओवादीले उत्पादन गरेको प्रत्याक्रमण भिडियोमा सो घटनामा आफ्ना २२ जना योद्धा मारिएको जनाइएको छ । तीमध्ये तीनगिरे भिडन्तमा बटालियन कमिसार निसान, कमान्डर मण्डल सहित १६ र खिदिम हवाई आक्रमणमा परी ६ जना मारिएको त्यसमा उल्लेख छ । भिडियोमा तीनगिरेमा ३० तत्कालीन शाही सेना मारिएको पनि उल्लेख छ । त्यसअघि फागुन १४ गते अर्घाखाँची नजिक पाल्पाको सत्यवती धरमपानी इलाकामा भने माओवादीका लागि क्षति भएको थियो । अर्घाखाँची जाने क्रममा त्यहाँ पुगेको माओवादी सातौं डिभिजनको एजएमजी ग्रुप शाही सेनाको निसानामा परेको थियो । पोजिसन छक्याएर आएको सेनाको निसानामा परेपछि त्यहाँ आफूतर्फ क्षति भएको माओवादीले स्विकारेको छ । त्यहाँ माओवादीतर्फ आठजना र पाँच नेपाली सेना मारिएको माओवादीको भिडियोमा जनाइएको छ ।

सत्यवती भिडन्तको अर्को दिन सेनाले कोर्थोक दह, खुलौलेमा सेना उतारेको थियो । २ सय ४० को संख्यामा उत्रिएका सैनिकमध्ये अर्को दिन बिहान गस्तीमा गएको सुरुको १२ जनाको टोली पणेना तीनगिरे, कोप्चामा पूर्णरुपमा माओवादी घेरामा परी नासिएपछि आक्रामक भिडन्त सुरु भएको थियो । स्थानीय बासिन्दाको भनाइमा पछाडि जाँदै गरेको सेनाको अर्को टोली माओवादीमाथि खनिएको थियो । त्यसपछि बल्ल सेनाका चार हेलिकोप्टरहरू हवाई आक्रमणमा उत्रिएका थिए । माओवादी द्वन्द्व सुरु भएपछि एकै दिन एकै क्षेत्रमा चार चार हेलिकोप्टरको हवाई आक्रमण सम्भवतः पहिलोपटक थियो । जसले स्थानीय बासिन्दालाई भयानक युद्धको झल्को दियो । ती हेलिकोप्टरहरू माओवादीलाई लखेट्दै, बम खसाल्दै पणेनाबाट निकै टाढा मैदान, खुलौले, पटौटीसम्म पनि पुगेका थिए ।

ढाडमा टेकेर टाउकोमा हान्ने केन्द्रीय योजना गण्डकबाट कार्यान्वयन गर्ने माओवादी रणनीतिअन्तर्गत माओवादीका दुई डिभिजन अर्घाखाँचीमा केन्द्रित हुनै लाग्दा यस्ता भिडन्त भएका थिए । त्यहाँ त्यति बेला कमिसार सुरेश सिं र कमान्डर रश्मि रहेको जनमुक्ति सेना चौथो डिभिजन तथा कमिसार उद्धव र कमान्डर प्रज्वल रहेको सातौं डिभिजन थिए । ती भिडन्तहरूमा खासमा सुरेश सिंले नेतृत्व गरेका थिए ।

माओवादी गण्डक इन्चार्ज टोपबहादुर रायमाझी 'अनिल' त्यति बेला सेनाको जथाभावी हवाई हमलाले जनतामा निकै त्रासदी उत्पन्न भएको दाबा गर्छन् । माओवादीले आफ्ना सहकर्मीहरूका शव राम्ररी व्यवस्थापन नगरेकाले जंगलहरूमा कंकाल भेटिने गरेको आरोप लागिरहँदा अनिल प्रतिवाद गर्दै भन्छन्, 'हामीले त्यस्तो गर्ने प्रश्नै हुँदैन ।' उनले त्यति बेला आफ्ना सहकर्मीहरूका शव छाडेर नहिँडेको बताए । उनको भनाइ छ, बरु शाही सेनाले छाडेर गएका लासहरू होलान् ।

ढाडमा टेकेर टाउकोमा हान्ने केन्द्रीय योजनाका क्रममा अर्घाखाँचीमा भएका यी भिडन्तपछि माओवादीको रणनीतिमा के मोड आयो ? त्यो बुझ्न गाह्रो छ । किनभने त्यसयता बुटवल र तौलिहवा आक्रमणबाहेक अरू ठूला आक्रमण भएनन् । तीमध्ये बुटवल आक्रमणको पूर्व सूचना पाएपछि सेना एन्टी प्लापानमा रहेको ठान्दै सुरुको दिन चैत २१ गते माओवादी लडाकु अन्तिम समयमा लडाइँको मोर्चाबाट फिर्ता भएका थिए । उनीहरूले फेरि योजना बनाएर चैत २५ गते बुटवल र तौलिहवा एकैपटक आक्रमण गरेका थिए ।

अर्घाखाँचीका भिडन्तपछि माओवादीको रणनीतिमा के मोड आयो त ? गण्डक इन्चार्ज रायमाझी भन्छन्, 'त्यसपछि तौलिहवा र बुटवल आक्रमण बाहेक अन्य आक्रमण गर्ने समय भएन । जनआन्दोलनमा लाग्दा संसदीय दलहरूलाई अप्ठ्यारो पर्ने भएकोले पनि आक्रमण भएन ।'

त्यसयता राष्ट्रिय राजनीतिको मोड नयाँ दिशामा गएको छ । शान्ति वार्ताको गति अघि बढिरहेको छ, युद्ध रोकिएको छ । तर गाउँठाउँमा द्वन्द्वले छाडेर गएका घाउ चहराउन छाडेका छैनन् । अर्घाखाँचीका गाउँ र वनपाखा त्यसका उदाहरण हुन् । भिडन्तमा आफ्ना निर्दोष छोरा गुमाएका मैदानका जीवन गौतम भन्छन्, 'वार्तामा बसेकाहरूले द्वन्द्वका सिकार भएकाहरूलाई सम्झेर वार्ता सफल बनाउन लागून् ।'

उनको कामना छ, 'यस्ता घटना अब इतिहास मात्र बनून्, फेरि नदोहोरियून् ।' ■

## मिलेन क्षतिपूर्ति

रोएरै बिते दसैंतिहार । ओभाएका छैनन् अझै आँखा । अब पनि मन बुझाउने कुनै माध्ययम छैन । सुरुमा सान्त्वना दिनेहरू पनि क्रमशः देखिन छाडेका छन् ।

अर्घाखाँची खिदिम मैदानका जीवन गौतमको घरमा ठ्याक्कै यस्तै अवस्था छ अहिले । सेनाद्वारा मारिएका उनका निर्दोष छोरा पवनको सम्झनाले उनी बेला बेला विक्षिप्त बन्छन् । फागुन १६ गतेको भिडन्तका क्रममा सेनाको हवाई आक्रमणबाट उनका छोरा पवन मारिएका थिए र परिवारका अन्य चार सदस्य घाइते भएका थिए । पवन पोखराथोकस्थित हरिहर संस्कृत तथा साधारण उच्च माविमा कक्षा आठमा अध्ययनरत थिए । उनी स्कुलबाट फर्किंदै गर्दा सेनाको हवाई आक्रमणमा परेका थिए ।

बाबु जीवन क्षतिपूर्तिका लागि हात थाप्न दर्जनौं पटक कयौं ठाउँमा गइसकेका छन्, तर अझसम्म राहत र क्षतिपूर्ति पाउन सकेका छैनन् । उनले बताए, 'सबैले टिप्दै लैजाँदै गर्छन्, तर क्षतिपूर्ति कसैले दिएको छैन ।' घटनाको लगत्तै प्रमुख जिल्ला अधिकारी, संघसंस्था, सुरक्षाकर्मी, माओवादी सबैले क्षतिपूर्ति उपलब्ध गराउने आश्वासन दिएका थिए ।

उनले गुनासो गरे, 'सिडिओले भनेको पनि भएन, धाउँदा धाउँदा हैरान भयो । माओवादीले पनि केही गरेनन् ।'

घटनाको लगत्तै सेनाले आफ्नै हवाई आक्रमणबाट पवन मारिएको स्विकारेको थियो । उसले आक्रमण गरेकै हेलिकोप्टरमा राखेर घाइते र पवनको शवलाई भैरहवासम्म पुऱ्याएको पनि थियो । पहिले आफ्नै आक्रमणमा पवनको मृत्यु भएको स्विकारेको सेनाले भैरहवाको भीम अस्पतालमा पोस्टमार्टम गर्दा भने माओवादीको गोली लागी पवन मरेको कागज गराएका थिए । बाबु जीवनले रहस्य खोले, 'क्षतिपूर्ति पाउनु त कता हो कता, यस्तो जालझेलसम्म पनि गरियो ।'

खिदिमवरपर जताततै भीषण भिडन्तहरू भइरहँदा स्कुलमा रहेका पवन भिडन्त रोकिएको ठानी आफ्ना सोह्रजना साथीहरूसँगै घरतर्फ लागेका थिए । तर घर नपुग्दै पणेनमा फेरि भिडन्त बढ्यो । घरनजिकै पुगेर मैदानस्थित पिपलको बोट छेउ पसलको बेन्चमा बसेर पणेनातर्फ भिडन्त नियालिरहेकै बेला सेनाको बम खसेको थियो । बम लागेर पवन तत्कालै मारिएका थिए । उनकै दाजु ठाकुर, हरि, दिदी भूमिका मरासिनी, तीन वर्षीय भान्जा पुष्कर र नौ महिनाकी भान्जी पुष्पा घाइते भएका थिए । घाइतेमध्ये नौ महिनाकी नातिनी पुष्पा मरासिनीलाई अझै निको भएको छैन ।

'हामी सँगै बेन्चमा बसेका थियौं । एक्कासि माथिबाट बम खस्यो, भाइको टाउकोमा लाग्यो, उछिट्टिएर टाढा पुग्यो । अलि बेरसम्म हातखुट्टा चल्दै थिए, हेर्दाहेर्दै क्षतविक्षत शरीर चल्न छाड्यो', मृतकका घाइते दाइ ठाकुरले त्यस दिनको घटना सम्झिँदै बताए ।

■ **दीपक ज्ञवाली/खिदिम, अर्घाखाँची**

■ नरेन्द्र केसी/दाङ (तस्बिर पनि)

# काल निम्त्याउने खेल



▲ दुर्घटनामा क्षतविक्षत गाडी

**सशस्त्र द्वन्द्वका** कारण सबैभन्दा धेरै नागरिक गुमाएको राप्ती अञ्चल फेरि एकपटक गहिरो शोकमा डुबेको छ। तर यो गैरजिम्मेवार राज्य, लोभी यातायात व्यवसायी, अप्ठ्यारो बाटो र थोत्रा साधनबाट निम्त्याइएको कालबाट सिर्जना भएको शोक हो। सल्यानको बांगेलाकुरीबाट दाङ तुलसीपुरतर्फ आउँदै गरेको रा १ ख १८५ नम्बरको यात्रुवाहक बस कात्तिक ११ गते बिहान सल्यानको त्रिवेणी-७ मा दुर्घटनाग्रस्त हुँदा चालकसहित ४२ जनाको मृत्यु भएपछि थोपरिएको यो शोक झन् बढ्दै गइरहेको छ।

त्यसमाथि दुर्घटनामा घाइते भएर बाँकेका अस्पतालहरूमा मृत्युसँग लडिरहेको घाइतेहरूले उचित उपचार पाउन नसक्नुले झनै पीडा थपेको छ। उपचारका लागि आवश्यक औषधी र खानबस्नका लागि आवश्यक पैसा र हेरचाहका लागि आफन्त नहुँदा घाइतेहरूलाई समस्या परेको छ। उपचारका लागि बाँके कोहलपुरस्थित शिक्षण अस्पतालमा भर्ना गरिएका ४६ घाइतेमध्ये करिब २४ विरामीको हातखुट्टा भाँचिएको र तीनजनाको टाउकोमा गम्भीर चोट लागेकाले उनीहरूलाई अस्पतालमै भर्ना गरी उपचार गर्नुपर्ने अस्पतालका निर्देशक डा. जितेन्द्र महासेठ बताउँछन्। उनका अनुसार घाइतेहरूलाई दुई सातादेखि एक महिनासम्म अस्पतालमै भर्ना गर्नुपर्ने भएकाले एकजना घाइतेको उपचारमा १० देखि ३० हजार रुपैयाँसम्म खर्च हुन्छ। हालसम्म उपचारका लागि सरकार तथा अन्य कुनै संघसंस्थाले सहयोग नगरेको गुनासो घाइतेहरूको छ। त्यसो त विगतमा भएका दुर्घटनाका घाइतेहरूको उपचारबापतको ६ लाख रुपैयाँ अहिलेसम्म राप्ती अञ्चल यातायात व्यवसायी समितिले अस्पताललाई नबुझाएकाले यसपटक पनि रकम पाउने कुरामा अस्पतालले आशंका व्यक्त गरेको छ।

दुर्घटनाका मृतकहरूमा १९ जना रुकुमका, बाह्रजना दाङ र आठजना सल्यानका छन् भने घाइते हुनेहरूमा पनि अधिकांश रुकुम र सल्यानका छन्। मृतकहरूमा व्यापारी, विदेश जान हिँडेका, विद्यार्थी र अधिकांश तिहारमा माइतीघरबाट फर्केका महिला तथा केटाकेटी रहेका छन्। दुई महिलाको सनाखत हुन कठिनाइ भइरहेको छ भने एक बालिका बेवारिसे अवस्था फेला परेकी छन्।

यो भयानक र कहालीलाग्दो दुर्घटना कसरी भयो त ? दुर्घटनाग्रस्त गाडीका खलासी जीवन नेपालीका अनुसार अप्ठ्यारो बाटो र बिग्रेको गाडीमा क्षमताभन्दा बढी यात्रुहरू राखेका कारण दुर्घटना भएको हो। खलासी नेपालीका अनुसार कात्तिक ८ गते तुलसीपुरबाट बांगेलाकुरी हिँडेको बस सोही दिन सल्यानको धनवाङ चोरखोलामा ब्रेक फेल भएको थियो। सो दिन भित्तामा ठोकाएर बस दुर्घटनाबाट बचाइएको थियो। त्यसो त तिहारको बेला धेरै कमाउने लोभले चेकजाँचविना नै गाडी दुई ट्रिप चलाइएको खलासी नेपाली स्वीकार गर्छन्। त्यो दिन पनि भाटाखोलाको उकालोमा तान्न नसकेर बस पछाडि गुड्न थालेको थियो, सोहीक्रममा पुनः ब्रेक फेल भएपछि गाडी दुर्घटनामा परेको खलासीको भनाइ छ।

## राप्ती अञ्चलमा भएका दुर्घटनाहरूढेै सात वर्षमा राप्ती अञ्चलमा भएका ठूला दुर्घटनाहरू

| मिति | स्थान | मृत्यु | घाइते |
|---|---|---|---|
| २०५६ वैशाख २७ | सल्यान, धनवाङ आगरखोला | ३३ | ३२ |
| २०५६ जेठ १४ | दाङ, कमिरेखोला | १० | ३ |
| २०५७ कात्तिक १७ | प्युठान, तिराम | १८ | २४ |
| २०५८ असोज २२ | दाङ, लक्ष्मीपुर | ११ | ३६ |
| २०५९ साउन ३१ | दाङ, सर्रा | ७ | ३ |
| २०६१ भदौ | दाङ, भमके | ४ | ११ |
| २०६१ पुस १९ | प्यूठान, मान्द्रे | ८ | १५ |
| २०६१ माघ ८ | प्यूठान, गर्जेनी | ४१ | १२ |
| २०६२ मंसिर १५ | प्यूठान, खाल | १६ | १९ |
| २०६३ कात्तिक ११ | सल्यान, लुहाम | ४२ | ४५ |
| **जम्मा** | | १९० | २०० |

यो राप्ती अञ्चलमा भएको अहिलेसम्मको सबैभन्दा ठूलो दुर्घटना हो, तर यो नै पहिलो भने होइन। विगत साढे सात वर्षको अवधिलाई फर्केर हेर्ने हो भने राप्ती अञ्चलमा सडक दुर्घटनाबाट ३ सय २९ जनाले ज्यान गुमाइसकेका छन् भने ७ सय १७ जना घाइते भएका छन्। ४१ जनाको मृत्यु भएको २०६१ माघ ८ गते प्यूठानको गर्जेनीमा भएको जन्ती बस दुर्घटनामा, ३३ जनाको मृत्यु भएको २०५६ वैशाख २७ गतेको सल्यान धनवाङ आगरखोलाको दुर्घटना, १६ जना तीर्थ यात्रु मारिएका २०६१ सालको प्यूठानको दुर्घटना राप्तीका भयानक दुर्घटनाहरू हुन्।

नागरिक समाज दाङका सचिव भरत दाहाल भन्छन्, 'सडक दुर्घटनाका प्राविधिक कारण जे देखाइए पनि कानुन र यातायात नियमको खिल्ली उडाउँदै प्रशासन र गाडीमालिकहरूको मिलिभगतमा म्याद गुज्रेका गाडीहरू विकट पहाडी बाटाहरूमा सञ्चालन गर्नु, पटक-पटक दुर्घटनामा परेको तथा ब्रेक र स्टेयरिङजस्ता पुर्जाहरू राम्रो अवस्थामा नभएको जान्दाजान्दै गाडी सञ्चालन गर्नु, पिच सडकमा धकेलेर स्टार्ट गरिँदै आएको गाडीभित्र पहाडी बाटोमा ७ दर्जन मानिस लाद्नुजस्ता क्रियाकलापले के देखाउँछन् भने यी बस दुर्घटना यातायातकर्मी र प्रशासनको निकृष्ट स्वार्थ र नागरिकहरूप्रतिको गैरजिम्मेवार प्रवृत्ति नै दुर्घटनाको मूल कारण हो।'

सवारीसाधनको अत्यन्त अभाव भएको यो क्षेत्रमा सवारी दुर्घटनाको अर्को प्रमुख कारण यातायात क्षेत्रमा गैरकानुनीरुपमा लादिएको सिन्डिकेट प्रथा हो। यो प्रथाले राम्रा गाडीहरू छानेर यात्रा गर्न पाउनुपर्ने नागरिक अधिकारमाथि अवरोध मात्र खडा गरेको छैन कि यातायात समितिले अनुमति दिएको जतिसुकै खतरनाक गाडीमा भए पनि यात्रा गर्नैपर्ने र त्यसको विकल्प रोज्न नपाइने बाध्यता यात्रुहरूमाथि थोपरेको छ।

दाहाल भन्छन्, 'जब गाडीहरू थोत्रा हुन्छन्, तब त्यस्ता गाडीहरू दुर्गम र विकटमा बस्ने गरिब जनताको बीचमा लगिन्छ। धन कमाउने अन्धो बाटोमा हिँडेको अपराधीवर्गले गाउँका नागरिकहरूलाई पशु ठान्छ र तिनीहरूको ज्यानलाई पैसाभन्दा सस्तो ठान्छन्।' ■

# शान्ति प्रक्रियापूर्वको अभ्यास

■ निकोलस होवेन
महासचिव, इन्टरनेशनल कमिशन अफ जुरिस्टस्

सन् २००४–०५ मा म चारपल्ट नेपाल आएँ। झन्डै एक वर्ष नेपाल आउँदा म अत्यन्त हर्षित छु, यहाँको जनआन्दोलनको सफलताका कारण। यो एउटा महान् परिवर्तन हो र यसले धेरै आशा जगाएको छ। तर हाम्रा सामु एउटा खुला प्रश्न र चुनौती छ - युद्धविरामलाई सत्ताका लागि संकीर्ण मोलतोलबाट बचाएर कसरी दीर्घकालीन शान्तिमा परिणत गर्ने ? त्यसका लागि पारदर्शी शैलीमा राष्ट्रव्यापी वहस आवश्यक सर्त हो। द्वन्द्वमा अन्तरनिहित कारकलाई सम्बोधन गर्न र नेपालीहरू कस्तो सरकार चाहन्छन् भविष्यमा ? यसमा वहस हुनुपर्छ। मेरो विचारमा यहाँ अझ शान्ति प्रक्रियाको आरम्भ नै भएको छैन। यो त खाली वार्तासम्बन्धी छलफल र अझै भनौं भने शान्ति प्रक्रियापूर्वको अभ्यास हो।


दिगो र दीर्घकालीन प्रक्रियामा मानवअधिकारको भूमिमा अपरिहार्य हुन्छ। मैले अंगोला, बोस्निया, रुवान्डा र श्रीलंका लगायत विश्वका विभिन्न भागमा युद्ध र शान्ति अभ्यास देखेको छु। आखिर मानवअधिकार र शान्ति प्रक्रियामा अतीतबाट सिक्दै भविष्य सुनिश्चित गर्ने अभ्यास हुन्। अतीतबाट सिक्ने, वर्तमानमा एक-अर्कामा विश्वासको वातावरण बनाउने र सुनिश्चित भविष्य निर्माण गर्ने ध्येय हुनुपर्छ यो अभ्यासको। अतीतले भविष्यलाई नबिथोलोस् भनी सुनिश्चित गर्न पनि अतीतका गल्तीहरू दोहोरिनु हुन्न। मानवअधिकार सम्झौता त्यसको सुनिश्चितता हो।

नेपालका सन्दर्भमा यो अझ बढी महत्त्व राख्छ। कतिपय नेपाली मित्रहरूले मलाई भन्ने गर्छन् - जातीय भेदभाव र प्रजातन्त्रका कमी कमजोरीले गर्दा कयौं व्यक्तिहरू सहभागिताबाट वञ्चित हुँदै आएका छन्। पहाड र मधेसबीच, सहर र गाउँबीच, क्षेत्र क्षेत्रका बीच, अनि व्यक्ति व्यक्ति र विभिन्न समूहबीचको अन्तरले सहभागिता एकतर्फी प्रक्रिया बनेको छ। द्वन्द्वका यी जराहरूलाई सम्बोधन गर्न मानवअधिकारलाई आदर गरिनुपर्छ। मानवअधिकार यी विभेदहरूको अन्तरलाई स्वीकार गर्दैन र मानवअधिकार सम्झौता त्यसका लागि आवश्यक संयन्त्र हो।

### किन आवश्यक छ त यस्तो सम्झौता ?

कुनै पनि शान्ति प्रक्रिया सहज हुँदैन। बन्दुकको आवाज बन्द हुनु पर्याप्त मानिँदैन। युद्धमा फर्किने भयपूर्ण सम्भावनाहरू रही नै रहन्छन्। त्यसैले शान्ति प्रक्रियालाई स्थिरता दिनु र त्यसमा संलग्नहरूको व्यवहारमा स्तरीयता निर्धारण गरिनु पर्छ। शान्ति सम्झौतामा संलग्नहरूको आचरणलाई नियमित गर्न सहायक हुन्छ। मानवअधिकार उल्लंघनको अन्त्य हुनु आवश्यक छ। माओवादीहरूद्वारा अपहरण जस्ता गतिविधिहरू जारी राख्दा शान्ति प्रक्रियालाई त्यसले अस्थिर तुल्याउँछ।

कुनै पनि शान्ति प्रक्रिया सहज हुँदैन। बन्दुकको आवाज बन्द हुनु पर्याप्त मानिँदैन। युद्धमा फर्किने भयपूर्ण सम्भावनाहरू रही नै रहन्छन्। त्यसैले शान्ति प्रक्रियालाई स्थिरता दिनु र त्यसमा संलग्नहरूको व्यवहारमा स्तरीयता निर्धारण गरिनु पर्छ।



भास्वर ओझा

अझ सिलसिलाबद्धरुपमा भन्दा निम्न कारणहरूले मानवअधिकार सम्झौता अपरिहार्य छ :

पहिलो, यो सहमति मानवअधिकारमा आधारित भावी नेपालको आधारशिला वा प्रतिबद्धता हुनेछ। यसको अनुगमनमा मानवअधिकार आयोग जस्ता राज्य संयन्त्र, दुई पक्षबाट निर्मित अनुगमन समिति, नागरिक समाज र राष्ट्रसंघद्वारा हुनुपर्छ जसले शान्ति प्रक्रियालाई स्थिरता दिनेछ।

दोस्रो, अतीतमा भएका मानवअधिकार उल्लंघनलाई पनि सम्बोधन गरिनैपर्छ। दण्डहीनताको संस्कृतिलाई रोक्न ठूला अपराध गर्नेहरूमाथि कारबाही हुनैपर्छ। उल्लंघनका कारणहरू केलाइनुपर्छ। यदि दोषीलाई दण्ड नदिइएमा भविष्यमा ती अपराधहरू दोहोरिनै रहनेछन् र अपराधकर्ताहरू ती अपराध गर्न प्रोत्साहित हुनेछन्।

मानवीय अनुभूति र स्वभावलाई बेवास्ता गर्न सकिँदैन। आफूले भोगेका यातनाको छाप रहिरहन्छ स्मृतिमा। त्यस्तो यातना दिने अपराधीलाई दण्ड नदिइएसम्म मेलमिलाप त्यति सहज हुँदैन। सत्य उद्घाटित भएमा र यातना दिनेविरुद्ध न्याय हुँदा यातना भोग्नेले पीडितका रुपमा आफूलाई समाज र मुलुकले 'मान्यता' दिएको मान्नेछ।

तेस्रो, उल्लंघनकर्ताले सजाय नपाएको अवस्थामा राज्य र राज्यका कानुन लागू गर्ने संयन्त्रहरू सेना, प्रहरी, सशस्त्र पुलिसका साथै न्यायपालिकाप्रति जनविश्वास कायम हुन गाह्रो हुन्छ।

चौथो : नेपालको कानुन र अन्तर्राष्ट्रिय मञ्चमा उसका प्रतिबद्धताका कारण मानवअधिकार उल्लंघनका पीडितहरूलाई न्याय दिन सरकार बाध्य छ।

पाँचौं : अनेक अनुभवका आधारमा म के निष्कर्षमा पुगेको छु भने मानवअधिकार उल्लंघनसम्बन्धी विवरण सार्वजनिक नभएमा अतीतका घटना र शैली दोहोरिनै रहनेछन् भविष्यमा। विभिन्न समूहले आफूखुसी त्यस्ता घटनाहरूलाई आफ्नो हितमा बाधा नहुने गरी वर्णन गर्नेछन्। यस्ता घटनाले विवरण तथ्यमा आधारित र वस्तुनिष्ठ ढंगले आउनुपर्छ।

अतीतलाई कसरी सम्बोधन गर्ने ? त्यसका ३ तरिका हुन सक्छन्, यद्यपि यसबारे नेपालीहरूले स्वयं नै छलफल गर्नु आवश्यक छ। यो तरिका पत्ता लगाउन पीडित पक्ष, सम्मानित व्यक्तित्व, राजनीतिक दलहरू यसमा लाग्नुपर्ने हो, तर नेपालमा यो अभ्यास सुरु भएको मैले देखेको छैन। यद्यपि, अघि मैले भनेका तीनवटा तरिका सान्दर्भिक हुन्छन् नेपालमा पनि।

**१. न्याय र जवाफदेहिताः** दुवैतर्फबाट भएका मानवअधिकार उल्लंघन, अपराध, बेपत्ता पार्ने काम, यातना र गैरन्यायिक हत्याको छानबिन हुनुपर्छ। पर्याप्त प्रमाण फेला परेमा खुला गैरन्यायिक अदालतमा 'ट्रायल'पछि अपराधको गम्भीरता बोध हुने गरी दण्ड निर्धारित हुनुपर्छ। अतीतका अपराधलाई गुन्द्रीभित्र लुकाउनु हुँदैन। हो कसैले भन्लान् यसले शान्ति प्रक्रिया टुट्न सक्छ किनकि उल्लंघनकर्ताहरू नै शान्ति प्रक्रियामा संलग्न छन्।

त्यसलाई सम्बोधन गर्ने अनेक तरिका छन्।

**म अहिले मानवअधिकारलाई कसरी शान्ति प्रक्रियामा स्थान दिन सकिन्छ, त्यसका सम्भाव्यता अध्ययन गर्न म नेपाल आएको हुँ।**



कुनै अपराधको छानबिन तत्काल हुन सक्छ र केहीको पछि। सत्य र न्यायका बीच अनेक प्रक्रिया अपनाउन सकिन्छ। दक्षिण अफ्रिकामा ती व्यक्तिहरू जसले आफ्नो अपराध कबुल गरे, अपराधको विवरण सार्वजनिक गरे, उनीहरूलाई दण्डको भागीदार बन्नु परेन। केही मानसिकता, गम्भीर प्रकृतिका अपराध छोडेर माफी दिइयो। तर शान्ति प्रक्रियासँग जोडिएको अर्को पक्ष- दण्डहीनताको संस्कृतिलाई समाप्त गर्ने काम पनि हाम्रै हो।

**२. सत्योद्घाटन :** मैले पहिले नै भने भविष्यको यात्राका लागि अतीतको समझ र अतीतका गल्तीहरूबारे जानकारी हुनु आवश्यक छ। कुन समयदेखिका गल्तीहरूबारे छानबिन गर्ने, सत्योद्घाटन गर्ने ? २०४६ को बहुदल व्यवस्थायता ? वा २०५२ सालमा माओवादी विद्रोह सुरु भएदेखि ? वा कुनै अर्को ठूलो अवधि ? त्यसका लागि गाउँ, जिल्ला, क्षेत्र र राष्ट्रियस्तरमा कस्तो छानबिन र सुनुवाइ प्रक्रिया अपनाइनुपर्छ, शान्ति प्रक्रियाको कुन चरणमा यो काम गर्ने ? यो सामूहिक समझदारीबाट निर्धारित गरिनुपर्छ। तर यो प्रक्रियाका केही अनिवार्य सर्तहरू छन्। यसमा अत्यन्त सम्मानित, स्वतन्त्र र निष्पक्ष व्यक्तिहरू हुनुपर्छ। यो पारदर्शी र सार्वजनिक सुनुवाइका आधारमा संचालित हुनुपर्छ। यसमा सरकार वा कुनै दलको नियन्त्रण हुनु हुँदैन। यसको समयावधि निर्धारण गरिनुपर्छ। यसमा विभिन्न जाति तथा राष्ट्रका विविध क्षेत्रको (भौगोलिक र व्यवसायिक) प्रतिनिधित्व हुनुपर्छ। र, यसले अतीतका गल्तीहरू कसरी नदोहोऱ्याउने भन्नेबारेमा विस्तृत सिफारिस गर्नुपर्छ।

**३. क्षतिपूर्ति :** मानवअधिकार उल्लंघनबाट पीडित व्यक्ति वा पक्षलाई क्षतिपूर्ति दिइनुपर्छ। आर्थिक क्षतिपूर्ति, (जो साँचो अर्थमा क्षतिपूर्ति हुन सक्तैन) एउटा तरिका हो। त्यसमा राज्य टाट पल्टिने अवस्था पनि आउन सक्छ। क्षतिपूर्तिको अर्को तरिका पीडितसँग क्षमायाचना हो। त्यस्तै पीडालाई स्वीकार गर्दै र पीडितलाई सम्मान गर्दै स्मारक बनाइनु अर्को तरिका हुन सक्छ।

तर त्योसँगै भविष्यमा त्यसको पुनरावृत्ति हुन नदिन बृहत् नीतिको पनि आवश्यकता हुन्छ। यसका लागि पनि सार्वजनिक बहस एउटा उपयुक्त माध्यम हो र यसका लागि संस्थागत र संयन्त्रात्मक तथा कानुनमा सुधार आवश्यक छ।

स्पष्टरूपमा, नेपालमा सेना, सशस्त्र प्रहरी र जनपद प्रहरीमा व्यापक सुधारको खाँचो छ। त्यसका लागि खरो छानबिन हुनुपर्छ, उनीहरूको अतीतको भूमिका। तर त्यो स्पष्ट र उचित प्रक्रियामा आधारित त हुनै पर्छ, बदलाको भावना र संयन्त्रहरूलाई राजनीतिकरण गर्ने उद्देश्य त्यसमा निहित हुनु हुँदैन। हालैको सैनिक कानुनलाई एउटा उदाहरणका रुपमा लिन सकिन्छ। प्रारूपभन्दा कानुनमा धेरै सुधार देखिन्छ। त्यस्तै बेपत्ता पार्न तथा यातनामा प्रतिबन्ध लगाउने कानुनको पनि आवश्यकता छ यहाँ।

तर त्यसमा केही सावधानी पनि आवश्यक छ। न्यायपालिकामा सुधारका नाममा न्यायाधीशहरूको पुनर्नियुक्तिबारे चर्चा भइरहेको छ। न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतालाई अक्षुण्ण राख्दै बचाउ गरिनुपर्छ। नेपाल लगायत दक्षिणएसियाका मुलुकहरूमा स्वतन्त्र र निष्पक्ष न्यायपालिकाको परम्परा छ निकै हदसम्म। त्यसमा व्यवधान पुऱ्याइनु हुँदैन। यदि पुनर्नियुक्ति आवश्यक छ भने त्यो केवल एकदमै स्पष्ट र भ्रष्टाचारका वस्तुनिष्ठ प्रमाणका आधारमा मात्र गरिनुपर्छ। राजनीतिक दलहरूले आफूहरूप्रति वफादार नभएको मान्यताकै आधारमा न्यायाधीशहरूलाई प्रजातन्त्रप्रति वफादार नभएको ठहर गरी पुनर्नियुक्ति नगर्ने खतरनाक परम्परा बसाल्नु हुँदैन।

मेरो त्यस्तै अर्को अपेक्षा छ- प्रस्तावित राष्ट्रिय मानवअधिकार आयोगका ११ सदस्यहरू विभिन्न राजनीतिक पक्षमा विभाजित भएका नहोऊन्। योग्य र स्वतन्त्र व्यक्तिहरू छनोट हुने अपेक्षा मैले गरेको छु।

र अन्तमा, म अहिले मानवअधिकारलाई कसरी शान्ति प्रक्रियामा स्थान दिन सकिन्छ, त्यसका सम्भाव्यता अध्ययन गर्न म आएको हुँ, नेपाल। म शान्ति प्रक्रियाका लागि मानवअधिकार परामर्शदाताहरू नियुक्त गर्न सम्बन्धित पक्षहरूसँग आग्रह गर्न चाहन्छु। र, अर्को यातनाका सिकार तथा पीडितहरूको सुनुवाइ र संलग्नताका लागि एउटा 'मञ्च' (फोरम) बनोस्।

अन्तर्राष्ट्रिय कानुनवेत्ताहरूको आयोग- आइसिजे नेपालमा दीर्घकालीन र दिगो शान्तिको पक्षमा छ। र, अक्सर हामीले द्वन्द्वको कुनै पनि पक्षले सुन्न नरुचाउने कुराहरू भन्नु पनि पर्ने हुन्छ। तर त्यो मेरो काम हो। अन्यत्रका पाठ र अनुभव यहाँ उपयोगी हुनेछन्- म आशावादी छु।

**(युवराज घिमिरेसँगको कुराकानीमा आधारित)**

विभिन्न मुलुकका ७७ वटा द्वन्द्व समाधानमा सकारात्मक भूमिका खेल्दै आएका प्राध्यापक डा. जोन गाल्टुङ नेपालको सन्दर्भमा माओवादी हतियार र सेनामा केन्द्रित भएर शान्ति वार्ता अघि बढेको कुरामा सन्तुष्ट देखिँदैनन्। राजनीतिक मुद्दाहरू सम्बोधन नभए हिंसा भड्किन सक्ने अन्तर्राष्ट्रिय अनुभव सुनाउँदै गाल्टुङ भन्छन्, 'हतियार शान्ति प्रक्रियाको एउटा पक्ष मात्र हो, त्यसमा मात्र केन्द्रित हुनुहुँदैन।' ७६ वर्षीय नर्वेजियाली प्राज्ञका १३० भन्दा बढी पुस्तक र हजारौं लेख रचनाहरू प्रकाशित छन्, थुप्रै सम्मानबाट सम्मानित छन्। हालैको नेपाल भ्रमणका क्रममा *समय*का लागि विश्वमणि पोखरेलले गाल्टुङसँग गरेको कुराकानीः


**तपाईंले विश्वका धेरै देशको द्वन्द्व समाधानको अनुभव गर्नुभएको छ। नेपालको सन्दर्भमा शान्ति भनेको के हो र यसको प्राप्ति गर्ने निश्चित तरिका के हुन् ?**

शान्ति प्राप्त गर्नु भनेको द्वन्द्वको स्थायी समाधान हो। द्वन्द्व व्यवस्थापन गर्न निश्चित संस्थाहरू हुनुपर्छ र शान्ति प्राप्तिका लागि वार्ता गर्ने स्पिरिट पनि हुनुपर्छ। वार्ता सबैभन्दा महत्त्वपूर्ण र अत्यावश्यक पक्ष हो। वार्ता गर्दा अर्को पक्षसँग पनि मान्य बुँदाहरू हुनसक्छन् भनेर आत्मसात गर्नुपर्छ। जब हामी वार्तामा प्रवेश गर्छौं, मेरो अनुभव के छ भने त्यहाँ नयाँ विचार आउँछन्। जुन विचार त्यसअघि कहिल्यै नआएका हुनसक्छन् र तिनले साँच्चिकै शान्तिको ढोका खोल्न सक्छ, तर वार्ता गर्ने भनेर धेरै विवाद गर्न हुँदैन, विवादमा अल्झनु हुँदैन। वार्ता र विवादमा भिन्नता छन्। विवाद गर्न थाल्यो भने एक पक्षको भनाइ अर्को पक्षलाई अस्वीकार्य हुन सक्छ। खुला दिमाग राखेर वार्ता गर। म सधैं नयाँ नयाँ उपायको खोजी गर भन्छु। मेरो अनुभवले यही भन्छ, वार्ता गर विवाद नगर।

**नेपालमा अहिले भइरहेको शान्ति वार्तालाई के भन्न सकिन्छ ?**

म त यसलाई युद्धविराम प्रक्रिया मात्र भन्छु। शान्तिप्रक्रियाप्रति त्यति ध्यान दिइएको छैन, वार्ता युद्धविराम प्रक्रियामा ज्यादा केन्द्रित भएको छ। सुरक्षा र हतियारका बारेमा धेरै कुरा भएका छन्।

# वार्ता गर विवाद नगर



भास्वर ओझा

खुला दिमाग राखेर वार्ता गर। म सधैं नयाँ नयाँ उपायको खोजी गर भन्छु। मेरो अनुभवले यही भन्छ, वार्ता गर विवाद नगर।

म के भन्छु भने एउटा बृहत् शान्ति प्रक्रियाको थालनी भएको छैन । शान्ति प्रक्रियाका बारेमा चासो कम छ । मलाई के लाग्दछ भने यहाँ दुईवटा कुराको कमी छ । पहिलो राजनीतिक मुद्दामा प्रगति गर्नुपर्छ, राजनीतिक मुद्दा समाधान नभई कसैलाई पनि निरस्त्रीकरण गर्ने कुरा नसोच्नु हुँदैन । दोस्रो माओवादी भनेको एउटा सशस्त्र सेना मात्र होइन, उनीहरूको सरकार पनि छ । माओवादीको अवस्था हिजबुल्लाको भन्दा फरक लाग्दैन, उनीहरूसँग आफ्नो सरकार र सेना पनि छ । नेपालको अवस्था निकै जटिल छ । माओवादीलाई निरस्त्रीकरण गर्नपट्टि केन्द्रित भयो भने काम अघि नबढ्न सक्छ, खराब परिस्थिति आउन सक्छ ।

**अहिलेको वार्ता प्रक्रियालाई वास्तविक शान्ति प्रक्रियामा बदल्न के गर्नुपर्छ त ?**

अब सरकारी सैनिकसँग जोडिएका मुद्दाहरू समावेश गर, नेपालको गरिबीसँग जोडिएका मुद्दालाई समावेश गर, नेपाल राजतन्त्रात्मक मुलुक हो राजतन्त्रका बारेका मुद्दा समावेश गर, नेपाल एकल राज्य हो, एकल कि संघीय भन्ने मुद्दा समावेश गर, नेपालको अन्तर्राष्ट्रियसम्बन्धी मुद्दा समावेश गर, नेपालमा महिलाहरूको अवस्थाको बारेका मुद्दा समावेश गर, सबै नेपाली नेपाली भाषा बोल्दैनन्, गैरनेपाली भाषीको मुद्दालाई समावेश गर, नेपाली युवाहरूको अवस्थाको मुद्दा समावेश गर, यस्ता सबै खाले मुद्दा सम्बोधन गर्ने प्रयास गरिनुपर्छ । म त के भन्छु भने वार्ता अनुगमन समिति जस्तै प्रमुख मुद्दाहरूको अध्ययन गर्न बेग्लाबेग्लै आयोग बन्छु पर्छ । शान्ति समितिसँग यिनीहरूको समन्वय हुनुपर्छ । यसो गरेको अवस्थामा मात्र शान्ति प्रक्रिया सुरु हुन्छ । युद्धविराम र निरस्त्रीकरण गर्ने कुरा शान्ति प्रक्रियाको एउटा पाटो मात्र हो ।

**तपाईंले नेपालमा आएर विभिन्न कार्यक्रमहरूमा मुद्दाहरूलाई सम्बोधन गरिएन भने हिंसा जुनसुकै बेला भड्किन सक्छ भन्नुभएको छ । यसलाई विस्तृतमा बताउनुस् न ।**

यो कुरा त श्रीलंकामा स्पष्ट देखिन्छ । त्यस्तै प्यालेस्टाइनको सुरुको अवस्था । प्यालेस्टाइनमा युद्धविराम थियो, तर केही भएन । कारण, त्यहाँको प्रमुख समस्या भनेको प्यालेस्टाइनलाई मान्यता दिनु र इजरायलको छिमेकीहरूसँग सम्बन्ध थियो । तर सात वर्षपछि फेरि हिंसा भड्कियो । श्रीलंकामा चार वर्षको युद्धविराम भयो, अरू मुद्दामा केही नभएपछि फेरि परिस्थिति बिग्रिएको छ । त्यस्तै दक्षिण फिलिपिन्स दमाओ युद्धविराम त भयो, तर केही प्रगति भएन । मैले दिएका यी उदाहरणबाट विद्रोहीहरूले फेरि हतियार उठाएको र हिंसा भड्किएको देखेको छु । नेपालको सन्दर्भमा पनि नयाँ खाले विद्रोह अनुमान गर्न सकिन्छ ।

श्रीलंका र प्यालेस्टाइनको भन्दा नेपालको द्वन्द्वको अवस्था फरक होइन र ? निश्चित रुपमा फरक छन्, तर एउटै सिद्धान्त के हो भने अरू मुद्दामा ध्यान दिइएन भने युद्धविरामले मात्र थाम्दैन ।

**तपाईंले माओवादीलाई आधुनिकताका शक्ति त हुन्, तर उनीहरूको लक्ष्य वैध भए पनि माध्यम अवैध भएको तर्क राख्दै आउनुभएको छ । उनीहरूले अपनाएको माध्यमलाई कसरी वैध बनाउने ?**

माओवादीलाई राजनीतिक प्रक्रियामा सहभागी गराउनुपर्छ । वार्ताबाट सबै काम गर्नुपर्छ । वार्ता सबैभन्दा राम्रो उपाय हो, तर अहिलेको वार्ता माओवादीको हतियारमा बढी केन्द्रित छ । हतियारमा मात्र बढी केन्द्रित भयो भने सबै प्रक्रिया बिग्रन सक्छ ।



**माओवादीले प्याकेज प्रोगामको कुरा गरेका छन् । के त्यो प्याकेज प्रोगामले शान्ति प्रक्रियालाई योगदान पुऱ्याउन सहयोग पुऱ्याउला त ?**

निश्चय नै, प्याकेज महत्त्वपूर्ण कुरा हो । जब म पहिलो पटक नेपाल आएँ, मैले के बुझेँ भने उनीहरू वास्तवमा क्रान्तिकारी होइनन् । उनीहरूले निजी सम्पत्तिको पूर्ण अन्त्य खोजेका होइनन्, खालि त्यसमा गरिब र थिचिएकाहरूमा वितरण चाहेका हुन् । त्यसैले मैले उनीहरूलाई आधुनिकताको शक्ति वैध लक्ष्य हुँदाहुँदै अवैध माध्यम अपनाएको शक्ति भनेको हुँ । काठमाडौंको पारम्परिक सामन्ती संरचनालाई कांग्रेसले आत्मसात गर्दै आएको छ र त्यहाँबाट उनीहरू अगाडि बढेनन् भने आश्चर्य नमान्नुस् आक्रामक गतिशील नयाँ शक्तिको उदय हुनसक्छ ।

**नेपाल वार्ताको प्रक्रियामा छ, तर हतियार व्यवस्था गर्ने प्रक्रियाका बारेमा निश्चित आधार नबनेको अवस्था छ । तपाईं कुनै त्यस्तो अवधारणा सुझाउनु हुन्छ ?**

यसका लागि काठमाडौंभन्दा बाहिर जानुपर्छ । माओवादीले संविधानसभाको निर्वाचनमा भाग लिने भनिसकेका छन् । म त के भन्छु भने किन माओवादीको सरकारलाई जनतासम्म जाओ भनेर आह्वान किन नगर्ने । उनीहरूले काठमाडौंबाहिरका जिल्लामा साक्षरता, स्वास्थ्य शिक्षासम्बन्धी अभियानमा चलाउन, त्यस्ता रचनात्मक काममा सहभागी गराउने । उनीहरूलाई आधुनिक प्रविधि लिएर गाउँमा जाओ भनेर किन नभन्ने ? माओवादीले त्यस्ता कामको सुरुवात पनि गरेका छन् । माओवादी एउटा शक्ति हो, त्यो शक्तिबाट डराउनेभन्दा शक्तिको उपयोग गर्न सक्नुपर्छ ।

**तपाईंलाई के लाग्छ माओवादी पहिलो सैन्य शक्ति हो कि राजनीतिक शक्ति ? उनीहरूको प्रमुख शक्ति के हो ?**

दुवै । दुवै मुद्दालाई एक साथ सम्बोधन गर्नुपर्छ । यहाँ अनुगमन समिति गठन भएको छ । संघीय संरचना कस्तो हुने भनेर अध्ययन गर्न आयोग गठन गर्नुपऱ्यो । त्यस्तै राजतन्त्रका बारेमा अध्ययन गर्ने आयोग चाहियो । यी सबै आयोगमा माओवादीको पनि प्रतिनिधित्व हुनुपर्छ । यी सबै मुद्दाहरूमा वार्ता हुनुपऱ्यो । यी सबै आयोगबीच समन्वय हुनुपर्छ ।

**आयोगहरू गठन गर्दै जाने हो**



**भने शान्ति स्थापनका लागि लामो समय लाग्ने भो होइन र ?**

होइन, यसो गर्दा थोरै समय लाग्छ । आयोगहरू काठमाडौंमा भए भने अनिश्चित समय लाग्छ । काठमाडौंमा हुने राजनीतिक प्रक्रिया धेरै ढिलो हुन्छ । नेपालको राजनीतिक इतिहासको पाठकका हैसियतले म यसो भन्दै छु ।

**द्वन्द्व समाधानमा आन्तरिक र बाह्य जगत्को भूमिका हुन्छ । अहिले एउटा विद्रोही समूहको हतियार ताल्चा लगाएर राख्ने अवधारणामाथि चर्चा भइरहेको छ । तपाईंलाई यो नीति कस्तो लाग्छ ?**

म सेनालाई ब्यारेकभित्र राखेर पूरै देशलाई सुरक्षा बाहिर राख्नुपर्छ भन्ने पनि मान्दिनँ । म यो अवधारणबाट सन्तुष्ट छैन । म सकारात्मक सोचबाट काम गर्न सुझाउँछु र निकारागुवाको उदाहरण दिन चाहन्छु । निकारागुवाका दुईवटा विद्रोही सेनालाई हतियार बिसाउन भनियो, दुइटै सेनालाई एकीकृत तालिम दिइयो र तिनलाई स्कुल, अस्पताल जस्ता भौतिक संरचना निर्माणमा लगाइयो । यहाँ त्योभन्दा राम्रो गर्न सकिन्छ । यहाँ सरकारी सेना र माओवादी सेनाको एउटै समूह बनाउन सकिन्छ, तिनलाई तालिम दिएर काममा लगाउन सकिन्छ । एक किसिमको पुनर्निर्माण गर्नुपर्छ दुवै सेनाले ।

**नेपालमा त माओवादीका हतियार ताला लगाउने, संयुक्त राष्ट्रसंघले दुवै सेनाको अनुगमन गर्ने कुरा अगाडि बढेको छ ? यसो गर्दा हुँदैन ?**

मलाई लाग्दैन, यस्तो नीति काम लाग्ने हुन्छ । यसो नीति अपनाउँदा दुवै पक्षलाई एक-अर्काप्रति अविश्वास रहिरहन्छ, एकले अर्कालाई झुक्याएको आशंका हुन्छ । शान्तिप्राप्त गर्ने उपाय पनि शान्तिपूर्ण नै हुनुपर्छ । हतियार, हतियार चलाउने विद्रोही एक ठाउँमा बन्द गर्ने शान्तिपूर्ण बाटो होइन । ती माओवादी सेनालाई सधैं बन्द गरेर राख्ने पनि त होइन । यसो गर्नुभन्दा रचनात्मक हिसाबले सोच्नुपर्छ । दुवै सेनालाई एक-अर्कासँग नजिक बनाउनुपर्छ । यसो गर्दा नेपाललाई फाइदा हुन्छ ।

**अहिले भइरहेको वार्ताको सन्दर्भमा स्थायी युद्धविराम, शान्ति सम्झौता र मानवअधिकार सम्झौता हुन कति आवश्यक ठान्नुहुन्छ ?**

यी सम्झौता हुन अत्यावश्यक छ । मानवअधिकार अनुगमन समिति छ । त्यस्तै अन्य समिति, आयोग पनि हुनसक्छन्, तर समितिहरू मानवअधिकार उल्लंघन भएको र उल्लंघन गर्नेलाई कसरी कारबाही गर्नेबारेमा केन्द्रित हुनुमात्र हुँदैन । तिनले मानवअधिकारलाई कसरी अनुभव गर्ने भन्ने कुरा पनि बुझाउनु आवश्यक छ । मानवअधिकार भनेको नागरिकको राजनीतिक अधिकार, सामाजिक र आर्थिक अधिकार पनि हो । सकारात्मक बाटोमा फर्कनु आवश्यक छ, म बारम्बार यसै भन्दै छु ।

**प्रधानमन्त्री कोइरालाले नेपालमा राजतन्त्रको लामो परम्परा छ, यसका केही मूल्य मान्यता छन् भन्दै यसको जरा उखेल्न गाह्रो छ र केही स्थान दिएर राख्नुपर्छ भन्ने गरेका छन् । तपाईंले यो मामलालाई कसरी लिनुभएको छ ?**

राजतन्त्रका बारेमा जनमतसंग्रह गर्नुपर्छ । जनताले नै यसको छिनोफानो गर्छन् । अहिले पूर्ण राजतन्त्रात्मक भन्ने कुरा रहेन । संवैधानिक राजा राख्ने र गणतन्त्रमा कुन रोज्ने भन्ने प्रश्न जनतालाई सोध्नुपर्छ, त्यो जनमत संग्रह नै हो ।

**किन जनमत संग्रह ?**

जनमत संग्रहमा जनता निर्णायक हुन्छन् । सर्वाधिकार सम्पन्न राजतन्त्र अब समाप्त भइसक्यो । अहिलेको प्रश्न संवैधानिक राजतन्त्र वा गणतन्त्रबीचको हो र त्यसलाई जनमत संग्रहबाट निर्क्योल निकाल्न सकिन्छ । नर्वेको संविधान हेर्ने हो भने केही हरफ मात्र छन्, राजतन्त्रका बारेमा । मेरो सुझाव छ, ती प्रावधानलाई दुई किसिमले लेख्नुस्, एउटा संवैधानिक राजतन्त्रको ढाँचामा अर्को गणतान्त्रिक राज्यको राष्ट्रपतीय ढाँचामा । साँच्चै नै यदि जनता संवैधानिक राजतन्त्रको परम्परा चाहन्छन् भने त्यो अवस्थामा नेपालमा शताब्दीदेखिको परम्पराको कुरा हुँदै छ । यहाँको परिस्थितिलाई भारतको विपरीत परिस्थितिसँग दाँजौं । उनीहरूकहाँ बादशाहहरू थिए, औरंगजेब, अशोकजस्ता सम्राटहरू आए । यहाँ प्रश्न के उठ्छ भने शान्ति कसरी स्थापना गर्ने, जसलाई उनीहरूले शक्तिद्वारा दुरुपयोग गर्दैनन् । गणतन्त्रमा एउटा समस्या रहन्छ, राष्ट्रपति को हुने भन्ने । जर्मनेली पद्धतिमा माथिल्लो सदन सिनेटलाई जिम्मा दिइन्छ, तर राजनीतिक बहुमतद्वारा त्यो निर्धारण गरिन्छ । राष्ट्रपति दलीय राजनीतिभन्दा माथि उठ्नुपर्ने मान्यता पनि राखिन्छ, तर जर्मनेली राष्ट्रपतिलाई तटस्थ भएर चल्न समस्या आउँछ । त्यस्तै राजतन्त्रका पनि परम्परा छन्, जहाँ तपाईं कल्पना गर्नुस् केही पुराना मुलुकहरूमा विवेकपूर्ण पुरुष वा महिलाले त्यस्तो भूमिका निर्वाह गर्ने परम्परा छ । मलाई नेपालका बारेमा त्यति थाहा छैन, यहाँ त्यस्तो परम्परा छ कि छैन । तर, नेपाल अत्यन्त राजनीतिकरण भएको मुलुक हो श्रीलंका जस्तै ।

**नेपालका राजनीतिक शक्तिहरू संविधानसभाको चुनाव गर्न सहमत छन्, तर चुनाव गर्ने प्रक्रियाका बारेमा यकिन बाटो पहिल्याएका छैनन् । संघीय संरचना, समानुपातिक र सहभागितात्मक निर्वाचन प्रणालीको कुरा हुँदै छ । तपाईंका धारणाचाहिँ के हुन् ?**

हामीले पश्चिमाहरूले अँगालेको गणितीय प्रणालीको अनुभव गरेका छौं, बहुमतको जित र राज । यसका गम्भीरखाले कमजोरी छन् । त्यसैले समानुपातिक प्रणाली उचित हुन्छ, यो प्रणालीले सबैलाई समेट्छ । यसमा साना दलको भूमिका हुन्छ । सबै दलहरू सानोबाटै ठूलो भएका हुन्छन् । केन्द्रीकृत र एकल राज्यप्रणालीमा सरकारसँग धेरै शक्ति हुन्छ र त्यो तल्लो तहमा हस्तान्तरण हुँदैन । म त संघीय संरचना सिफारिस गर्दछु ।

**कस्तो खाले संघीय, कसरी छुट्याउने ? भूगोलका आधारमा कि भाषाका आधारमा वा अरू आधार ?**

भूगोलका आधारमा । तर त्यसभित्र दोस्रो तह पनि हुनुपर्छ, जसमा भाषा लगायतका फरक फरक पक्ष सम्बोधन हुन सक्ने स्थिति । समस्या भनेको बहुमतको निरंकुशतावाद वा अल्पमतको निरंकुशता । एकल राज्यप्रणालीमा बहुमतको निरंकुशता रहन्छ । संघीय संरचनामा अल्पमतको निरंकुशताको खतरा । यो खतराको व्यवस्थापन हुनुपर्छ । संघीय हुँदा दुईवटा तह राखिनु पर्छ, समग्रमा भूगोलका आधारमा तर त्यसभित्र समानुपातिक सहभागितात्मक प्रणाली ।

**नेपालमा शान्ति स्थापनाका लागि तपाईंका सटीक फर्मुला के के हुन् ?**

द्वन्द्व समाधान गर । द्वन्द्व समाधान गर्न मध्यस्थता चाहिन्छ, मेलमिलाप र समन्वय चाहिन्छ । हिंसा नियन्त्रण गर, युद्धविराम, शान्ति कायम गरेर शान्ति स्थापना गर्ने काम गर, जनतालाई एकै ठाउँमा ल्याएर समन्वय गर्ने काम गर । मेलमिलापको राजनीति गर ।

**तपाईंले भनेजस्तै नेपाल अघि बढ्ने हो भने कति समय लाग्ला ?**

२-३ वर्ष

**नेपालका नेताहरूले त ५-६ महिनाभित्रै संविधानसभाको निर्वाचन सक्ने भन्दै छन् नि ?**

संविधानसभा शान्ति प्रक्रियाको एउटा महत्त्वपूर्ण पक्ष मात्र हो । महत्त्वपूर्ण पक्ष त शान्ति स्थापना हो । ■






# जहाँको त्यहीँ

**सेना र हतियारबारे सरकार र माओवादीको फरक अडानका कारण शान्तिवार्ता जहाँको त्यहीँ छ । द्वन्द्वका अन्तर्राष्ट्रिय विज्ञहरू दशक लामो सशस्त्र द्वन्द्वमा मानवअधिकार उल्लंघन गर्नेहरू दण्डित नभए राजनीतिक विषयमा सहमति भए पनि द्वन्द्व पुनः बल्भिन सक्ने बताउँछन् ।**

■ **सुवास देवकोटा/काठमाडौं** (तस्वीर : भास्वर ओझा)

**सत्तारुढ सात दल,** सरकार र माओवादीबीचको वार्ता हतियार व्यवस्थापन र राजतन्त्रको स्थानबारेको विवादबाट अझै अघि बढ्न सकेको छैन । राजतन्त्रको अस्तित्व अन्तरिम कालमा स्विकार्न तयार भए पनि माओवादीले आठ दलको गणतान्त्रिक मोर्चा बन्नुपर्ने वा राजाको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने वा जनमत संग्रहमार्फत राजतन्त्रको भविष्य फैसला गर्नुपर्ने माग अझै छाडेको छैन । यसैगरी आफ्नो सेना र नेपाली सेनालाई बराबर व्यवहार गर्नुपर्ने माओवादी अडान पनि अझै फेरिएको छैन । माओवादीका मागमा नेपाली कांग्रेस र सरकार सकारात्मक नभएकाले वार्तामा आएको अवरोध अझै कायम छ । असोज तेस्रो सातापछिका औपचारिक र अनौपचारिक वार्ताहरू सकारात्मक दिशामा अघि बढेको बताइए पनि विवादित मुद्दामा सहमति नबने शान्तिवार्तामा देखिएको अवरोध निरन्तर रहने वार्तामा संलग्नहरू स्विकार्छन् ।

तर, वार्ता छिटो सफलतामा पुऱ्याउन सात दल र माओवादीलाई परिस्थितिले बाध्य पार्न थालेको छ । आगामी वैशाख-जेठमा संविधानसभाको निर्वाचन गर्ने सहमतिमा पुगेका उनीहरूले कात्तिकमै अन्तरिम विधान, अन्तरिम विधायिका, अन्तरिम सरकार र निर्वाचन प्रक्रिया टुंगो लगाउनुपर्नेछ । किनभने, नवनियुक्त प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले कात्तिकभित्र संविधानसभा निर्वाचनको विधि लगायत विवादित विषय समाधान नभए जेठमा निर्वाचन गर्न नभ्याइने बताइसकेका छन् । तिहारलगत्तै हुने भनिएको शीर्षस्थ नेताहरूको शिखरवार्ताको मिति समेत नतोकिएको र सेना तथा हतियारसम्बन्धी सरकार र माओवादीका फरक अडान कायमै रहेको अवस्थामा उक्त सबै विषय कात्तिकमै टुंगो लाग्ने सम्भावना कम छ । यद्यपि, शीर्षवार्ताको तयारीका निम्ति सरकार र माओवादीबाट सक्रिय रहेका नेताहरू भने कात्तिकमै समस्या समाधान अनिवार्य र सम्भव रहेको बताउन बिर्सँदैनन् ।

आफ्नो सेनालाई अस्थायी छाउनीमा हतियार 'लक' गरेर राख्न माओवादीले पछिल्ला अनौपचारिक वार्ताहरूमा नेपाली सेनामा 'लोकतान्त्रिकरण' सुरु गर्नुपर्ने सर्त राखेको छ । माओवादी वरिष्ठ नेता डा. बाबुराम भट्टराईका अनुसार माथिल्ला जर्नेलहरूलाई अवकाश दिनुपर्ने, सेनाको संख्या घटाउनुपर्ने र राष्ट्रिय सेनामा माओवादी सेनाको सहभगिता निश्चित गर्नुपर्ने पछिल्लो प्रस्ताव सरकारलाई माओवादीले दिएको छ । यसैगरी माओवादी सेनाको हतियार 'सिल' गरे नेपाली सेनाको पनि निश्चित प्रतिशत हतियार अलग्याउनुपर्ने पुरानो अडान माओवादीले छाडेको छैन । 'सेनाको संख्या घटाउन र माओवादी छापामारलाई राष्ट्रिय सेनामा समावेश गर्न नेपाली कांग्रेस तयार छ', नेपाली कांग्रेसका सभापति



▲ चुनौती धेरैः माओवादी र सरकारी वार्ताकारहरूका अगाडि समाधानको विन्दुमा पुऱ्याउने थुप्रै मुद्दाहरू बाँकी छन् ।

तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका तर्फबाट माओवादीसँग अनौपचारिक वार्ता गरिरहेका कांग्रेस केन्द्रीय सदस्य शेखर कोइराला भन्छन्, 'तर, जर्नेलहरूलाई कारबाही गर्नु सेनाको लोकतान्त्रिकरण मान्न सकिँदैन । यो विषय त माओवादीले अन्तरिम सरकारमा आएपछि पनि त अघि बढाउन सक्छ ।' उता, माओवादी नेता बाबुराम भने राजाप्रति बफादार जर्नेलहरू नहटाई सेना लोकतान्त्रिक भएको मान्न नसकिने बताउँछन् । यसैगरी सेनाको संख्या घटाउने तथा राष्ट्रिय सेनामा माओवादी छापामार समावेश गर्ने प्रक्रियाबारे पनि अहिले नै टुंगो लगाउनुपर्नेमा बाबुरामको जोड छ ।

सरकार र माओवादीबीच सेना र हतियारबारे विवाद लम्बिरहेका बेला राजतन्त्रसम्बन्धी निर्णय गर्ने विधि र संविधानसभाको निर्वाचन पद्धतिबारे सात दलमै भिन्नता कायम रहेको सार्वजनिक भएको छ । यसै साता सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव माधवकुमार नेपालले प्रधानमन्त्री कोइरालासँग राजतन्त्रबारे निर्णय गर्न संविधानसभा निर्वाचनसँगै जनमत संग्रह गर्नुपर्ने, संविधानसभाको निर्वाचन समानुपातिक पद्धतिका आधारमा गर्नुपर्ने तथा नागरिकता समस्या समाधान गर्दा २०३६ सालको जनमत संग्रहको मतदाता नामावलीलाई आधार मान्नुपर्ने दलको पुरानो अडान दोहोऱ्याएका छन् । नेपाली कांग्रेस संविधानसभाबाटै राजतन्त्रको भविष्य टुंगो लगाउने, मिश्रित निर्वाचन पद्धति अपनाउने र २०४६ सालपछिको मतदाता नामावलीका आधारमा नागरिकता वितरण गर्ने पक्षमा छ । राजतन्त्रको भविष्यबारे निर्णय गर्न जनमत संग्रह गर्ने र समानुपातिक निर्वाचन पद्धति अपनाउनुपर्ने विषयमा माओवादी एमालेसँग निकट छ भने संविधानसभाको निर्वाचनअघि तराईको नागरिकता समस्या समाधान हुनुपर्ने बताए पनि आधार वर्ष बनाउनेमा माओवादीले कुनै अडान राखेको छैन ।

सात दल र माओवादीबीच तथा सात दलमै अनेक विषयमा फरक मत भए पनि तिनले वार्तामा समस्या नपर्ने वार्तामा संलग्न नेताहरूको भनाइ छ । माओवादी नेता बाबुराम भन्छन्, 'राजतन्त्र र सेनाको विवाद मिल्नासाथ अन्य मुद्दामा यही हुनुपर्ने अडान राख्ने पक्षमा हामी छैनौं र अन्य दल पनि त्यस पक्षमा देखिएका छैनन् ।' कांग्रेस नेता कोइराला पनि हतियारबाहेक अन्य विवादले सहमति बन्न समस्या नपार्ने बताउँछन् । पुरानो अडान दोहोऱ्याएको एमालेले पनि आफ्नो मतलाई शान्तिवार्तालाई सहमतिमा पुऱ्याउन ल्याइएको प्रस्ताव उल्लेख गरेर त्यसैमा नअडिने बताइसकेको छ । यद्यपि, सत्तारुढ सात दल र सरकारका तर्फबाट नेपाली कांग्रेसले मात्र वार्ता गरिरहेको र आफ्नो दललाई बेवास्ता गरिएकोमा एमाले, नेपाली कांग्रेस प्रजातान्त्रिक लगायतका दलहरू असन्तुष्ट छन् ।

## कूटनीतिक भेट तीव्र

सात दल र माओवादीलाई गत मंसिरमा बाह्रबुँदे समझदारीका लागि प्रेरित गर्ने छिमेकी भारतका नेपालस्थित राजदूत शिवशंकर मुखर्जीले माओवादी अध्यक्ष प्रचण्डलाई कात्तिक १४ गते पहिलो पटक भेटेका छन् । मुखर्जीको बोलावटमा प्रचण्ड अर्का नेता बाबुरामसहित लैनचौरस्थित भारतीय दूतावास पुगेका थिए । 'शान्तिवार्ताबारे छलफल' भनिएको उक्त वार्ताका लागि भारतीय राजदूत मुखर्जी यसै साता प्रधानमन्त्री कोइरालासँगको भेटपछि उत्प्रेरित भएका थिए । भारतीय राजदूत मुखर्जीले प्रधानमन्त्री कोइराला र माओवादी अध्यक्ष प्रचण्डसँगको भेटमा भारतीय समुदायमाथि माओवादीबाट भएका पछिल्ला नकारात्मक व्यवहारबारे प्रश्न उठाएको स्रोतहरू बताउँछन् । मुखर्जीले माओवादी नेताहरूसँग 'शान्तिवार्ता सफल पार्ने मौका नगुमाउन' सल्लाह दिएको बताइएको छ । माओवादी नेताद्वयले भने भारतमा बन्दी जीवन बिताइरहेका आफ्ना नेताहरू मोहन वैद्य (किरण) र सिपी गजुरेल 'गौरव'को रिहाइको माग राखेका थिए । गजुरेलको रिहाइबारे राजदूत मुखर्जी पनि सकारात्मक रहेको स्रोत बताउँछ । नक्कली राहदानी प्रयोग गरेको आरोपमा भारतको चेन्नईमा कैद भुक्तान गरिसकेका गजुरेललाई गत महिना मात्रै राजनीतिक अभियोगमा भारतकै पश्चिमबंगाल सरकारको मागअनुसार पश्चिम बंगाल स्थानान्तरण गरिएको थियो ।

चालू शान्तिवार्तामा माओवादी अडानको विपक्षमा रहेका अमेरिकाका नेपालस्थित राजदूत जेम्स एफ मोरियार्टी भारतीय सरकारी अधिकारीहरूसँग 'परामर्श'का निम्ति दिल्ली गएलगत्तै भारतका राजदूतले माओवादी नेताद्वयसँग भेट्नुलाई शान्तिवार्ताबारे आफ्नो स्थिति स्पष्ट पार्ने भारतीय प्रयासको रूपमा हेरिएको छ । यसअघि पनि छलफलका निम्ति भारतीय दूतावास पुगिसकेका माओवादी नेता बाबुरामका अनुसार राजदूत मुखर्जीले छलफलमा चालू शान्तिवार्ताबारे सकारात्मक धारणा राखेका थिए र वार्ताबाट निस्कने सहमति भारतका लागि स्वीकार्य हुने बताएका थिए ।

## शान्तिप्रक्रिया पूर्वाभ्यास मात्र

सत्तारुढ सात दल र वार्तारत विद्रोही माओवादीले चालू शान्तिवार्ता टुंगोमा पुग्न लागेको र स्थायी शान्ति आउन लागेको बताइरहेका बेला विभिन्न मुलुकका शान्ति प्रक्रियाको अनुभव सँगालेका विज्ञहरूले वर्तमान स्थितिलाई 'शान्तिप्रक्रियाको पूर्वाभ्यास' मात्र भनेका छन् । भर्खरै नेपाल आएका अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था 'आइसिजे'का महासचिव निकोलस हवेलले *समय*सँग 'भयमुक्त भावी राजनीतिका निम्ति अतीतमा भएका मानवअधिकार हननका दोषीहरूलाई सजाए नगरिए पुनः द्वन्द्व सिर्जना हुन सक्ने' बताए । यसैगरी अनौपचारिक क्षेत्र सेवा केन्द्र 'इन्सेक'द्वारा काठमाडौंमा आयोजित 'दिगो शान्ति' विषयक कार्यक्रममा विचार राखेका द्वन्द्वविद् जोन गाल्टुङले *समय*सँगको वार्तामा 'त्रुटिपूर्ण समाधानले द्वन्द्व उल्झिने सम्भावना बढी हुने' उल्लेख गरेका छन् ।

दशक लामो सशस्त्र द्वन्द्व समाधानमा गम्भीर गृहकार्य नभइरहेका बेला अन्तर्राष्ट्रिय विज्ञहरूको धारणा किन पनि मननीय छ भने सात दल, सरकार र माओवादीबीचको वार्ता हतियार र राजतन्त्रबारे विवादका कारण कुनै पनि असफल भएको घोषणा हुने सम्भावना समाप्त भइसकेको छैन । यसैगरी द्वन्द्व पीडितहरूको समस्या समाधान र द्वन्द्वका समयमा भएका मानवअधिकार हननका घटनाको छानबिन र त्यसका दोषी पहिचान तथा तिनलाई गर्नुपर्ने कारबाही वार्ताको विषय समेत बन्न सकेको छैन । ■

# सुधारको प्रयास

**वैशाख ११ गते** लोकतन्त्र बहालीसँगै बन्द रहेको नेपाली सेनाको वेभसाइट कात्तिक १७ गतेदेखि पुनः सुचारु भएको छ। यसबीचमा सेनामा भएका समग्र संस्थागत परिवर्तनहरूको प्रतिविम्ब समेटेर वेभसाइटलाई अप डेट गरिएको छ।

राजाको भक्ति र अनुष्ठान मुख्य परिचय बनाएको सेनामा परिवर्तनपछि भएका कानुनी, संस्थागत र व्यवहारिक सुधारलाई वेभसाइटले आत्मसात गरेको मात्र छैन, त्यसको झलक नै दिएको छ।

जनआन्दोलनको सफलतापश्चात् सेनाको नाम परिवर्तन, सैनिक ऐन संशोधनबाट सुरु भएको नीतिगत सुधारको असर वेभसाइटमा मात्र हैन, व्यवहारमा नै देखिन थालेको छ। परिवर्तनसँग ताल मिलाउँदै सेनामा व्यापक सुधारका प्याकेजहरू कार्यान्वयनमा ल्याइएको छ।

सेनाभित्र पुस्तौंदेखि कायम रहेको सामन्ती संस्कारको अन्त्य, सानाठूला दर्जाबीच भेदभाव न्यूनता, पारदर्शिता जस्ता विषयमा सेनाले सुधारका कदमहरू अघि सारेको छ। बदलिँदो परिस्थितिलाई आत्मसात गर्दै 'सकल दर्जा'लाई सम्बोधन गर्ने अभिप्रायले प्रधानसेनापति रुक्मांगत कटवालले सुधार योजना अघि सारेका छन्। त्यस्ता योजना तल्ला दर्जाका सैनिकमा बढी केन्द्रित छ।

तल्ला दर्जाका जवानहरूलाई सेनाभित्र परिवर्तनको अनुभूति दिलाउन मेस, घरेलु कामदार, कल्याणकारी कोष जस्ता विषयमा सुधारको कार्यक्रम कार्यान्वयनमा आइसकेको छ। सेनाका गतिविधिहरूलाई पारदर्शी र जवाफदेहीपूर्ण बनाउनेदेखि हाकिमहरूको बपौती बनेको श्रीमती संघलाई सबैको साझा बनाउने निर्णयसम्म भएको छ।

सैनिक प्रवक्ता अनन्तबहादुर थेवेका अनुसार जनअपेक्षाअनुसार सेनाले परिवर्तनलाई आत्मसात गर्दै दिगो दरिलो कार्यक्रम अघि बढाएको छ। 'सैनिक ऐनले नै सुधारलाई दिशानिर्देश गर्नुका साथै पारदर्शितामा जोड दिएको छ', उनी भन्छन्।

शान्ति सेनामा सामेल सैनिकको कल्याणकारी कोषमा जथाभावी रकम काटेर माथिल्ला अधिकृतको लाभमा अधिक उपयोग गर्ने प्रवृत्तिलाई संशोधित सैनिक ऐनले निरुत्साहित गरेकोमा त्यसलाई व्यवहारमा उतार्न लागिएको छ।

कोषलाई पारदर्शी तुल्याउन कल्याणकारी कोषको विस्तृत विवरणसहितको पुस्तिक तयार पारिएको छ। कल्याणकारी दर्पण नामक पुस्तिकाले कोष संचालनको लागि समिति गठनदेखि विभिन्न व्यवस्थाहरू गरेको छ।

वर्षौंसम्म अति गोप्य राखिएको कोषको पारदर्शिता, सिपाही लगायत साना कर्मचारीको अधिकारको कुरा, समानताजस्ता विषय सेनाभित्र उठान हुनुलाई परिवर्तनकै उपलब्धि मान्नुपर्ने विज्ञहरू बताउँछन्। ओठे प्रतिबद्धताभन्दा पनि कार्यान्वयन महत्त्वपूर्ण भएको उनीहरूको मत छ।

'प्रतिबद्धता व्यक्त गर्नु गाह्रो कुरा होइन, तर त्यहीअनुसार कार्यान्वयनको इच्छाशक्ति चाहिन्छ', पूर्व कर्नेल प्रदीप कार्की भन्छन्, 'मेस सुधारलाई एउटै घोषणाबाट देशव्यापी बनाउन सकिनेमा योजनाबद्ध पारिनुले लोकप्रियतामा मात्र लोभिएको हो कि भन्ने आशंका भएको छ।'



ऐन नियममा कतै उल्लेख नभए पनि चलनचल्तीमा कर्नेलदेखि नै अर्दली र अन्य कामदार राख्ने गरिएको छ। अवकाशप्राप्त जर्नेलहरूलाई बाँचुन्जेल अर्दली सेवा उपलब्ध गराइएको छ। सैनिक अधिकृतको औकात, शक्ति र स्वभावअनुसार एउटैको घरमा दर्जनभन्दा बढी सिपाही खटिएका उदाहरण पनि छन्।

दसैंतिहारमा प्रधानसेनापति कटवालले जवानहरूको मेसमा सँगै बसेर खाना खाएको विषय केही दिनदेखि चर्चामा यथावत् छ। 'हामी सबै एकै हौं, जिम्मेवारी अलग अलग भए पनि लक्ष्य एकै हो' भन्ने मान्यताका साथ एउटै भान्छामा खाना खाने' अवधारणा कार्यान्वयन गर्न खोजिएको थेवेले बताए।

हाललाई शुक्रवार बिहानको एकछाक एउटै भान्छामा खाने चलन बसालिएको छ। कात्तिक दोस्रो सातासम्म सैनिक मुख्यालयमा यही परम्परा अनुसरण भइरहेको छ। यसबाट देखिने प्रतिक्रियापछि यसलाई देशव्यापी बनाई बिहानको खाना सबैले सँगै खाने परिपाटी बसाल्न लागिएको बताइएको छ।

खाना मात्र होइन, तल्लो दर्जाका सहकर्मीहरूलाई पनि अपशब्द प्रयोग गर्न नपाइने थिति बसालिएको छ। मानवअधिकारको उल्लघंन गर्दै सैनिक जवानलाई घरायसी कामदारको रुपमा राखिएको सेनाले स्विकारेको छ। त्यसको सुधारका लागि घरायसी कामदार वा अर्दलीका रुपमा रहेकालाई फिर्ता बोलाउने अभियान सुरु गरिसकिएको छ।

पहिलो चरणमा १ सय ६६ जनालाई जर्नेल-कर्नेलहरूको घरबाट फिर्ता बोलाइएको छ। सेनाले झन्डै ७ सयको संख्यामा अर्दली रहेको जानकारी सार्वजनिक गरेको छ। अर्दलीको रुपमा घरायसी काम र विभिन्न प्रयोजनमा खटिएका तालिमप्राप्त सैनिक जवान समेतको संख्या झन्डै १० हजार हुन सक्ने अनुमान गरिएको छ।

ऐन नियममा कतै उल्लेख नभए पनि चलनचल्तीमा कर्नेलदेखि नै अर्दली र अन्य कामदार राख्ने गरिएको छ। अवकाशप्राप्त जर्नेलहरूलाई बाँचुन्जेल अर्दली सेवा उपलब्ध गराइएको छ। सैनिक अधिकृतको औकात, शक्ति र स्वभावअनुसार एउटैको घरमा दर्जनभन्दा बढी सिपाही खटिएका उदाहरण पनि छन्।

यसैबीच भैरवनाथ गणका सहसेनानी रोविनविक्रम राणालाई सैनिक अदालतले १ वर्ष कैद र सेवाबाट बर्खास्तीको फैसला सुनाएकोलाई मानवअधिकारप्रतिको प्रतिबद्धताको रुपमा मुख्यालयले व्याख्या गर्न खोजेको छ। त्यही केसमा गणपति प्रमुख सेनानी राजेन्द्र खत्रीलगायत दोषीलाई पनि सैनिक अदालतले कारबाही गरेको छ।

यो कारबाहीले सेनाभित्रको दण्डहीनता क्रमशः घट्दै गएको भए पनि सैनिक अदालतको पूर्ण निष्पक्षतामा शंका उठेको छ। मानवअधिकार उल्लघंन अन्य घटनामा सेनाले यत्तिकै कडा नीति लिन सकेको छैन।

प्रहरीमा आक्रमण गर्न जाने झगडियाको भन्दा जघन्य अपराध मैना सुनुवारको अपहरण, हत्या र बलात्कारको केसमा त्यो हदको कारबाही भएको छैन।

असार ९ गते सेनाको उपरथीबाट अवकाशप्राप्त प्रदीपप्रताप वम मल्लको रिट प्रकरणले सेनामा चर्चा पाएको छ। सर्वोच्च अदालतको कात्तिक ९ गतेको फैसलाले मल्ललाई पुनर्वहाली गर्न आदेश दिए पनि अझै कार्यान्वयन भएको छैन।

अदालती प्रक्रिया र औपचारिकता पूरा गर्न लाग्ने यस्तो लामो अवधिले न्यायको अनुभूति नै नहुने अवस्था देखिएको छ।

■ समय संवाददाता

अहिले मुलुकको राजनीतिक द्वन्द्वको समाधान भएन अर्थात् राजनीतिक समाधान भएन भने सैनिक विकल्प स्वभाविक हो । नेपाली राजनीतिक नेतृत्वले यस चुनौती समाधान अर्थात् माओवादी विद्रोहको राजनीतिक समाधान भएन र यो लोकतान्त्रिक र अग्रगामी संक्रमणकालीन व्यवस्थापन गर्दै समाजले खोजेको परिवर्तनतर्फ राजनीतिक नेतृत्व अग्रसर भएन भने यो सैनिक विकल्प अगाडि स्वतः आउँछ ।

# सक्षमता नै छैन



■ भीमप्रसाद भुर्तेल

**गत दसैँमा** प्रधानसेनापति रुक्मांगद कटवालले राजाको हातको टीका लगाएपछि मुलुकमा फेरि सैनिक सत्तापलटको चर्चा चल्यो । यस हल्लाको आधार थाइल्यान्डका सेना प्रमुख जनरल सुन्थी बुनयारातग्लिनले गरेको प्रधानमन्त्री थाक्सिन सिनावात्राविरुद्धको रक्तपातविहीन सैनिक विद्रोह (कु) हो । जनरल सुन्थीले सिनावात्राको सरकार राम्रोसँग चलेन, राष्ट्रिय एकता कायम गर्न सकेन, राष्ट्रियता खतरामा पार्‍यो, मुलुक विखण्डनतर्फ धकेल्यो, सुशासन कायम गर्न सकेन, भ्रष्टाचारमा लिप्त भयो जस्ता आरोप लगाएका छन् । यी आरोप राजा ज्ञानेन्द्रले असोज १८, २०५९ र माघ १९, २०६१ मा आफ्नो कदमको बचाउ गर्दा लगाएका आरोप जस्तै हुन् । संसारका सबै तानाशाहहरू यस्तै आरोप लगाउँछन् । यो कदमको थाई नरेश भूमिबल अदुल्यादेजले समर्थन गरे । यो निश्चय नै लोकतन्त्रमा विश्वास गर्ने सबैका लागि चिन्ताको विषय हो ।

हाम्रो मुलुकमा पनि यस घटनालाई लिएर विभिन्न प्रतिक्रिया उत्पन्न भएका थिए । संसद्को विशेष समयमा सांसदहरूले निन्दा प्रस्ताव पारित गर्नुपर्ने आवाज उठाए र त्यसको निन्दा गरे । त्यस्तै सबै राजनीतिक दलका नेताले थाई 'कु'लाई निन्दा गर्दै नेपालमा त्यसको पुनरावृत्ति हुनसक्ने सम्भावनातर्फ चनाखो रहन सुझाव दिएका थिए । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले 'दुर्भाग्यपूर्ण र नहुनुपर्ने घटना' भने थाई सैनिक सत्तापलटलाई । साथै प्रधानमन्त्री कोइरालाले मुलुकमा 'सेनाले 'कु' गर्ने सम्भावना नभएको' र 'राजाको अधिकार कटौती भएको अवस्थामा थाइल्यान्डको 'कु'को अनुकरण नहुने प्रतिक्रिया दिएका छन् ।

यस अवस्थामा के मुलुकमा सैनिक विद्रोहको खतरा छ ? गत जनआन्दोलनमा मुखरित जनभावनाविरुद्ध नेपाली सेना जाला ? यस्तो सैनिक विद्रोह भए सत्तापलटपश्चात् सेनाले यो मुलुक सञ्चालन गर्न सक्ला ? सके कसरी र नसके के होला ? यी महत्त्वपूर्ण र पेचिला प्रश्न बनेका छन्, अहिले । राजनीतिक भविष्यवाणी ज्योतिषशास्त्र वा भौतिकशास्त्रको जस्तो ठ्याक्कै मिल्ने हुँदैन । तर, प्राप्त सूचना र घटनाक्रमको अवलोकन तथा तर्क र तथ्यको आधारमा भविष्य कता जाला भन्ने सामान्यीकरण अवश्य गर्न सकिन्छ । यस आलेखमा यसै विषयको सामान्यीकरण, अवधारणीकरण र सैद्धान्तिकरणको प्रयास हुनेछ ।

## राजनीतिक नेतृत्वको सैनिक विकल्प

संसारभर नै राजनीतिक नेतृत्वको विकल्पको अर्को महत्त्वपूर्ण तर्क सैन्य हो । अल्पविकसित देशको राजनीतिक नेतृत्व असफल भएकाले त्यसको विकल्प सैन्य शक्तिको रुपमा प्रक्षेपित गरिएको अवस्था हो, सन् १९९० पछि । सन् असीको दशकमा ल्याटिन अमेरिकामा भएका तमाम सैनिक सत्तापलटको तर्क, पाकिस्तानका राष्ट्रपति जनरल परवेज मुसर्रफको शासन टिकिरहेको प्रमुख वैचारिक आधार र म्यान्माको सैनिक 'जुन्ता'को निरन्तरताको कारण पनि यही हो । भर्खरैको थाइल्यान्डको सैनिक विद्रोहको वैचारिक आधार पनि यही नै हो ।

आधुनिक राज्यमा सेनाको भूमिका देशको भौगोलिक अखण्डता र प्रादेशिक सुरक्षा, सार्वभौमसत्तामाथिको वैदेशिक खतरासँग जुध्ने हो । आन्तरिक रुपमा दैवीप्रकोप व्यवस्थापनमा नागरिक प्रशासनको मातहतमा सहयोग गर्ने हो । तर, अहिले तेस्रो विश्वमा त्यहाँको सैनिक नेतृत्वले आफूलाई राजनीतिक नेतृत्व असफल भयो र त्यसको विकल्प आफू भएको दाबी गरिरहेका छन् । तिनीहरू राजनीतिक नेतृत्वको असफलताको परिणाम 'राज्य असफल बन्ने' खतराबाट बचाउने तर्क गर्दछन् । जस्तो पाक सैनिक सत्तापलटमा नवाज सरिफमाथि जनरल परवेज मुसर्रफले लगाएको आरोप वा अहिले जनरल सुन्थीले सिनावात्रालाई लगाएको आरोप दुवैमा परम्परागत दलीय राजनीतिक नेतृत्वको असफलता प्रमुख हो । राज्य असफल (कोल्याप्स) हुनबाट बचाउन आफ्नो कदम आवश्यक भएको दाबी गरेका छन् ।

अर्कोतर्फ सैनिक तानाशाहहरू सामाजिक न्यायको दूरदर्शी सैनिक विकल्प जबरजस्ती लाद्ने प्रयास गर्दछन् । सबै सैनिक सत्तापलट लोककल्याण वा परोपकारी हुन्छन् भन्ने दाबी गर्छन् । राज्यले दिने वस्तु, सेवाको प्रवाहको प्रभावकारिता नै प्रमुख उद्देश्य हो भन्दछन् । राजनीतिक अस्थिरता तथा विग्रह नियन्त्रण गर्दै राज्यमा कानुनी व्यवस्था कायम गर्ने तर्क गर्छन् । यसबाट सैनिक नेतृत्व आफ्नै मुलुकभित्र अतिक्रमणकारी शक्तिको व्यवहार गर्दछन् । नेपाली सेनाले पनि राजा ज्ञानेन्द्रलाई अगाडि सारेर विगत असोज १८, २०५९ यो तर्क निरन्तर गर्‍यो । माघ १९ को कदमप्रति राजालाई प्रेरित गर्ने पनि नेपाली सेना नै हो ।

## मुलुकको सैनिक चुनौती :

नेपाली सेना नागरिक प्रशासन अधीनस्थ गर्ने अहिले नेपाली राजनीतिको चुनौती र दायित्व पनि हो । अहिले नेपाली सञ्चारमाध्यममा समस्याग्रस्त राजनीतिक 'जारगन'ले ठूलो स्थान पाएको छ । सेनाको लोकतान्त्रीकरणको संकथन हो यो । सेना कहिल्यै लोकतान्त्रिक हुँदैन । जुन दिन सेना लोकतान्त्रिक हुन्छ त्यो दिन सेना नै रहँदैन । तर, सेनालाई लोकतान्त्रिक सरकारको अधीनमा राख्ने अर्थात् नागरिक प्रशासनको खटनमा राख्ने महत्त्वपूर्ण सवाल हो ।

लगभग साढे दुई शताब्दी लामो सामन्तवाद र पूर्वपुँजीवादी शक्तिको नाभिक राजतन्त्रप्रति निरन्तर वफादार रहेको सेना सजिलै परिवर्तन हुन कठिन छ । निरन्तर लोकतान्त्रिक सरकार, संस्था र संयन्त्रप्रति अनुदार र अनास्था राख्ने सैनिक नेतृत्वको आचरण परिवर्तन असहज छ । मनोवैज्ञानिक मानवशास्त्रीहरू भन्छन्, मानिसलाई जे जस्तो सामाजिक परिवेशमा हुर्काइयो, लालनपालन गरियो र सामाजीकरण गरियो । त्यसको व्यक्तित्व ( मनोविज्ञानमा व्यक्तिले आफूलाई कसरी हेर्छ, अरूलाई कसरी ग्रहण गर्छ, समाजलाई कसरी बुझ्छ र अरूसँग कसरी व्यवहार गर्छ भन्ने अर्थ दिन्छ) पनि त्यसै प्रकारको हुन्छ । त्यसैगरी अझ जसको जस्तो प्रकारको व्यक्तित्व हुन्छ, त्यसको विश्वदृष्टिकोण पनि त्यस्तै हुन्छ । यो तथ्य नेपाली सेनामा पनि त्यतिकै लागू हुन्छ । यति लामो समयसम्म राजतन्त्रप्रति वफादार बनाउन स्वसंस्कृतिकरण, परसंस्कृतिकरण तथा सामाजीकरण गरिएको सेना सहजै नागरिक प्रशासनको अधीनमा रहेर चल्न उसलाई मनोवैज्ञानिक समायोजनको समस्या छ ।

नेपाली सेना इतिहासदेखि नै यो राजतन्त्रप्रति वफादार थियो । राजदरवार हत्याकाण्डपछि नयाँ राजा ज्ञानेन्द्रप्रति त्यति नै वफादार थियो । राजभक्ति नै देशभक्ति हो, राजाको सुख नै देशको सुख, राजाको हित नै देशको हित र राजा नै राष्ट्रियता र राष्ट्रवादको पर्यायवाची भएको सुगारटाइ यो सेनाको स्वसंकृतिकरण र सामाजीकरण हो । त्यसकारण राजाप्रति वफादार भएसम्म उसलाई सबै कुराको उन्मुक्ति थियो । यहाँसम्म कि राजदरवार हत्याकाण्डमा आफ्नो परमाधिपतिको हत्या हुँदा उनको सुरक्षाको जिम्मा सेनाको होइन भन्ने जवाफ दिने प्रज्वलसमशेर जबरा लामो समयसम्म सेना प्रमुखमा बहाल रहे । त्यस बेला राजतन्त्रप्रति वफादार भए

सेनाले जे गर्न पनि छुट थियो । सेनाले जघन्य तथा अमानवीय तथा मानवताविरुद्धका अपराध र युद्ध अपराध गर्दा पनि उन्मुक्ति पाइरहयो । कालिकोट, दोरम्बा, नगरकोट र बेलबारी जस्ता काण्ड हेर्दा यस्तो सामान्यीकरण गर्न पर्याप्त हुन्छ । मानवअधिकारको विश्वमा सबैभन्दा नराम्रो रेकर्ड बनाउँदा समेत छुट पाई नै रहेको छ ।

## यो सेनाले कु गर्ला :

अहिलेको सेनाले मुलुकलाई प्रतिगामी बाटोमा फर्काउँछ भन्ने शंका गर्नेहरू छन् । राजालाई 'स्पेस' नदिएमा विद्रोह हुन सक्ने प्रधानमन्त्री कोइरालाको चेतावनीको पछाडि सेनाको हात रहेको आशंका नभएका होइनन् । तर, के यो सेना थाइल्यान्ड, पाकिस्तान, म्यान्मा वा सन् असीको दशकको ल्याटिन अमेरिकी बाटोमा लाग्ला ? नेपाली सेनाले यी देशको बाटो हिँड्न सक्दैन । त्यसका अनेक कारण छन् ।

## आन्तरिक कारण

पहिलो उत्पत्तिको पृष्ठभूमि हो । नेपाली सेना सामन्तवादको जन्म र विकाससँगै उसको सुरक्षाको लागि राजकीय वर्गको निजी सुरक्षाको रुपमा विकास भएको हो । यो राजतन्त्रको निजी सेनाको रुपमा रहेको थियो । त्यसकारण यो सेनामा राष्ट्रिय चरित्रको अभाव छ । यो सेना जनताको नागरिक र राजनीतिक अधिकारप्रति निरन्तर बाधक भएका कारण जनतामा विश्वास नभएको अवस्था छ । यस सेनामा राजनीतिक नेतृत्वको क्षमता छैन । मुलुक सञ्चालन गर्ने आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, सार्वजनिक प्रशासन, विदेश नीति सञ्चालन आदि अभाव रहेको छ । विश्लेषक सिके लालले भनेझैं यो सेनाको विगतको व्यवसायिकता भनेको सामन्तवादको सामान्य अवस्थामा गुलामी, औपचारिक समारोहहरूमा सलामी र राजपरिवारका सदस्य मर्दा मलामी मात्रै हो । सेनामा व्यवसायिक श्रेष्ठता र वरिष्ठता नभएकाले त्यसको नेतृत्वको विकास नै नभएको अवस्था हो । त्यसको परिणाम स्वरुप यसमा उत्पादकत्व ज्यादै न्यून, शून्य वा ऋणात्मक रहेको छ । त्यस्तै यो सेनाको कार्यसम्पादन क्षमता पनि ज्यादै न्यून भएको माओवादीसँगको आन्तरिक प्रतिविद्रोहको परिणामले प्रमाणित गरिसकेको छ ।

दोस्रो आफ्नै मुलुकभित्र अतिक्रमणकारी शक्तिको व्यवहारको कारण सेनाप्रति आमनागरिकको सकारात्मक धारणा छैन । जनताले यो सेनाबाट आफ्नो र मुलुकको सुरक्षा गर्ला भन्ने विश्वास गरेको अवस्था छैन, व्यापक सुधार नभएसम्म । यस विषयमा सर्वेक्षणहरू त भएको छैन, तर मानिसको 'पर्सेप्सन' बुझ्दा यो जवाफ स्पष्ट रुपमा पाइन्छ । जसको कारण आधुनिक सुरक्षा अवधारणाअन्तर्गत आमजनताको समर्थन प्राप्त गर्न सेनालाई ठूलो चुनौती आउने हुन्छ । त्यसलाई नजरअन्दाज गरेर सेना अगाडि बढ्न सक्ने अवस्था छैन । तर, म्यान्माको कुरा गर्ने हो भने त्यहाँको सेना नेसनल लिबरेसन आर्मीबाट विकसित भएको शक्ति हो । मुलुकलाई बेलायती उपनिवेशवादबाट मुलुकलाई मुक्ति दिने र मुलुक हाँक्ने नेतृत्व क्षमता राख्दछ ।

तेस्रो यो सेनाको नेतृत्व विकास चरम सामन्तवादी खालको छ । चाकडी, चाप्लुसी तथा शक्ति र व्यक्तिपूजक दास मनोग्रन्थिले व्याप्त छ । राजा ज्ञानेन्द्र धरानस्थित दन्तकाली मन्दिरबाट बाहिर निस्कँदा राजाको खुट्टामा जुत्ता लगाइदिने कर्नेलले आवश्यक पर्दा गिरिजाप्रसाद कोइराला वा शक्तिमा भएको व्यक्तिको त्यसै नगर्ने सवाल नै उठ्दैन । जसको शक्ति उसको भक्ति गर्ने परिपाटीले अब राज्यको शक्ति केन्द्रमा उसको वफादारिता सर्न थाल्नेछ । हिजो राजा ज्ञानेन्द्रको भक्ति गर्नेले अहिले गिरिजाप्रसादको गर्न कुनै आपत्ति हुँदैन । त्यस्तै एक अवकाशप्राप्त जर्नेलको शब्दमा यो सैनिक नेतृत्वमा न त 'कु' गर्ने ह्याउ वा हुति छ न त त्यसपछि मुलुक हाँक्ने आत्मविश्वास नै ।

चौथो लोकतन्त्रवादी भनिएका राजनीतिक दलका नेताहरू जति नै लोकतान्त्रिक भनिए पनि ती परम्परावादी राजकीय वर्ग नै हुन् । त्यसकारण त्यस अवस्थामा यो सेना र राजनीतिक नेतृत्वको वर्ग स्वार्थ मिल्दछ । स्वार्थ मिलेपछि विद्रोहको आवश्यकता नै भएन । 'स्टेट क्लास' र सैनिक अभिजात्य वर्गले 'मिलेर बस्ने बाँडेर खाने' सर्तमा एकै हुनेछन्, चाहे त्यो सरकारको नेतृत्व प्रचण्डै किन नहोस् ।

## अन्तर्राष्ट्रिय कारण :

पहिलो, नेपाली सेनामा आन्तरिक राजनीतिबाट ध्यान मोड्ने साधन नभएको अवस्था छ । जस्तो पाकिस्तानको सैनिक सत्ताले पाक राष्ट्रवाद आफ्नो कदमको बचाउ गर्ने साधन हो । उसले जनताको ध्यान मोड्न पूर्वतर्फको भारत देखाउँछ । राष्ट्रियता खतरामा पर्न लागेको तर्कको आधारमा जनमतलाई आफ्नो पक्षमा पार्छ । पाकिस्तानी जनता यस मामिलामा राजनीतिकभन्दा सैनिक नेतृत्वमा विश्वास गर्छन् । नेपालमा मुलुकको राष्ट्रवादको बाह्य खतरा भारत वा चीन हो । त्योसँग मल्लयुद्ध गर्ने क्षमता यो सेनामा छैन । जनताको ध्यान मोड्ने साधन नभएपछि उसको कदमले वैधानिकता पाउँदैन ।

दोस्रो मुलुकको आर्थिक परनिर्भरताका कारण उसको सैनिक 'कु'ले अन्तर्राष्ट्रिय मान्यता पाउँदैन । यो तथ्य राजा ज्ञानेन्द्रको माघ १९ को कदमले अन्तर्राष्ट्रिय सहयोग र समर्थन नपाएकाले प्रमाणित गर्छ । अन्तर्राष्ट्रिय सहयोगविना अर्थतन्त्र धान्न गाह्रो छ । त्यस विषयमा यो सैनिक नेतृत्व भलिभाती परिचित छ । थाइल्यान्डको अर्थतन्त्र सुदृढ छ । वैदेशिक परनिर्भरता कम भएको तथा पर्यटन र अन्तर्राष्ट्रिय व्यापारको कारण उसले आफ्नो अर्थतन्त्र धान्न त्यति धेरै अप्ठेरो छैन । समृद्धितर्फ लम्किएको उसका दक्षिणपूर्वी व्यापारिक साझेदारहरूले उनीहरूको आफ्ना स्वार्थ पूरा गरुन्जेल थाइल्यान्डमाथि दबाब पर्ने अवस्था छैन ।

तेस्रो ल्याटिन अमेरिकी देशहरूमा सन् असीको दशकमा जस्तो पश्चिमा देशको समर्थन, अन्तर्राष्ट्रिय दाताहरू विश्व बैंक, मुद्राकोषले आर्थिक सहयोग गर्ने अवस्था पनि रहेको छैन ।

यी सारा कारणले नेपाली सेनाले नागरिक प्रशासनको नेतृत्वमा र संसद्को मातहतमा रहेर काम गर्ने र व्यवसायिकता बढाउनुको विकल्प छैन । यसले 'कु' गर्न पनि सक्दैन, गर्ने हुति र ह्याउ पनि छैन । त्यस धरातलीय यथार्थमा नेपाली सेनाबाट 'कु'को अहिल्यै सम्भावना छैन । संसद्मा सांसदको भाषण अतिसंवेदनशीलता हो ।

## कुको खतरा नै छैन त ?

यसको मतलब मुलुकमा सैनिक कुको खतरा नै छैन त ? यो महत्त्वपूर्ण प्रश्न हो । अहिले मुलुकको राजनीतिक द्वन्द्वको समाधान भएन अर्थात् राजनीतिक समाधान भएन भने सैनिक विकल्प स्वभाविक हो । नेपाली राजनीतिक नेतृत्वले यस चुनौती समाधान अर्थात् माओवादी विद्रोहको राजनीतिक समाधान भएन र यो लोकतान्त्रिक र अग्रगामी संक्रमणकालीन व्यवस्थापन गर्दै समाजले खोजेको परिवर्तनतर्फ राजनीतिक नेतृत्व अग्रसर भएन भने यो सैनिक विकल्प अगाडि स्वतः आउँछ । अहिले वार्ताबाट राजनीतिक समाधान भएन भने मुलुक फेरि घनघोर प्रतिगमनतर्फ धकेलिन्छ । प्रधानमन्त्री कोइरालाले दसैं बिदामा विराटनगरमा वार्ता विफल भए पनि राज्य 'कोल्याप्स' नहुने बताएका थिए । त्यसको आधार पनि सेना नै हो ।

जनआन्दोलन भाग दुईमा जनता राजनीतिक दलका नेताको मायाले र उनीहरूले खान पाएनन् भनेर आएका होइनन् । मुलुकको द्वन्द्वको समाधान, शान्ति स्थापना र सुदृढ लोकतन्त्रको लागि सडकमा आएका हुन् । राजाले माघ १९ को कदम उठाउँदा 'शंकाको सुविधा' दिँदै दीपावली गर्ने जनता १४ महिनापछि राजालाई देशै छाड्ने नारा लगाउँदै सडकमा आए । त्यसकारण दलहरूले यो समस्या समाधान नगर्ने हो भने फेरि जनताले राजा ज्ञानेन्द्र ठिक भन्ने दिन नआउला भन्न सकिँदैन वा त्योभन्दा घोर प्रतिगामी सैन्य अधिनायकवाद विकल्प नहोला भन्न सकिँदैन ।

यस मेसोमा अमेरिकी सेनाको लामो समयदेखि सहयोग आदानप्रदानले नेपाली सेनामा उनीहरूको राम्रो पहुँच छ । अमेरिकीहरूले उनीहरूको राजनीतिक भ्रमणमा सैनिक मुख्यालयमा सैनिक नेतृत्वसँगको भेटघाट निरन्तर बनाएका छन् । अमेरिकी राजदूतले सेनाको हेलिकोप्टर चढेर सेनाको ब्यारेक हिँडेको अर्थ यसरी लगाउनु राम्रो हुनेछ । भोलि राजनीतिक नेतृत्व असफल भएमा विदेशी हस्तक्षेप वा उल्लिखित सैनिक विकल्पबाहेक अरू रहनेछैनन् । किनभने अमेरिकी राष्ट्रपति बुसको दोस्रो कार्यकालको एजेन्डा 'प्रजातन्त्रको निर्यात' र स्वतन्त्रताको विस्तारको आधार पनि अमेरिकी सैनिक नै हो । उनीहरूले अमेरिकी सैनिकको बन्दुक पछाडि रहेको (गन ब्याक) 'प्रजातन्त्र' र 'स्वतन्त्रता' हो, इराक र अफगानिस्तानको जस्तो ।

अर्कोतर्फ अहिलेसम्म नेपाल राजनीतिक रूपमा 'कोल्याप्स' नहुनुको पछाडि भारत (इन्डिया फ्याक्टर)को ठूलो भूमिका छ । भारत 'कोल्याप्स' अभिमुखरित देशहरू नेपाल, श्रीलंका, बंगलादेश र पाकिस्तानले घेरिएको छ । यदि राजनीतिक नेतृत्व असफल भई नेपाल 'कोल्याप्स' हुने अवस्था आएमा नेपाली सेना एक मात्र उसको भरपर्दो विकल्प हो, किनभने नेपालमा लामो समयदेखिको निरन्तर संस्था सेना मात्र हो । राजतन्त्र समेत १०४ वर्ष कैद थियो । त्यस बेला सैनिक 'कु' कसैले रोक्नै नसकिने विकल्प हुनेछ । वैचारिक र राजनीतिक विद्रोहलाई अग्रगामी परिवर्तनको साधन बनाउन माओवादी-सात दलका शीर्षस्थ नेतृत्वले ध्यान पुऱ्याउन जरुरी छ । ■



रोग सुरु हुनासाथ यस्तो उपचार पाएको भए धेरैको ज्यान जाने थिएन ।



# असहज उपचार

**अज्ञात रोग** भनिए पनि अन्ततः त्यो औलो सावित भयो र धेरै वर्षपछि नेपालकै बाँके जिल्लामा त्यो महामारीका रुपमा फैलियो । कात्तिक महिनाको पहिलो सातादेखि सुरु भएको औलोको महामारीले राप्तीपारिका चार गाउँ विकास समितिमा दुई साताभित्रै ३९ जनाको ज्यान लियो भने पाँच सयभन्दा बढी विरामी भए ।

औलोबाट फत्तेपुर गाविसमा सबैभन्दा बढी २४ जनाको मृत्यु भयो वडा नं. ५ पिप्रहवा गाउँमा सरिफ खाँका तीन छोरासहित बाह्रजनाको मृत्यु भयो र गाउँ नै सुनसान भयो । वडा नं. ७ झगरियामा सातजना, वडा नं. ८ हवरहवामा दुईजना, वडा नं. १ मा तीनजनाको मृत्यु भयो ।

गंगापुर गाविसको वडा नं. १, २, ३ सोनवर्षामा दसजना, नरैनापुर गाविसमा चारजना र होलिया गाविसको चौफेरी गाउँमा एक्जनाको औलोबाट मृत्यु भयो । आर्थिक अवस्था राम्रा भएका केही विरामी उपचारका लागि भेरी अञ्चल अस्पाल र सीमावर्ती भारतका अस्पतालमा गए पनि आर्थिक अवस्था कमजोर भएका सयौं विरामी औषधी उपचार नपाएर घरमै छटपटाइरहे । अति विकट र मधेसी समुदायको बसोवास रहेको यी चार गाविसका प्रत्येक घरमा विरामी रहेका छन् । धेरै त सिकिस्त अवस्थामा छन् ।

औषधी उपचार गराउन नसकेर फत्तेपुर-५ की फूलमती अहिरले आफ्ना तीन सन्तान गुमाइन् । 'गरिब मान्छे औषधी गराउने पैसा भएन, तीन दिनको व्यथाले छोराछोरी मरे', अहिरले रुँदै भनिन्, 'समयमा चिकित्सक र औषधी आएको भए मेरा छोराछोरी बाँच्थे होलान् । उनका १३ वर्षीय छोरा राम आशिष, १६ वर्षीया छोरी कुश्मी र पाँच वर्षीय जोगीको औलोबाट मृत्यु भयो । अहिले पूरै गाउँ शोकमा डुबेको छ ।

राप्तिपारिका गाउँमा भकाभक मान्छेहरूको मृत्यु हुन थालेपछि कात्तिक १० गते जिल्ला जनस्वास्थ्य कार्यालयमा जानकारी आयो, तर तत्काल स्वास्थ्यकर्मी पुग्न सकेनन् । तीन दिनपछि जनस्वास्थ्यले स्वास्थ्यकर्मी पठायो न रोगको पहिचान हुन सक्यो न विरामीले औषधी उपचार पाए । इन्सपेक्टर र ल्याब असिस्टेन्ट सहितको गएको टोलीले विरामीहरूबाट रगत लिने काम मात्र गऱ्यो । रोग पत्ता लगाउन नसकेर अज्ञात रोगको नाम दिइयो, औषधी उपचार नपाएर विरामीहरूको भकाभक मृत्यु भयो । औलो रोगको आशंका गरिए पनि किटान गर्न भने सकिएन ।

सरुवा रोग विशेषज्ञ डा. सुमन थापा सहितको काठमाडौंबाट आएको चिकित्सकको टोली कात्तिक १५ गते महामारी फैलिएको गाउँमा पुगेपछि मात्र कडा औलो रोग हो भनी प्रमाणित गरियो ।

सो औलो रोगलाई (सेरेब्रेल मलेरिया) नाम दिइएको छ । यो कडा औलो रोगले सिधै मानिसको मस्तिष्कमा असर पुऱ्याई छिट्टै मृत्यु हुने गर्दछ ।

टोलीसँग रहेका स्वास्थ्य मन्त्रालयका सल्लाहकार डा. महेश मास्केले कडा औलो रोग भएकाले छिटोछिटो यति धेरै मान्छेको मृत्यु भएको बताए । उनले भने, 'हामीले प्रत्येक विरामीबाट रगत संकलन गर्ने र परीक्षण गर्ने काम गरिरहेका छौं, ९० प्रतिशतमा कडा औलो देखिएको छ ।'

चिकित्सकहरूको टोलीले विरामीहरूको उपचार गर्ने औषधी दिने र विरामी नभएकाहरूको पनि रगत संकलन गरिरहेको छ । सिकिस्त अवस्थामा रहेका विरामीलाई स्लाइन पानी चढाउने, औलोको इन्जेक्सन लगाउने काम चिकित्सकहरूले गरिरहेका छन् । चिकित्सकहरू औलोको महामारी फैलिएको स्थान राप्तिपारिको फत्तेपुर, गंगापुर, नरैनापुर, होलिया आदि गाविसमा स्वास्थ्य शिविर खडा गरी औलो रोगीहरूको उपचार गरिरहेका छन् ।

जिल्ला जनस्वास्थ्य कार्यालय बाँकेका प्रमुख जयबहादुर कार्कीले एनो फिलिस नामक पोथी लामखुट्टेको टोकाइबाट औलो रोग सर्ने गरेको बताए । गत भदौमा राप्ती नदीमा आएको बाढीका कारण असुरक्षित तरिकाले स्थानीय बासिन्दाहरू बसेकाले लामखुट्टेले टोकेर औलो रोग लाग्न पुगेको प्रमुख कार्की बताउँछन् । उनी भन्छन्, 'ती गाविसमा लामखुट्टेबाट बच्नका लागि झुल वितरण गरिएको हो । तर उनीहरू झुल माछा मार्नमा प्रयोग गरेका रहेछन् र राप्ती किनारमा खरले छाएको खुला कटेरामा बसेकाले लामखुट्टेको टोकाइमा परेर यो रोग लाग्न पुगेको हो ।' औला रोग फैलिएका चारै गाविस राप्ती डुबानमा परेका थिए ।

## महामारीको रुप लियो औलोले

औलो रोगले महामारीको रुप लिई तीन दर्जन बढीको ज्यान लिँदा पनि सरकारले तत्काल कुनै वास्ता गरेन । न त स्थानीयस्तरमा अञ्चल अस्पतालले न त निजी मेडिकल कलेजहरूले नै यसलाई गम्भीरतापूर्वक लिए । दिन प्रतिदिन औलोबाट मृत्यु हुनेको संख्या बढिरह्यो, विरामीहरू उपचार नपाएर कोही घरको आँगन र सडकमा लडेर ऐया, ऐया भन्दै छटपटाइरहे, तर कसैको ध्यान गएन । स्वास्थ्य संस्थाहरूको लापरवाहीले तीन दर्जनभन्दा बढीले अकालमै ज्यान गुमाउनु पऱ्यो ।

जिल्ला जनस्वास्थ्य कार्यालय बाँकेले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग लगायत स्वास्थ्य संस्थामा जानकारी गराउँदा पनि खासै चासो नदेखएको जनायो । जनस्वास्थ्य अधिकृत कार्कीले भेरी अञ्चल अस्पताल र नेपालगन्ज मेकिडल कलेजसँग चिकित्सकको माग गर्दा नदिएपछि औलोको महामारीले तीव्र रुप लिएको बताउँछन् ।

औलोले महामारीको रुप लिए पनि सबै स्वास्थ्य संस्था निरीह भई मुकदर्शक भएर बसे । जनस्वास्थ्य प्रमुख कार्की भन्छन्, 'समयमा चिकित्सक र औषधी पठाउन सकेको भए धेरैको ज्यान बचाउन सकिन्थ्यो । सुरुमा कसैले वास्ता गरेनन् पछि टोली पुगेर के गर्ने, धेरैको मृत्यु भइसकेको थियो ।'

■ डी भण्डारी/नेपालगन्ज (तस्बिर पनि)



# घातक हुनसक्छ



धरानका एक एचआइभी संक्रमित र, सिडी-फोर (बायाँ)

**अरू लक्ष्मीपूजाको** चटारोमा थिए, तर एचआइभी संक्रमित शरण विश्वकर्मा (परिवर्तित नाम) अस्पतालमा मृत्युसँग जुध्दै थिए। उनका लागि 'ओ नेगेटिभ' रगत जोहो गर्न दौडधुप गर्नेहरू पनि निरास भइसकेका थिए। उनको नाक र मुखबाट ह्वाल्ह्वाल्ती रगत जाँदै थियो। हेर्दाहेर्दै जीउको सबै रगत स्याप्पै सुकेको जस्तो देखियो।

अन्ततः ३२ वर्षीय शरणले कात्तिक ३ गते प्राण त्यागे। भोलिपल्ट लक्ष्मीपूजाको साँझ अरू सबैका घरमा रंगीचंगी बत्ती बल्दा शरणको घर अँध्यारोमा डुबेको थियो। अन्तिम अवस्थामा शरणको स्वास्थ्य जाँच्ने एक चिकित्सकको भनाइमा उनलाई कडा खालको निमोनियाले सताएको थियो, तर मृत्युको कारण त्यहीमात्र नहुन सक्थ्यो। किनभने शरीरको रगत सुक्नुलाई चिकित्सकहरू 'एनिमिया'को लक्षण मान्छन्, जुन एआरभी अर्थात् एन्टीरेट्रोभाइरलको 'साइड इफेक्ट' स्वरूप पैदा हुने रोग हो।

२०६३, भदौ १९ गतेदेखि बिपी प्रतिष्ठान, धरानमै 'सिडी-फोर'को कोष गणना हुन थालेपछि शरणले एआरभी खान सुरु गरेका थिए। तर, शरणमा एआरभीको 'साइड इफेक्ट'का रुपमा हेपाटाइटिस देखियो। त्यसैले चिकित्सकले उनलाई केही दिनका लागि एआरभी नखान सल्लाह दिए। तर, उनको अवस्था सुध्रिएन, बरु बिस्तारै 'एनिमिया'को जस्तो रगत सुक्ने लक्षण पनि देखिन थाल्यो र अन्त्यमा निमोनियाले ज्यान लिइछाड्यो।

एचआइभी संक्रमितहरूले आफ्नो अधिकारको पक्षमा वकालत गर्ने उद्देश्यले पहिलोपटक धरानमा गठन गरेको समूहका उपाध्यक्ष रहेका शरणको मृत्युले उनका अरू साथीलाई पनि झस्काएको छ, जो एआरभी खाँदै छन्, अथवा खान सुरु गर्दै छन्। पहिले निःशुल्क एआरभीको माग गर्दै सडकमा र्‍याली निकाल्ने, ज्ञापनपत्र बुझाउन सरकारी अधिकारीलाई घेर्ने एचआइभी संक्रमितहरूले बल्ल अहिले त्यसका 'साइड इफेक्ट'हरू निकै घातक पनि हुन्छन् भन्ने थाहा पाउन थालेका छन्। केहीलाई त्यसले चिन्तित पनि पारेको छ।

हुनत जुनसुकै औषधीका पनि 'साइड इफेक्ट' हुन्छन्, तर एआरभीका केही यस्ता 'साइड इफेक्ट' पनि हुन्छन्, जसलाई चिकित्सकहरू 'सिभियर' अर्थात् घातक मान्छन्। हेपाटाइटिस र एनिमिया यसैका उदाहरण हुन्। एलर्जी र लिभरको खराबी पनि उत्तिकै घातक मानिन्छन्।

एआरभी खासमा कुनै निश्चित औषधी नभएर विभिन्न औषधीहरूको समूह हो, जसले मानवशरीर रक्षा गर्ने 'सिडी-फोर' नामक रक्तकोषिकाको संख्या बढाउँछ। चिकित्सकहरू 'सिडी-फोर'को संख्या २ सयभन्दा कम भएको अवस्थामा एआरभी खान सल्लाह दिन्छन्। सामान्यतया स्वस्थ मानिसमा ९ देखि १२ सयसम्म 'सिडी-फोर' हुन्छ। एआरभीभित्र पर्ने छुट्टाछुट्टै औषधीको छुट्टाछुट्टै असर हुनसक्छ।

चिकित्सकहरूका अनुसार एआरभीको समूहमा पर्ने डि-फोर-टी औषधीले हातखुट्टा लुलो-लाटो बनाउँछ। एजेडटीबाट एनिमिया हुन्छ। डिडिआईबाट हातखुट्टा अररो हुनाका साथै डाइरिया र प्यान्क्रिटाइटिस हुन्छन्। नेभिरापिनका कारण लिभरको खराबी र एलर्जी हुन्छ। थ्री-टिसीको साइड इफेक्ट एउटै नभएर विभिन्न हुन्छन्। अन्य विभिन्न असर पनि देखिन्छन्, जसको लेखाजोखा गर्न मुस्किल छ।

एआरभीका केही 'साइड इफेक्ट' निकै घातक रहेको तथ्यलाई विश्व स्वास्थ्य संगठनले पनि स्विकारेको छ। तर, युरोपेली मुलुकका चिकित्सकहरूले यस्ता घातक 'साइड इफेक्ट' निकै कम देखा पर्ने बताएका छन्। उनीहरूको भनाइमा एआरभी खाने बढीमा २ प्रतिशत एचआइभी संक्रमितमा मात्र यस्ता घातक साइड इफेक्ट देखा पर्छन्।

भर्खरमात्र एआरभीको प्रयोग सुरु भएको नेपालमा अलि भिन्नै नतिजा देखिन थालेको छ। यहाँ एआरभी खान सुरु गरेका एचआइभी संक्रमितहरूमध्ये करिब १४ प्रतिशत जतिमा घातक 'साइड इफेक्ट' देखिने निचोडमा चिकित्सकहरू पुग्न लागेका छन्। बिपी प्रतिष्ठान, धरानबाट एआरभी खान सुरु गरेका १९ एचआइभी संक्रमितमध्ये तीनजनामा घातक 'साइड इफेक्ट' देखिएको छ। प्रतिष्ठानका ट्रपिकल वार्ड प्रमुख डा. रविन श्रेष्ठ भन्छन्, 'हाम्रो मात्र उदाहरण र अनुभवले ठोस निचोड निकाल्नचाहिँ सकिँदैन।'

झन्डै २ वर्षदेखि एआरभी खाँदै आएका धरान पोजेटिभ समूहका अध्यक्ष नरेशलाल श्रेष्ठ भने 'साइड इफेक्ट'प्रति चिन्तित हुन आवश्यक नरहेको बताउँछन्। 'हो, साइड इफेक्ट हुन्छ, ठिक समयमा औषधी खाएन भने त्यसले काम नगर्ने पनि हुन्छ', श्रेष्ठ भन्छन्, 'तर, औषधी खाने समयको ख्याल गर्ने, साइड इफेक्ट देखिनासाथ औषधी फेर्ने हो भने चिन्ता लिनुपर्दैन।' एआरभी खान सुरु गर्दा आफूलाई पनि सामान्य 'साइड इफेक्ट' देखिएको, तर त्यसले स्वास्थ्यमा खासै असर नपारेको उनी बताउँछन्।

एआरभी खाँदा मुख्यतः 'ठिक समय' र 'साइड इफेक्ट'मा ध्यान दिनुपर्ने हुन्छ। प्रत्येक १२ घन्टाको अन्तरमा एआरभी खान बिर्सिने हो भने त्यसले कुनै सकारात्मक प्रभाव पार्दैन। औषधी निष्प्रभावी भए, वा घातक 'साइड इफेक्ट'हरू पैदा गरे त्यसलाई फेर्नुपर्छ। चिकित्सकको सल्लाहमा वैकल्पिक वा दोस्रो चरणको औषधी लिन सकिन्छ।

तर, धरान पोजेटिभ समूहका अध्यक्ष नरेशलाल श्रेष्ठको अनुभवमा धेरै एचआइभी संक्रमितहरू समय र 'साइड इफेक्ट'प्रति सचेत हुन सक्दैनन्। श्रेष्ठ भन्छन्, 'कुनै साथी आज झुक्किएर एकैपटक दुईवटा औषधी खाएँ भन्दै आउँछन्, कुनै चाहिँ औषधी नै खान बिर्सिएको सुनाउँछन्।' एआरभी खान सुरु गरेका, अथवा सुरु गर्न लागेका एचआइभी संक्रमितलाई परामर्श दिन संस्थागत पहल जरुरी भइसकेको श्रेष्ठ बताउँछन्। यद्यपि, केही संस्थाले एआरभी उपचार विधिबारे जानकारी दिने उद्देश्यले विभिन्न पुस्तिका प्रकाशन गर्दै आएका छन्।

क्षयरोगीका लागि डट्स कार्यक्रममा जस्तो एचआइभी संक्रमितलाई चिकित्सकको प्रत्यक्ष निगरानीमा औषधि खुवाउने हो भने एआरभी निष्प्रभावी वा 'साइड इफेक्ट' हुनेबित्तिकै त्यसलाई फेर्न सकिन्छ। कतिपय देशका कारागारमा यस्तो उपचार-विधि पनि अवलम्बन गरिएका छन्, तर एआरभीको औषधी जीवनभर खानुपर्ने भएकाले एचआइभी संक्रमितलाई लक्षित गरी 'डट्स' शैलीको कुनै कार्यक्रम सुरु गर्नु व्यवहारिक हिसाबले कठिन छ।

एआरभीबारे जति चर्चा भएको छ, त्यसको प्रयोग त्यति नै जटिल छ। सिडी-फोरको संख्या दुई सयभन्दा कम भएरमात्रै हुँदैन, हेमोग्लोबिन पनि ठिक हुनुपर्‍यो। डा. रविन श्रेष्ठको भनाइमा कुनै एचआइभी संक्रमितको रगतमा ७ ग्राम्स/डायालिटरभन्दा कम हेमोग्लोबिन रहेको अवस्थामा एआरभी खुवाउन मिल्दैन। हेमोग्लोबिनको परीक्षण पनि बेलाबेला हुन जरुरी छ।


सायद, यिनै व्यवहारिक कठिनाइ, 'साइड इफेक्ट'को खतरा र समयमा औषधी खान सक्छु भन्ने आत्मविश्वासको कमीका कारण पूर्वाञ्चलका १९ एचआइभी संक्रमितले मात्रै एआरभी खाँदै छन्। जब कि राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले २०६२, माघ ४ गते पूर्वाञ्चल क्षेत्रका लागि एआरभीको ५० वटा कोटा उपलब्ध गराएको थियो। डा. श्रेष्ठ भन्छन्, 'एआरभी कार्यक्रममा एचआइभी संक्रमितको पहुँचमा पुग्न सकेको छैन।'

■ **ओमआस्था राई/धरान**



▲ लागूपदार्थ प्रयोग गर्नेहरूको निशुल्क स्वास्थ्य परीक्षण गरिँदै

दुर्व्यसनीको उपचारमा शरण नामक संस्थाका कर्मचारी ▶



# नशामा डुबेको जीवन

**परदेशमा अरू कसैबाट ठगिने र लुटिने नेपालीहरू अहिले आफ्नै कारणले लागूपदार्थको दलदलमा फसेर उम्किन सकेका छैनन् । नशाको लत पूरा गर्न चोरी, डकैती र हत्यामा समेत उनीहरूको संलग्नता भेटिएको छ ।**

■ मनीष गौतम र मनोज दहाल/नयाँदिल्ली

नेपाली गाउँका असंख्य बेरोजगार युवाहरूका लागि रोजगारीको गन्तव्य बनेको दिल्ली केही नेपालीका लागि जीवन बर्बाद गर्ने सहर बनेको छ । कामको खोजीमा भौंतारिँदै अन्जान सहरमा पुग्ने केही नेपाली रमाइलो गर्ने बहाना होस् वा सोचेजस्तो कमाइ नहुने भएपछि मन भुलाउन लागूपदार्थको दुर्व्यसनमा फस्ने गरेका छन् ।

परदेशमा अरू कसैबाट ठगिने र लुटिने नेपालीहरू अहिले आफ्नै कारणले लागूपदार्थको दलदलमा फसेर उम्किन सकेका छैनन् । नशाको लत पूरा गर्न चोरी, डकैती र हत्यामा समेत उनीहरूको संलग्नता भेटिएको छ । रामेछापका विकास तामाङ यति बेला दिल्लीको यमुनानगरमा भौंतारिरहेका छन् । पैसा कमाउने मोहमा १४ वर्षको कलिलै उमेरमा घर छोडी मुग्लान छिरेका तामाङ अहिले 'घर न घाट'को भएका छन् । लागूपदार्थ दुर्व्यसनमा फसेका उनको जीवन अहिले दिल्लीको फुटपाथमा बितेको छ । 'नशाको लतले जिन्दगी बर्बाद भयो', ३८ वर्षीय तामाङ भन्छन्, 'यही नशामा फसेर मैले आमाबाबु र घर परिवार त्याग्नु पर्‍यो ।'

घरको आर्थिक अवस्था दयनीय भएकाले तामाङ बाध्यतावश मजदुरीका लागि दिल्लीतिर आएका थिए, तर साथी संगतका कारण उनी नशातर्फ आकर्षित भए । 'रमाइलो र आनन्द हुन्छ भनेर साथीहरूको लहलहैमा लागेर गाँजा, चरेस खान सुरु गरेँ', तामाङ आफ्नो विगत सम्झिँदै पछुताउँछन्, 'यही दुर्व्यसनले मलाई अपराधी पनि बनायो ।'

लागूपदार्थको लतमा फसिसकेपछि मेहनेत गर्न छोडेका तामाङले नशालाई निरन्तरता दिन चोरी डकैती समेत गर्नुपर्‍यो । 'चोरी डकैती गर्दा पक्राउ परेर म पटक पटक गरी आठनौं वर्ष जेल सजाय काटेको छु', उनी भन्छन्, 'नशा लिएपछि दुनियाँभरको गर्न नहुने काम गर्नुपर्दो रहेछ ।'

डेढ वर्षअघि पुर्ख्यौली घर रामेछाप पुगेका तामाङले त्यसलाई अन्तिम मानेका छन् । अहिले पनि गाँजा र स्म्याकको लतमा परेका तामाङ भन्छन्, 'मेरो चिनजानमा मात्रै सयजना जति नेपाली होलान्, जसले नशा लिएर जिन्दगी बर्बाद पारेका छन् ।'

जन घनत्वको हिसाबले दिल्ली विश्वकै दोस्रो ठूलो सहर मानिन्छ । एक करोड बीस लाख जनसंख्या रहेको दिल्लीको यति ठूलो जनसागरमा बसाइँसराइँ गरे र त्यहाँ पुगेका नेपालीको संख्या चार देखि ६ लाखसम्म रहेको विभिन्न अध्ययन प्रतिवेदनमा देखिन्छ । बाटो बिराई दुर्व्यसनमा लागेका नेपालीहरू प्राथमिकतामा नपरेका कारणले पनि यसको यकिन संख्या कसैलाई थाहा छैन ।

मजदुरीका लागि दिल्लीसम्म आइपुगेका नेपालीका लागि लागूपदार्थ समस्या हो वा होइन भन्ने कुरा संख्याले निर्धारण गर्दैन भन्ने तर्क शरण नामक एक गैरसरकारी संस्थामा स्वयंसेवी भएर फिजिसियनका रुपमा कार्यरत 'सहयोग डिटक्सिफिकेसन क्लिनिक'का निर्देशक डा. गौतम भाटियाको छ । 'विभिन्न कारणले नेपालीहरू लागूपदार्थको दुर्व्यसनमा परेका छन्', डा. भाटिया भन्छन्, 'एउटा नेपालीको जीवन लागूपदार्थका कारण बर्बाद हुन्छ भने यसको असर नेपालमा रहेको उसको परिवारका सबै सदस्यलाई पर्छ । त्यसैले समस्या होइन भनेर आँखा चिम्लन मिल्दैन ।'

यमुनानगरमा रहेको खुला पार्कमा बसेर दिनहुँ दुई घन्टा लागूपदार्थ प्रयोग गर्नेहरूको निःशुल्क स्वास्थ्य परीक्षण गर्ने डा. भाटियाका नियमित बिरामीहरूमा नेपालीहरू पनि पर्छन्, जो वर्षौंदेखि नशाको जीवन बाँचिरहेका छन् ।

तस्विरहरू: मनोज दहाल




# 'नशाले घरबार बिगाऱ्यो'

**■ विनोद आचार्य, ३९ ।**

**मेरो घर** चितवनको ठोरी हो। दिल्लीमा बस्न थाले ५-६ वर्ष जति भयो। नेपालमा हुँदा मेरो रक्सी खाने बानी थियो। रक्सी खाएर निकै मात्थेँ। घरमा बस्दा काम पनि भएन, केही गरौं भने पनि पैसा थिएन। त्यसैले दिल्ली आएँ। यहाँ पनि काम पाउन गाह्रो, पाए गर्न गाह्रो भयो। दिल्ली आएपछि म नशाको लतमा फसेँ। गाँजा, चरेस, स्म्याक तान्न थालेँ। पैसा भयो भने यहाँ लागूपदार्थ सजिलै पाइन्छ। नशाको जोगाड गर्न जे पनि गरिन्थ्यो। नशामा लागेकै कारणले मेरो घरबार बिग्रियो। घरमा श्रीमती र छोरी छन्, तर उनीहरूसँग मेरो कुनै सम्पर्क छैन।

मैले यति धेरै नशा लिएँ कि अब यो त्याग्नु पर्छ भन्ने लाग्यो। शरीरले पनि धान्न नसक्ने पैसाले पनि कहिल्यै नपुग्ने। त्यसैले एक वर्षदेखि मैले लागूपदार्थ लिएको छैन, तर दुःखको कुरा मलाई एचआइभी भएको छ। अहिले यहींकै एक संस्थामा एचआइभी संक्रमण हुन नदिन जनचेतना अभियानका लागि स्वयंसेवी रूपमा काम गर्दै छु। ■

डा. भाटियाको अनुभव छ, 'नेपालीहरूको नशाप्रतिको लत यति गहिरो छ कि मेरो सम्पर्कमा रहेका कोही पनि नेपालीलाई अहिलेसम्म मैले दुर्व्यसनमुक्त देखेको छैन।'

नेपालका विभिन्न भागबाट दिल्ली आउने अधिकांश नेपाली यमुनाघाट छेउको रेल्वे स्टेसन वा बस टर्मिनलमा उत्रन्छन्। यही वरिपरि मजदुरीका लागि आएका नेपालीहरू पनि प्रशस्तै भेटिन्छन्। 'दिल्लीमा पहिलो पटक टेकेका नेपालीहरू यतै वरपर भड्किन्छन्। उनीहरूले सोचेजस्तो सजिलो काम पनि छैन', शरण नामक संस्थाको एड्स कन्ट्रोल सोसाइटी प्रोजेक्टका म्यानेजर डेभिड थापा भन्छन्, 'अनि नशाको लतमा लागेका नेपालीहरूको संगतले नयाँ आउनेहरू पनि दुर्व्यसनमा फसेको हामीले पाएका छौं।'

दिल्लीको यमुनाघाट क्षेत्र, लालकिल्ला, जामा मस्जिद नेपालीहरूका लागि लागूपदार्थ लिने 'जंक्सन प्वाइन्ट' बनेको थापा बताउँछन्। थापाले यी स्थान वरपर मजदुरीका लागि आएका झन्डै २-३ सय नेपाली युवाहरू लागूपदार्थको दुर्व्यसनमा फसेको अनुमान लगाउँछन्।

'नसोचेको र नजानिँदो पाराले यहाँका नेपाली युवाहरूमा लागूपदार्थको दुर्व्यसन बढिरहेको छ। यसको कुनै एक मात्र कारण छैन', थापा भन्छन्, 'लागूपदार्थ खान ठूलो बहाना पनि चाहिँदैन। यसो साथीभाइ रमाइलो गरौं नशामा डुबेर गम भुलाऔं भनेर लिनेहरू पनि प्रशस्त छन्। तर पछि कति नेपालीको जिन्दगी यही नशाले उजाड बनाइदिएको छ।'

मनोरञ्जन अथवा क्षणिक तनावबाट मुक्ति पाउनका लागि लागूपदार्थ दुर्व्यसनमा लागेको अधिकांशले बताउँदै आएका छन्, तर यसका कारण जीवन उजाड बनेका नेपालीहरू यही यमुनाघाट वरपर भौंतारिरहेका देखिन्छन्। घर ठेगाना उल्लेख गर्न नचाहने २७ वर्षीय हर्क तामाङ यमुनाघाट क्षेत्रका अर्का नेपाली युवक हुन्, जो मजदुरीका लागि घर छोडी दिल्ली छिरेका थिए। त्यसविपरीत उनी फसे लागूपदार्थको दुर्व्यसनमा। 'कमाएर घरपरिवारलाई केही दिन पनि सकिनँ। आफ्नो जीवन पनि बर्बाद भयो', उनी भन्छन्, 'हिजोअस्ति आएका कतिपय भाइहरू यही नशाका कारण मरिसके।'

नशाका लागि कहिलेकाहीँ दुर्व्यसनीबीच झडप समेत हुने गरेका छन्। यसै क्रममा पाँच महिनाअघि धरानका एक १७ वर्षीय किशोरको नशाको निहुँमा झगडा परेर हानाहान पर्दा यही यमुनाघाट क्षेत्रमा मृत्यु भएको थियो।

लागूऔषधको लतमा फसिसकेपछि यसको खर्च धान्न अनेकौं उपाय खोज्नु पर्छ। यसले यहाँका नेपाली चोरी, डकैती तथा हत्यामा समेत सामेल भएका छन्। सेन्टर फर डेभलेपमेन्ट स्टडिजका लागि गोविन्द न्यौपानेले अनुसन्धान गरेको सन् २००५ को प्रतिवेदनअनुसार सन् २००३ देखि ०४ सम्मको एक वर्षको अवधिमा दिल्लीमा रहेका नेपालीहरूको संलग्नता उल्लेख्य रहेको देखाएको छ। भारतबाट प्रकाशित विभिन्न दैनिक पत्रिकालाई उद्धृत गर्दै त्यो एक वर्षमा झन्डै ३ सय ५० जना नेपाली चोरी, डकैती, हत्या र लागूपदार्थ कारोवारमा संलग्न रहेको उल्लेख छ। लागूपदार्थको दलदलमा फसकोहरूलाई यसबाट मुक्ति पाउन उपचार तथा पुनःस्थापन कार्यक्रम आवश्यक हुन्छ। तर दिल्लीका विभिन्न भागमा छरिएर रहेका नेपाली, जो लागूपदार्थका दुर्व्यसनी बनेका छन् उनीहरूको बानी सुधार्ने कुनै कार्यक्रम छैन। सुईको माध्यमबाट लागूपदार्थ प्रयोग गर्ने कतिपय नेपालीमा एचआइभी संक्रमण समेत भएको पाइएको छ। ■

**माओवादी र जनतान्त्रिक मोर्चाले एकले अर्को पक्षलाई सहयोग गरेका आरोपमा सीमावर्ती क्षेत्रका सर्वसाधारणको घर खानतलासी गर्ने, अनावश्यक सोधपुछ गर्ने शंका लागेमा नियन्त्रणमा लिनेदेखि हत्यासमेत गर्ने घटना बढिरहेको छ ।**

# सीमामा आतंक

■ श्यामसुन्दर यादव / राजविराज

**सरकार र माओवादीको** युद्धविरामसँगै मुलुकमा हिंसात्मक गतिविधि रोकिए पनि आतंकको छायाँमा बाँच्न बाध्य छन्, सप्तरी-सिरहाको दक्षिणी सीमावर्ती क्षेत्रका बासिन्दाहरू । पछिल्लो पटक कात्तिक १ गते माओवादी र जनतान्त्रिक तराई मुक्ति मोर्चाबीच सप्तरीको रम्पुरा मल्हनियाँस्थित डलवा पलार (कोशी क्षेत्र)मा दोहोरो भिडन्तपछि त्यस क्षेत्रका बासिन्दा आतंकित भएका हुन् ।

जयकृष्ण गोइत संस्थापक संयोजक रहेको जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट दुई महिनाअघि विभाजित मोर्चाका कार्यकर्ताहरू बैठक बसेका बेला दिउँसो २ बजे माओवादीको जनमुक्ति सेनाले फायरिङ सुरु गरेका थिए । एक सयको संख्यामा रहेका जनमुक्ति सेना र जनतान्त्रिकका कार्यकर्ताहरूबीच दोहोरो भिडन्त भएको थियो । करिब १ घन्टासम्म चलेको दोहोरो भिडन्तका क्रममा २ सय ५० राउन्डजति गोली प्रहार भएको स्थानीय बासिन्दाले बताएका छन् ।

भिडन्तमा कुन पक्षबाट कति क्षति भएको हो, सोबारे कुनै पक्षको स्पष्ट जवाफ आएको छैन । माओवादीको दोस्रो डिभिजन बटालियन कमान्डर बच्चनका अनुसार जनतान्त्रिकतर्फका एक जिम्मेवार कार्यकर्ताको मृत्यु र दुईजना गोली लागी घाइते भएका छन् । उता आफ्ना दुई कार्यकर्ता घाइते भए पनि मृत्यु भने कसैको नभएको तराई मुक्ति सेनाका सैन्य कमान्डर लालको कथन छ । दोहोरो भिडन्तमा एकजना पहाडेमूलका नाम खुल्न नसकेको अन्दाजी ३० वर्षीय जनमुक्ति सेनाका जवानको मृत्यु भएको र पाँचजना घटनास्थलमै गोली गोली ढलेको उनको दाबी छ । घाइतेलाई माओवादीले नै बोकेर लगेकाले थप क्षतिबारे यकिन हुन नसकेको सैन्य कमान्डर लालले बताए । जनतान्त्रिक तराई मुक्ति मोर्चाका अध्यक्ष ज्वाला सिंहका अनुसार भिडन्तमा गोली लागी घाइते भएका पहाडेमूलका एक माओवादीको कात्तिक १ गते राति १२ बजेतिर उपचारको क्रममा तराई मुक्ति सेनाको नियन्त्रणमा मृत्यु भएपछि उच्चसम्मानका साथ दाह संस्कार गरिएको छ । तर उक्त घटनामा माओवादीतर्फ कोही पनि नमारिएको जिल्ला सेक्रेटरी अमरको कथन छ ।

यो घटनापछि माओवादीहरू युनिफाइड तथा गणतान्त्रिक मधेस अभियानका नाउँमा सीमावर्ती क्षेत्रमा बस्न थालेपछि त्यस क्षेत्रका बासिन्दा त्रसित भएका छन् । कुन बेला जनतान्त्रिकले पुनः माओवादीमाथि आक्रमण गर्ने हो र त्यसमा आफूहरू पनि परिने हो भन्ने चिन्ताले छोएको स्थानीय बासिन्दाहरू बताउँछन् । विगत दुई वर्षदेखि जनतान्त्रिक कार्यकर्ताहरू डलवा, सकरपुरा, रम्पुरा मल्हनिया, तिलाठी, लौनिया, मधेपुरा लगायतका क्षेत्रमा सेल्टर लिई बस्दै आएका थिए । हाल उक्त क्षेत्रमा माओवादीले कारबाही तीव्र पार्दै लगेपछि जनतान्त्रिकका कार्यकर्ताहरू भारतको विहार राज्यका गाउँहरूमा शरण लिन पुगेको बताइएको छ ।

जनतान्त्रिकलाई सहयोग गरेको आरोपमा माओवादीको जनमुक्ति सेनाले सर्वसाधारणको घर खानतलासी गर्ने, अनावश्यक सोधपुछ गर्ने र शंका लागेमा नियन्त्रणमा लिने गरेको पीडितहरूको कथन छ । पछिल्लो पटक जनमुक्ति सेनाले सकरपुरा-७ का भ्फौली मुखियालाई कात्तिक ५ गते नियन्त्रणमा लिई दुई दिनपछि रिहा गरेको छ । यसैगरी जनतान्त्रिकको मोरङ जिल्ला संयोजक रहेको आरोपमा नियन्त्रणमा लिइएका जीवनज्योति झा एक महिनाको अनुसन्धानपछि कात्तिक ६ गते सञ्चारकर्मीको रोहबरमा सप्तरीको भारदहस्थित जनमुक्ति सेनाको आधार शिविरबाट रिहा भएका छन् । पछिलो पटक एक महिनाअघि जनतान्त्रिकको आशंकामा नियन्त्रणमा लिएका रामनगर कोदरकटीका देवनारायण यादवलाई कात्तिक १२ गते मुक्त गरिएको छ ।

रम्पुरा मल्हनियाँ गाविसस्थित डलवा पलारमा धेरै पहिलेदेखि नै आपराधिक चरित्रका नेपाल तथा भारतका व्यक्तिहरूको आश्रयस्थल नै बनेको थियो । उक्त क्षेत्रमा दुई वर्षदेखि जनतान्त्रिक कार्यकर्ताले सेल्टरको प्रयोग गर्न थालेपछि आपराधिक गतिविधिमा कमी आएको स्थानीय बासिन्दाहरूको अनुभव छ । सीमावर्ती क्षेत्रका गाउँ तथा कुनौली नाका चौकबाट पहाडेमूलका बासिन्दालाई नियन्त्रणमा फिरौती लिएर छाड्ने तथा फिरौती न दिनेलाई हत्या गर्न समेत पछि पर्दैनथे । २०६३ वैशाख ४ गते उदयपुर बसहा-८ का युवा दिनेश राउत र त्यसको पाँच दिनअघि राजु घिसिङको हत्या गरिसकेका छन् । अपहरणपश्चात् फिरौती दिएर मुक्त हुने पहाडेमूलका बासिन्दाको संख्या झन्डै २ दर्जन हाराहारीमा छ ।

गत जेठ २० गते रम्पुरा मल्हनिया गाविसका निवर्तमान अध्यक्ष बद्री यादवको र असार २० गते सीमावर्ती क्षेत्र कुनौली बोर्डर चोकमा र छिन्नमस्ताका महेन्द्रप्रसाद यादव र विजय झाको हत्या गरिएपछि त्रासको आतंक सृजना भएको हो । जनतान्त्रिकको गतिविधि तीव्र भइरहेकै बेला भारतीय डाँकाद्वारा असोज ४ गते जिल्लास्तरका कार्यकर्ता हरिश्चन्द्र भनिने श्रीप्रसाद यादव मारिए । आक्रोशित जनतान्त्रिकको समूहले सप्तरीको बर्साइन गाविसस्थित बसबाट लुटिएको सामान भागबन्डा गर्ने क्रममा भारतीय डाँका जलाइ यादवका भाइ शम्भु यादवलाई असोज ५ गते राति नियन्त्रणमा लिई गोली हानी हत्या गरेका थिए ।

यसरी शृंखलाबद्ध आक्रमण-प्रत्याक्रमणको क्रम तीव्र हुँदै गएपछि सीमावर्ती क्षेत्रका कतिपय बासिन्दा सदरमुकाम राजविराजमै बस्न थालेका छन् । आफूहरूले सीमावर्ती क्षेत्रका बासिन्दालाई चोरी डकैती जस्ता आपराधिक गतिविधिबाट जोगाउँदै आएको ज्वाला सिंह समूहका जनतान्त्रिक तराई मुक्ति मोर्चाका केन्द्रीय सदस्य विवश विद्रोहीको कथन छ । यसैगरी स्थानीय बासिन्दाको चाहनाअनुसार जनमुक्ति सेनाले जनताको सुरक्षा दिन सीमावर्ती क्षेत्रमा अभियान नै चलाएको माओवादीका जनकपुर सगरमाथा ब्युरो सदस्य एवं सप्तरीका सह-इन्चार्ज दिनकरको भनाइ छ ।




सीमावर्ती क्षेत्रमा हतियार बोकी गस्ती गर्दै जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह 'समूह')का विद्रोहीहरू

# गरिबमाथि विश्वास

**ग्रामीण अर्थशास्त्रका प्राध्यापक युनुसले गाउँका साधन र स्रोतविहीन गरिबलाई साना ऋणमार्फत माथि उठाउन सकिन्छ कि भन्ने सोच परीक्षण गरे, जोबरा गाउँकी एक महिला मेमुनालाई २७ अमेरिकी डलर बराबरको बंगलादेशी टाका ऋण दिएर । उनले यसको परिणाम सकारात्मक पाए । ती महिलाले तोकिएको समयमा साँवा र ब्याज मात्रै भुक्तानी गरिनन्, आफूले पनि केही रकम आम्दानी हात पार्न सफल भइन् ।**

■ मधुसूदन पौडेल/काठमाडौं



मुहम्मद युनुस


**प्राध्यापक मुहम्मद युनुस,** नोवेल शान्ति पुरस्कारबाट सम्मानित लघुवित्त कार्यक्रमका प्रणेता । गरिबप्रतिको विश्वास जागृत गराएर वास्तवमा उनले गरिबका लागि सामान्य तर असाधारण काम गरेका छन् । त्यसैले उनले विश्वले पत्याउन गाह्रो मानिरहेका बेला बंगलादेशका गरिबलाई विश्वास गरे र विनाधितो ऋण प्रवाह गरेर उनीहरूको जीवनस्तर माथि उकासे ।

गरिबी निवारणका नटुंगिने बहस चलिरहेका बेला उनले सन् १९७० को दशकमा प्रस्ट सन्देश दिए, जबसम्म गरिबलाई आय आर्जनका अवसर दिइँदैन तबसम्म गरिबी निवारणका योजना कथामै सीमित रहनेछन् । गरिबका लागि सबैभन्दा महत्त्वपूर्ण पक्ष उनीहरूप्रति गरिने विश्वासभन्दा केही हुन सक्दैन किनभने गरिबसँग सम्पत्ति हुँदैन । वित्तीय संस्थाहरूले उनीहरूलाई विनाधितो ऋण नदिने र त्यस्ता ऋणलाई जोखिमका रुपमा परिभाषित गरिने हो भने गरिबले आय आर्जन वृद्धिका लागि केही काम गर्न सक्दैनन् । उनीहरूको गरिबी पुस्तौंसम्म लम्बिनुको विकल्प पनि हुँदैन । यही सोच कार्यान्वयन गरे उनले बंगालादेशी भूमिमा र विश्वमा गरिबी निवारणका लागि आफूलाई नमुना सावित गराए । एक अमेरिकी विश्वविद्यालयमा अर्थशास्त्रका शिक्षक युनुस बंगलादेश स्वतन्त्र भएपछि चटगाउँ विश्वविद्यालयमा नफर्किएको भए सम्भवतः उनले गरिबी यति नजिकबाट देख्ने मौका नै पाउने थिएनन् र नोबेल पुरस्कार पाउने सम्भावना पनि हुने थिएन । उनले बंगलादेशका गरिबको मुहारमा खुसी त भर्नुका साथै विश्वमै लघुवित्त कार्यक्रममार्फत गरिबी घटाउन सकिने बलियो उपाय सिकाइदिए । यस अर्थमा उनी यो दुनियाँमा लघुवित्तका पिताका रुपमा स्थापित बनेका छन् ।

उनले चटगाउँ विश्वविद्यालयमा फर्किएपछि दक्षिण एसियाको अल्प विकसित यो मुलुकको गरिबीलाई आफ्नै अगाडि देखे । ग्रामीण अर्थशास्त्रका प्राध्यापक युनुसले गाउँका साधन र स्रोतविहीन गरिबलाई साना ऋणमार्फत माथि उठाउन सकिन्छ कि भन्ने सोच परीक्षण गरे, जोबरा गाउँकी एक महिला मेमुनालाई २७ अमेरिकी डलर बराबरको बंगलादेशी टाका ऋण दिएर । उनले यसको परिणाम सकारात्मक पाए । ती महिलाले तोकिएको समयमा साँवा र ब्याज मात्रै भुक्तानी गरिनन्, आफूले पनि केही रकम आम्दानी हात पार्न सफल भइन् । वास्तवमा यो प्रयोगबाट उत्साहित प्राध्यापक युनुस बंगालादेशका गरिबका लागि यस्ता साना ऋण उपयोगी हुने निष्कर्षमा पुगे र कार्यक्रम विस्तारका लागि बैंकहरू चहार्न थाले । विनाधितो त्यो पनि गरिबहरूका लागि, बंगलादेशी बैंकहरूसँग यस्तो जोखिममा लगानी गर्ने कार्यक्रम नै थिएन । त्यसैले उनले कार्यक्रम संचालनका लागि धेरै प्रयास गर्नुपर्‍यो । भनिन्छ, गरिबहरूलाई विनाधितो ऋण प्रवाह गर्नका लागि उनले बैंकसमक्ष आफूलाई धितो राखेका थिए । गरिबप्रतिको उनको विश्वास सफल हुँदै गएपछि सरकारले केन्द्रीय बैंकमार्फत औपचारिक रुपमा नै लघुवित्त कार्यक्रम सुरु गरायो । अहिले गरिबमुखी यो कार्यक्रममा बंगलादेश अगुवा बनेको छ ।

गरिबका लागि ऋणभन्दा सामान्यतया अनुदान दिनु राम्रो हो भन्ने गरिन्छ । तर, प्राध्यापक युनुसले

**मुहम्मद युनुसले आफ्नो मुलुकका लागि मात्रै होइन, नेपाली गरिबका लागि पनि अभावमुक्त जीवनमा उक्लिनका लागि गोरेटो खनिदिएका छन् । त्यसैले त युनुस र उनको ग्रामीण बैंकले नोवेल पुरस्कार पाउँदा नेपालमा लघुवित्तका अग्रजहरूको अनुहारमा पनि चमक भरिएको छ । नेपालमा युनुसका प्रथम अनुसरणकर्ता मानिने निर्धन उत्थान बैंकका मुख्य कार्यकारी डा. हरिहरदेव पन्तले यसै खुसीमा केही 'साथीभाइ'लाई डिनरमा डाके ।**


डा. हरिहरदेव पन्त

सन् १९७४ मा बंगलादेशमा गरिबी निवारणका लागि गरिबलाई बाँडिएको अनुदानको प्रतिफल राम्रोसँग अध्ययन गरेका थिए । दाताहरूबाट अनुदान आउँदासम्म गरिबका पेट भरिएका थिए । तर, अनुदान आउन छाड्दाका दिन ती गरिबको पेट फेरि खाली नै रह्यो । त्यसैले जबसम्म उनीहरूलाई दिगो आय आर्जनको बाटोमा लगाउन सकिँदैन, अनुदान बाँड्नुको परिणाम यही हुन्थ्यो । गरिबी अन्त्यका लागि गरिबहरू आफैं काममा सक्रिय हुनु पर्छ र त्यसका लागि नाफा कमाउने बाटोमा कठिन मेहनत त गर्नै पर्छ । लिएको ऋण तिर्न र आफूले पनि जोगाउन त्योभन्दा बढी आम्दानी गर्नुपर्छ भन्ने कुरा बुझाउनु नै गरिबका लागि महत्त्वपूर्ण कुरा थियो । बंगलादेशी गरिबले यो कुरा बुझेपछि उनीहरूले आफ्नो जीवनस्तर मात्रै उकासेनन्, एकाध गाउँबाट सुरु भएको यो कार्यक्रमको फाइदा देशभरका गरिबको आँगनमा पुग्यो र थप धेरै गरिबहरू यसबाट लाभान्वित बने । एउटी गरिब महिला मेमुनाबाट सुरु भएको यो कार्यक्रम अहिले बंगलादेश ३ करोड ३१ लाख जनतामा फैलिएको छ ।

वास्तवमा प्राध्यापक युनुसका लागि गरिबीले भरिएका बंगालादेशका गाउँ नै विश्वविद्यालय र अभावमा बाँचेका जनता विद्यार्थीमा परिणत भए केही समयभित्रै । साँच्चिकै तल्लो वर्गका गरिबहरू यो कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित बनेपछि सरकारले २ अक्टुवर १९८३ मा ग्रामीण बैंक अध्यादेश जारी गर्‍यो र विधिवत् रुपमा ग्रामीण बैंक स्थापना गरियो । यो बैंकबाट ऋण लिनका लागि अनिवार्य योग्यता हो, सकेसम्म तल्लो तहको गरिब हुनु र अन्ततः तिनै गरिबहरूलाई नै बैंकको मालिक बनाउने योजना पनि । वास्तवमा युनुसले दुई दशक लामो प्रयत्नमा त्यो पूरा गरेका छन् । अहिले ग्रामीण बैंकको ९४ प्रतिशत सेयर तिनै गरिब ऋणी सदस्यहरूको हातमा छ भने ६ प्रतिशत सेयर मात्रै सरकारको हातमा छ । बंगलादेशका ७१ हजार गाउँमा सेवा विस्तार गरेको यो बैंकमा ९७ प्रतिशत सदस्यहरू महिला छन् । २ सय ९० अर्ब टाका लगानी गरी यो बैंकले २ सय ५८ अर्ब रुपैयाँ उठाइसकेको छ भने अहिले ३२ अर्ब टाका लगानीमा रहेको छ । गरिबहरू कति इमानदार छन् भन्ने कुरा बैंकको अत्यन्तै न्यून खराब कर्जाले पुष्टि गरेको छ । यो बैंकको खराब कर्जा ०.५ प्रतिशत मात्रै रहेको छ, जब कि यस्ता मुलुकका वाणिज्य बैंकहरूको अर्बौं रकम खराब कर्जामा परिणत भएका कारण वित्तीय संकट निम्तिने गरेका छन् ।

विश्व बैंकका अनुसन्धानहरूले बंगलादेशको गरिबी निवारणमा ग्रामीण बैंकको भूमिका उच्च देखाएका छन् । यसकै परिणाम हो, यसका प्रवर्तक युनुस र यो बैंकले नोवेल पुरस्कार हात पार्नु । प्रत्येक वर्ष यो बैंकका सदस्यहरूमध्ये पाँच प्रतिशत सदस्यहरू गरिबीको रेखाबाट माथि उक्लिएका छन् र गरिबी न्यूनीकरणमा बंगलादेश सरकारले राहतको सास फेरिरहेको छ ।

## नेपालीलाई पनि गर्व

मुहम्मद युनुसले आफ्नो मुलुकका लागि मात्रै होइन, नेपाली गरिबका लागि पनि अभावमुक्त जीवनमा उक्लिनका लागि गोरेटो खनिदिएका छन् । त्यसैले त युनुस र उनको ग्रामीण बैंकले नोवेल पुरस्कार पाउँदा नेपालमा लघुवित्तका अग्रजहरूको अनुहारमा पनि चमक भरिएको छ । नेपालमा युनुसका प्रथम अनुसरणकर्ता मानिने निर्धन उत्थान बैंकका मुख्य कार्यकारी डा. हरिहरदेव पन्तले यसै खुसीमा केही 'साथीभाइ'लाई डिनरमा डाके । अर्का अग्रज शंकरमान श्रेष्ठ आफूहरू पनि सम्मानित भएको गर्व गर्दै भनिरहेका छन्- यो सम्मान समग्र लघुवित्त आन्दोलनका लागि पनि हो । उनी नेपालमा संचालित रुरल माइक्रोफाइनान्स डेभलपमेन्टका प्रमुख कार्यकारीका रुपमा कार्यरत छन् ।

नेपालमा गरिब केन्द्रित यो कार्यक्रम २०४६ सालको राजनीतिक परिवर्तनपछि मात्रै सुरु भएको हो । यो कार्यक्रम कार्यान्वयनका लागि उनै युनुसले नै सहयोग गरेका हुन् । ग्रामीण बैंकअन्तर्गतको 'ग्रामीण कोष'ले निर्धन संस्था सुरु गर्न ३५ हजार अमेरिकी डलर सापटी दिएको थियो । बंगलादेशका अनुभवहरू सँगाल्न र तालिम दिने काममा समेत सघाएको थियो उसले । त्यसका अतिरिक्त एसिया-प्यासिफिक डेभलपमेन्ट सेक्टर (एपिडिसी) ले पनि निर्धन संचालनका लागि २५ हजार डलर सापटी दिएको थियो ।

युनुसको ग्रामीण बैंकको ठ्याक्कै अनुसरण गरी नेपालमा अहिले पाँचवटा ग्रामीण विकास बैंक र लघुवित्त कार्यक्रममा केन्द्रित अन्य चारवटा बैंकहरू क्रियाशील छन् । नेपालको चर्को गरिबी घटाउने योजना कार्यान्वयनका लागि नेपाल सरकारले २०४९ सालमा ग्रामीण विकास बैंकको स्थापना गरेको थियो । अहिले पाँचै विकास क्षेत्रमा ती बैंक फैलाइएका छन् । तर, राजनीतिक अस्थिरता र चर्को राजनीतिकरणका कारण ती बैंकहरूले आशातीत परिणाम दिन सकेका छैनन् । डा. पन्त भन्छन्, 'तर उनीहरूले गर्न खोजेको काम राम्रो छ । निरास हुनु पर्ने अवस्था छैन ।' संस्थानमा जस्तै गरिएको राजनीतिक भर्ती, सरकार परिवर्तनसँगै हुने पदाधिकारीहरूको परिवर्तन र माओवादी द्वन्द्वका कारण नेपालका ग्रामिण विकास बैंकहरूको व्यवस्थापन चुस्त बन्न सकिरहेको छैन । उनीहरू आशा गरिएअनुरुप गरिबको दैलोमा पुगेर सेवा दिन सकेका छैनन् । पाँचवटा ग्रामीण विकास बैंकमा अहिले १ लाख ६७ हजार गरिबहरू सदस्यका रुपमा आबद्ध छन् ।

स्वावलम्बन, निर्धन उत्थान, छिमेक र डिप्रोस बैंकहरू नेपालको लघुवित्त कार्यक्रमका अगुवाका रुपमा कार्यरत छन् । तिनीहरूले देशका पिछडिएका विभिन्न जिल्लालाई आफ्नो कार्यक्षेत्र बनाएका छन् । ती बैंकमा १ लाख ३५ हजार स्थानीय गरिबहरू सदस्यका रुपमा सम्बद्ध छन् । नेपालमा २१ लाख विपन्न परिवार रहेका छन् । कुल ३ लाख ५३ हजारभन्दा बढी परिवारले यो प्रणालीअन्तर्गतको सेवा प्राप्त गरेका छन् । पाँच ग्रामीण विकास बैंक र चार माइक्रो फाइनान्समार्फत अहिलेसम्म २३ अर्ब ५३ करोड रुपैयाँ लगानी गरिएको छ भने करिब १९ अर्ब रुपैयाँ असुल गरिएको छ । अहिले गरिब जनतामा करिब ३ अर्ब रुपैयाँ लगानीमा छ । राष्ट्र बैंकका अनुसार नेपालका ४७ जिल्लामा लघुवित्त कार्यक्रम विस्तार भएको छ । नेपालमा करिब ५० वटा अन्य लघुवित्त संस्थाहरू पनि कार्यरत छन् ।

गरिबी निवारणमा बंगलादेशको तुलनामा नेपालको लघुवित्त कार्यक्रमको योगदान उल्लेख्य हुन सकिरहेको छैन । अर्कोतर्फ यस कार्यक्रममार्फत गरिबी न्यूनीकरणमा पुगेको योगदानका बारेमा अहिलेसम्म अध्ययन पनि गरिएको छैन । डा. पन्त भन्छन्, 'आँखाले देखेको आधारमा पनि लघुवित्त कार्यक्रममा समेटिएका ९० प्रतिशत जनताको जीवनस्तरमा सुधार आएको छ ।' नोवेल पुरस्कार विजेता युनुसको विश्लेषणमा पनि गरिबीबाट मुक्त हुनु भनेको विलासी बन्नु होइन, आवश्यकता परिपूर्ति गर्नु मात्रै हो । ■

## एडिबीको ७ अर्ब सहयोग

एसियाली विकास बैंक (एडिबी)ले नेपालको ग्रामीण क्षेत्रको वित्तीय सेवा विस्तारका लागि सात अर्ब रुपैयाँभन्दा बढी सहयोग उपलब्ध गराउने भएको छ। एडिबीले 'ग्रामीण वित्तीय क्षेत्र विकास एकीकृत कार्यक्रम'अन्तर्गत उक्त सहयोग दिने निर्णय गरेको बताएको छ। सहयोग राशि १० करोड अमेरिकी डलर रहेको छ। कृषि विकास बैंकको पुँजीकरण, साना किसान विकास बैंकको पुनर्संरचना तथा बैंकिङ प्रशिक्षण प्रतिष्ठानमा सहयोग उपयोग गरिनेछ। त्यसका साथै एडिबीले प्राविधिक सहयोग पनि उपलब्ध गराउनेछ।

## सर्वोच्चमा एटिएम




बैंक अफ काठमान्डु लिमिटेडले सर्वोच्च अदालत परिसरमा अटोमेटिक टेलरिङ मेसिन (एटिएम) सेवा प्रारम्भ गरेको छ। प्रधानन्यायाधीश दिलीपकुमार पौडेलले एक समारोहबीच उक्त सेवाको शुभारम्भ गरेका थिए। अदालत परिसरमा स्थापना गरिएको एटिएम सेवाबाट अदालतमा आउने सर्वसाधारण लाभान्वित बन्ने विश्वास बैंकले गरेको छ। बैंकले सर्वसाधारणको सुविधाका लागि राजधानी लगायतका स्थानमा एटिएम सुविधा उपलब्ध गराउँदै आएको छ।

## श्रेष्ठलाई टोयोटा कार


मुख्य कार्यकारी अधिकृत अनिल शाह

'नविल बचत'अन्तर्गत संचालित लक्की ड्र मा विनय बहादुर श्रेष्ठ भाग्यमानी ग्राहक सावित भएका छन्। उक्त योजनामा सहभागी ग्राहकबीचमा खोलिएको लक्की ड्र मा श्रेष्ठले करिब २० लाख रुपैयाँ पर्ने टोयोटा कार हात पार्नेछन्। विजेताको इच्छाअनुसार नगद उपहार समेत पनि दिन सकिने बैंकले जनाएको छ। बैंकले डिपोजिट बढाउन उक्त बचत योजना सुरु गरेको थियो। भविष्यमा पनि यस्तो बचत योजना जारी रहने जानकारी बैंकका मुख्य कार्यकारी अधिकृत अनिल शाहले बताएका छन्। यस योजनाका सहभागीलाई वार्षिक चार प्रतिशत ब्याजदर र लक्की ड्र मा सहभागी बन्न पाउने अवसर दिइएको छ।

## जिएमजीको काठमाडौं उडान

बंगलादेशको निजी विमान कम्पनी जिएमजी एयरलाइन्सले ढाका-काठमाडौं उडान गर्ने भएको छ। उक्त एयरलाइन्सको नेपालका लागि जनरल सेल्स एजेन्ट (जिएसए) जेनिथ ट्राभल्सका अनुसार उक्त विमान कम्पनीले नेपालमा साताका तीनवटा उडान भर्नेछ। हालै आयोजित पत्रकार सम्मेलनमा कम्पनीका अन्तर्राष्ट्रिय व्यापार निर्देशक वीरेन्द्र नौतियालले हवाई सेवाको विस्तारको फाइदा नेपाल र बंगलादेश दुवैले फाइदा उठाउने बताएका छन्। पर्यटन विस्तारमा यसको सकारात्मक विश्वास नेपाली व्यवसायीको छ। जेनिथ ट्राभल्सका प्रबन्ध निर्देशक जोय देवानले नयाँ उडानबाट दक्षिण एसिया तथा दक्षिणपूर्वी एसियाका पर्यटक आवागमनमा वृद्धि हुने बताए।


जिएमजी एयरलाइन्सका कर्मचारी

## युवतीका लागि इमामीका क्रिम




इमामीले किशोरी एवं युवतीको सुन्दरता बढाउने 'फेयर एन्ड टिन' र 'फेयर एन्ड एजलेस' दुई क्रिम नेपाली बजारमा ल्याएको छ। पेपटाइड प्रविधिमा आधारित यी क्रिम अमेरिकाको एक्टिभोर कर्पोरेसनको सहयोगमा तयार पारिएको बताइएको छ। तीन वर्ष उमेरमाथिका किशोरीका लागि 'फेयर एन्ड एजलेस' र युवतीको सुन्दरता बढाउन 'फेयर एन्ड टिन'को प्रभावकारिता धेरै रहने जानकारी दिइएको छ। यी क्रिमको प्रयोगले विकिरणको असरबाट बच्न सकिने र डन्डिफोर लगायतका खटिराको संक्रमणबाट बच्न सकिने दाबी गरिएको छ। बढ्दो उमेरका महिलाको सुन्दरता जोगाउन पनि क्रिम उपयोगी हुने बताइएको छ।







अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष गणेश थापा।

# दादागिरी

■ नवीन अर्याल/काठमाडौं (तस्वीर: तेज बस्नेत)

**शास्त्रीय कम्युनिष्ट पार्टीको महासचिवभन्दा पनि एन्फा अध्यक्षलाई शक्तिशाली बनाएका गणेश थापाले एन्फालाई मनोमानी तवरले संचालन गर्दा पनि खेलकुदपरिषद्, शिक्षा मन्त्रालय मात्र होइन एसियाली फुटबल महासंघ (एएफसी) र विश्व फुटबल महासंघ (फिफा) समेत मुकदर्शक भएर बसेका छन्।**

प्रतिनिधिसभाले राजा ज्ञानेन्द्रलाई समेत असीमित अधिकारबाट निरस्त गरिसकेको छ। तर नेपाली खेलकुदमा एकजना यस्ता व्यक्ति छन्, जसले जतिसुकै अवैधानिक काम गरे पनि उनीविरुद्ध औंला ठड्याउने वा कानुनी कारबाही गर्न कसैले हिम्मत गर्दैन। उनमा सक्रिय राजा ज्ञानेन्द्रमा भन्दा अधिक अधिकार छ भन्छन्, खेलकुद क्षेत्रका सरोकारवालाहरू। नेपाली खेलकुदका ती 'व्यक्तित्व' हुन्, अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष गणेश थापा।

उनी यतिसम्म माहिर देखिएका छन् कि करोडौं रुपैयाँको बजेट भएको एन्फालाई आफूखुसी संचालन गरिरहेका छन्। एन्फाको नेतृत्वमा १२ वर्ष बिताइसकेका थापा असोज १८ को शाहीकालपछि क्रमश: शक्तिशाली बन्दै गएका छन्। त्यसपछिका प्रत्येक वर्ष विधान संशोधन गर्ने क्रममा आफूलाई थप शक्तिशाली बनाउँदै जुनसुकै संघसंगठन प्रजातान्त्रिक तवरबाट संचालन गर्नुपर्छ भन्ने आम मान्यतालाई उनले तीलाञ्जली दिएका छन्।

असोज १८ लगत्तै नेपाली खेलकुदमा भएको फेरबदलका कारण राष्ट्रिय खेलकुद परिषद्को उपाध्यक्ष समेत नियुक्त भएपछि उनको चलखेल झनै बढेको तथ्यहरूले देखाउँछन्।

कार्यसमितिको गठनसम्बन्धी धारा २०५९ साल माघ १७, २०६० साल कात्तिक १८ र २०६१ साल असोज २६ गते गरी तीनपल्टको साधारणसभाबाट संशोधन गराएर सर्वाधिकार सम्पन्न बनाएका हुन्।

शास्त्रीय कम्युनिष्ट पार्टीको महासचिवभन्दा पनि एन्फा अध्यक्षलाई शक्तिशाली बनाएका उनले एन्फालाई मनोमानी तवरले संचालन गर्दा पनि खेलकुदपरिषद्, शिक्षा मन्त्रालय मात्र होइन एसियाली फुटबल महासंघ (एएफसी) र विश्व फुटबल महासंघ (फिफा) समेत मुकदर्शक भएर बसेका छन्।

एएफसीको विधानमा आधारित भनिएको एन्फाको विधानमा अध्यक्ष र कार्यसमितिमा असीमित अधिकार केन्द्रित गरिएका प्रशस्तै उदाहरणहरू छन्। २०६० साल कात्तिक १८ गते संशोधन गरिएको भनिएको कार्यसमिति गठनसम्बन्धी दफामा कार्यसमितिबाट पाँचजना मनोनयन गर्ने प्रावधान थपेका थापाले त्यसको एक वर्षपछि २०६१ असोज २६ गते साधारणसभाद्वारा एन्फा अध्यक्षले ६ जना मनोनयन गर्ने प्रावधान संशोधन गराएका थिए। यसअघि संघको विधानमा यस्तो कुनै प्रावधान थिएन भने आफू एएफसी र फिफाको विधानलाई अनुसरण गर्दै आइरहेको दाबी गर्ने थापाले विधान संशोधनको नाममा एएफसीको विधान नै मिचेका छन्। एन्फाको विधानले साधारणसभा (कंग्रेस) भन्दा कार्यसमिति र कार्यसमितिभन्दा अध्यक्षलाई सर्वेसर्वा बनाएर विधिको सर्वव्यापी मान्यताको उल्लंघन गरेको छ।

कार्यसमिति र अध्यक्षलाई कतिसम्म असीमित अधिकार दिइएको छ भन्ने उदाहरण विधानको दफा २३.१ लाई मान्न सकिन्छ। उक्त दफामा विधानमा व्यवस्था नभएका कुरा कार्यसमितिले

निर्णय गर्न सक्ने प्रावधान राखिएको छ। तर, रोचक कुरा के छ भने उक्त दफा साधारणसभाद्वारा थप गरिएको प्रावधान हो वा होइन भन्ने विषयको विवाद नै टुंगिएको छैन।

एन्फाका केही पदाधिकारीहरू साधारणसभामा पेस नै नगरी थापाले विधान प्रकाशित गर्दा त्यस्तो व्यवस्था राखेको दाबी गर्छन्। उक्त प्रावधानले कार्यसमितिलाई सर्वोच्च निकाय र विधानकै संशोधनले अध्यक्षलाई सर्वेसर्वा बनाएको छ। तर, उनी यस कुराको खण्डन गर्छन्। 'विधानमा कुनै किसिमको खोट छैन। ऐन संशोधन गर्ने अधिकार मसँग छैन, यो साधारणसभाद्वारा हुने कुरा हो। त्यसैले ममाथि आरोप लगाउनु निराधार हो', अध्यक्ष थापाले *समय*लाई प्रतिक्रिया दिए।

विधानको वैधानिकताबारे लागेको प्रश्नचिन्हलाई थाती राख्ने हो भने पनि यसमा अनेकौं गम्भीर त्रुटि देखिएका छन्। कानुनका जानकार विधानले प्रजातान्त्रिक पद्धतिलाई पूर्ण रुपमा बेवास्ता गर्नुका साथै एन्फालाई एकाधिकारी व्यवसायिक प्रतिष्ठान बनाउन खोजिएको दाबी गर्छन्।

राष्ट्रिय खेलकुदपरिषद्का कानुनी सल्लाहकार ओम थपलिया 'साधारणसभाले पारित नगरेको विषय विधानमा प्रकाशित गर्नु सरासर गैरकानुनी काम हो' भन्छन्। 'त्यसरी भएको संशोधनको कुनै कानुनी मान्यता हुँदैन', उनी भन्छन्, 'त्यति मात्र होइन, त्यस्तो कसुर गरिएको ठहरेमा संघलाई विघटन, पुनर्गठन र भंग गर्ने अधिकार परिषद्सँग छ।'

विधान संशोधन कुन प्रक्रियाबाट सम्पन्न भयो भन्ने विषयमा थुप्रै विरोधाभास छ। तर, थापा फिफा र एएफसीको मार्गदर्शनअनुसार आफूहरूले काम गरिरहेको बताउँछन्। 'हामी फिफा र एएफसीको मार्गदर्शनअनुसार नै काम गरिरहेका छौं', उनी दाबी गर्छन्, 'एन्फा कसरी चलाउने भन्ने अरूको चासोको विषय होइन।'

ओलम्पिक कमिटीका सदस्य तथा अधिवक्ता उपेन्द्रकेशरी न्यौपाने एन्फाको विधान अध्यक्षमुखी र प्रजातान्त्रिक मूल्यमान्यताभन्दा बाहिर रहेको जानकारी दिएका छन्। 'साधारणसभालाई बाइपास गर्ने गरी सम्पूर्ण अधिकार कार्यसमिति र अध्यक्षमा केन्द्रित गर्ने प्रावधान राखिएको छ। यतिमात्र होइन विधान संशोधन गर्दा निश्चित प्रक्रिया अवलम्बन नगरी काम गरेको देखिन्छ', न्यौपाने भन्छन्।

विधानमा धारा १६ को आर्थिक समिति शीर्षकमा रहेको दफा १६ को उपदफा ५ को महल १ मा आर्थिक समितिमा एकजना सभापति, मानार्थ कोषाध्यक्ष र कार्यसमितिको तीनजना सदस्यहरू रहने प्रावधान राखेर संघको आर्थिक कारोवारमा कोषाध्यक्षभन्दा पनि आफ्नो प्रभुत्व कायम राख्न खोजेको देखिन्छ। यतिमात्र होइन, मुलुकको प्रचलित कानुनमा जस्तोसुकै व्यवस्था भए पनि एन्फाभित्र हुने गरेका विवादहरू कार्यसमिति वा एन्फाद्वारा नियुक्त मध्यस्थ न्यायाधिकरणको निर्णयउपर उजुरी गर्न नपाउने हास्यास्पद दफा राखेर प्राकृतिक न्यायको सिद्धान्तको खिल्ली उडाउने काम भएको छ।

वैधानिकता प्रश्नचिन्ह लागेको यही विधानअनुसार २०६२ साल भदौ १७ गते याक एन्ड यती होटलमा भएको एन्फाको चुनावमा थापा तेस्रो कार्यकालका लागि निर्विरोध निर्वाचित भएका थिए।

देशी विदेशी स्रोतसहित ठूलो बजेट खर्चिने आकर्षक संस्थाका अगुवाहरूले नै विधानको सरासर खिल्ली उडाउँदा समेत परिषद् र सरकारले कानमा तेल हालेर बसिरहने हो भने नेपाली फुटबल विश्व प्रतिस्पर्धामा अझ पछि धकेलिने कुरालाई नकार्न सकिँदैन। ■

# बेपत्ता निर्मला

**गत वर्ष देशमा** भएका विभिन्न दौड प्रतियोगिताहरूमा सातवटा राष्ट्रिय कीर्तिमान बनाउँदै एकाएक नेपाली एथ्लेटिक्समा उदाएकी निर्मला भारती जर्मनीमा बेपत्ता भएकी छन्। असोज ८ गते बर्लिनमा आयोजना भएको भ्याटिनफल म्याराथनमा भाग लिन जर्मनी पुगेकी निर्मला खेल सम्पन्न भएपछि सम्पर्कविहीन बनेकी थिइन्। उनी प्रतियोगितामा सहभागी भएपश्चात् असोज १६ गतेभित्रै नेपाल फर्किने पूर्वघोषित कार्यक्रम रहे पनि अहिलेसम्म उनको अत्तोपत्तो लागेको छैन।

'हामीले सम्पर्क स्थापित गर्ने प्रयास गरिरहेका छौं', नेपाल प्रहरीको खेलकुद विभागका पदाधिकारी बुद्धि गुरुङले *समय*सँग भने। महेन्द्र पुलिस क्लबकी यी धाविका आफ्नो व्यक्तिगत निम्तोमा असोज ५ गते जर्मनी पुगेकी थिइन्। सन् २००४ मा बर्लिनमै भएको हाफ म्याराथनमा उनको प्रदर्शन गतिलो भएपछि आयोजकले उनलाई फुल म्याराथनमा भाग लिन निम्तो पठाएका थिए। उनले दौड दुई घन्टा ५८ मिनेट ३९ सेकेन्डमा पूरा गर्दै राष्ट्रिय कीर्तिमान राखेकी थिइन्। जर्मनी बस्दा उनलाई आवश्यक पर्ने वासस्थान र खानाको व्यवस्था लामो समयदेखि नै बर्लिनमा बस्दै आइरहेका गैरआवासीय नेपाली (एनआरएन) नीलेन्द्र श्रेष्ठले मिलाएका थिए। आगामी डिसेम्बरमा कतारको राजधानी दोहामा हुन लागेको एसियाडका लागि छनोट भइसकेको सन्दर्भमा उनको पलायनले देशलाई ठूलो घाटा लागेको छ। 'दुःखलाग्दो घटना भयो। देशले लगानी गरेको खेलाडी यसरी आफ्नो व्यक्तिगत निमन्त्रणामा विदेश जाँदै उतै बस्न थाले भने भोलि नेपाली खेलकुदको भविष्य के हुने हो ?', २५ वर्षीया निर्मला जर्मनीमा बेपत्ता भएको घटनालाई लिएर असन्तुष्ट देखिएका नेपाल एमएच्योर एथ्लेटिक्स संघका अध्यक्षसमेत रहेका नेपाल ओलम्पिक कमिटीका अध्यक्ष रुक्मशम्शेर राणाले *समय*लाई प्रतिक्रिया दिए। यता राष्ट्रिय खेलकुद परिषद्ले पनि निर्मला बेपत्ता भएको कुरालाई गम्भीरतापूर्वक लिएको बताएको छ। 'हामीले यो विषयलाई गम्भीरताका साथ हेरेका छौं। उनीसँग जर्मनीमा सम्पर्क स्थापित गर्ने प्रयास विभिन्न तवरबाट भइरहेको छ। तर, आगामी दिनमा अन्य खेलाडीहरूमा यस्तो घटना नदोहरियोस् भनेर परिषद् चनाखो भएको छ', परिषद्का कार्यवाहक सदस्य-सचिव अजर मानन्धरले भने। ■



# माघ १९ को सेरोफेरो




**राजाले चालेको** कदमको सेरोफेरोमा घुमेको एउटो लामो प्रसंग हो भन्दा फरक पर्दैन 'माघ १९'। माघ १९ को शाही घोषणा (कु) हुनु अघिदेखिको परिवेश, घोषणालगत्तैको गिरफ्तारी, बन्दी गृहको अवस्था, जेल सरुवा आदि घटना देखाएका छन्, यसभित्र ईश्वर पोखरेलले। लेखकको लेखकीय बौद्धिकता प्रखर देखिएको छ, तर घटनाक्रमका क्षणहरू कुनै क्रान्तिकारी उपन्यासका धारावाहिक सारझैं बगेको देखिन्छ।

निश्चय पनि बन्दी जीवनमा मनलागी रूपमा खाना, पत्रपत्रिका र भेटघाटको अत्यन्त अभाव हुन्छ, तर यस्ता कुराहरू एक नेताको लागि खुद्रामसिना विषय नै हुनुपर्छ। तैपनि किन यति महत्त्वका साथ व्याख्या गरिएको होला भन्ने भान पर्छ।

साथै हरेक प्रसङ्ग राख्दा प्रधानमन्त्रीलाई मात्र अदूरदर्शी, अपरिपक्व देखाइएको छ र त्यति बेलाका सबै मन्त्रीलाई अत्यन्तै निरीह बताइएको छ। जहिले पनि अनिर्णयको बन्दी बनेको मन्त्री र मन्त्रिपरिषद् प्रतिगामी शाही सत्ताकै सेरोफेरोमा चल्न बाध्य भएको उतिबेलाको सरकारलाई अत्यन्तै नादान देखाइएको छ, माघ १९ भित्र।

राजाबाट कु हुनसक्ने संकेत पहिले नै पाएर पनि कुनै उपाय निकाल्न नसक्नु र अत्यन्त अदूरदर्शी तथा अन्योलका बेला पनि पार्टीको निर्देशनअनुसार सत्तामा रहिरहनु जस्ता कमजोरी स्विकार्दै आफूलाई इतिहासको अत्यन्त कालो कालखण्डमा मन्त्री हुनपरेको पश्चात्ताप पोखेका छन्, पोखरेलले 'माघ १९' मा।

किताब पढ्दै जाँदा सबभन्दा बढी टिठलाग्दो प्रसङ्ग साझा सहमतिको 'न्यूनतम कार्यक्रम' घोषणा हो जस्तो लाग्छ। लेखक आफू स्वयं पनि उक्त सहमतिको कार्यक्रम बनाउने समूहको सदस्य हुँदाहुँदै पनि सहमतिका बुँदाहरू बनाउँदा कतिसम्म नाटकीय प्रदर्शन गर्नुपर्‍यो भन्ने यथार्थ किताबमा लेखिएको छ। यसले सर्वदलीय सरकारको लज्जास्पद कर्म (जहाँ लेखक स्वयं त्यसको पात्र थिए)लाई देखाएको छ।

जेल चलान गर्दा, सरुवा गर्दा, मुद्दा हाल्दा र छुट्दा विभिन्न समयमा जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय र अदालती कागजातहरू एवं पेट्रोलियम पदार्थको मूल्यवृद्धि सम्बन्धमा विभिन्न परिशिष्टले किताबलाई बलियो बनाएको छ।

■ **अनिता लामा/काठमाडौं**

# नयाँ परिभाषा




**पछिल्लो पुस्ताकी** प्रतिभाशाली साहित्यकार मोमिलाको नयाँ निबन्धसंग्रह 'ईश्वरको अदालतमा आउटसाइडरको बयान' साहित्यका पाठकसामु आएको छ। १६ वटा निबन्धहरू संगृहीत यो पुस्तकमा मोमिलाको दार्शनिक र लेखन क्षमता अझ प्रस्फुटित भएको देख्न सकिन्छ। उनका भावावेगीय यी निबन्धहरू साहित्यमा प्रचलित अस्तित्ववाद, नारीवाद र उत्तराधुनिकवादमा आधारित अत्यन्त प्रभावशाली र हृदयस्पर्शी रहेको नेपाली साहित्यका हस्तीहरू समेत बताउँछन्। 'मोमिलाका निबन्धहरूको यो पुस्तक समालोचकहरूले नपढ्ने हो भने मोमिला ठगिनेछैनन्, समालोचक र पाठकहरू नै ठगिनेछन्', गत महिना पुस्तक विमोचन समारोहमा समालोचक डा. ज्ञानु पाण्डेको यो भनाइले नै मोमिलाका निबन्धहरूको प्रभाव बुझ्न सकिन्छ।


नेपाली साहित्यका अन्य हस्तीहरू पनि मोमिला र यो पुस्तकको प्रभावको बखान गर्न समालोचक पाण्डेकै पंक्तिमा उभिएका छन्। वरिष्ठ आख्यानकार इन्द्रबहादुर राई मोमिलाका निबन्धबारे भन्छन्, 'अस्तित्ववादीय यति उत्कृष्ट निबन्धसंग्रह लेखिका मोमिलाबाटै हामीले पाउनु रहेछ।' वरिष्ठ कवि वैरागी काइँलाको भनाइ पनि यस्तै छ। उनी भन्छन्, 'सुकोमल भावको कमलोभित्र अत्यन्त गम्भीर विचारले ओतप्रोत जीवनदर्शनलाई सुकोमल र कमलो अभिव्यक्तिभित्र सुस्वादु चास्नीमा डुबाएर प्रस्तुत मोमिलाका सुन्दर निबन्धहरूले पढ्नेहरूलाई मात लागेको लामो अनुभव पछिसम्म गराउँछ।'

साहित्यका हस्तीहरूलाई जसरी नै संग्रहमा प्रस्तुत मोमिलाका निबन्धहरूले सामान्य पाठकलाई पनि प्रभावित र उद्वेलित पार्छन्। वरिष्ठ समालोचक डा. दुर्गाप्रसाद भण्डारीले पुस्तकमा 'उनी हामीलाई त्यो लोकमा लग्न खोजिरहेकी छिन् जहाँ हामी सायद धेरै कम गएका छौं' भने जस्तै पाठकले मोमिलाका प्रस्तुत निबन्धहरूमा धेरै विषय नयाँ दर्शन र दृष्टिले हेर्न पाउनेछन्। निबन्ध संग्रहको 'प्रकृति र कलाको रोमान्टिक मूर्च्छना'मा सम्बोधन, समय, अतीत, जीवन, मृत्यु, अनुभूति, संवेदन, ईश्वर, ह्विटम्यान, डायरी, प्रेम, पीडा, अस्तित्व र आफ्ना निबन्धका पाठकबारेको परिभाषाले त मोमिलाको चिन्तन क्षमतालाई बधाई दिन सबै पाठक बाध्य हुन्छन्। पुस्तक पढेपछि समालोचक पाण्डेले भने जस्तै नपढेको भए मोमिला होइन, आफैं ठगिनेरहेछु भन्ने अनुभव गर्छन्।

■ **सुवास देवकोटा**




किताब : नेपालको राज्य पुनर्संरचना र संविधानसभा
लेखक : डा. सुरेन्द्र केसी
पृष्ठ : २५८
मूल्य : रु १७५/–
प्रकाशक : पैरवी प्रकाशन




किताब : बाटो फरक परेछ
लेखक : गोपी कृष्ण काफ्ले
पृष्ठ : ९६
मूल्य : रु ६०/–
प्रकाशक : यती नेपाली एसोसिएसन युके



किताब : जर्मन–नेपाली–जर्मनी
लेखक : रमेश अधिकारी
पृष्ठ : २३४
मूल्य : रु ३००/–
प्रकाशक : हर्मन हेस्से समाज नेपाल–२०००



किताब : असाधारण विद्वान नयराज पन्त
लेखक : सं. शेषराज सिवाकोटी
पृष्ठ : १६०
मूल्य : रु १००/–
प्रकाशक : ज्ञानगुन साहित्य प्रतिष्ठान


इन्द्रबहादुर राई


लक्खीदेवी सुन्दास


शरद क्षेत्री


राजनारायण प्रधान

# सुस्ताउँदै माहोल

**एक समय नेपाली साहित्यको केन्द्र मानिएको दार्जीलिङमा केही वर्षदेखि साहित्यिक गतिविधिले तीव्रता लिन सकेको छैन ।**

■ छत्र कार्की/दार्जीलिङ

'दार्जीलिङले साहित्यमा आज सोचेको कुरा काठमाडौंले बल्ल चालीस वर्षपछि मात्र सोच्छ', साहित्यकार बालकृष्ण समले साढे पाँच दशकअघि साहित्य सम्मेलनले आयोजना गरेको कार्यक्रममा अतिथि बनेर दार्जीलिङ पुग्दा यी विचार राखेका थिए । तर, त्यति बेला समले भित्री मनबाटै राखेका कुरा अहिले किस्सा जस्तै लाग्छन् । समले त्यो बेला भनेको कुरा अहिले तुलना गर्दा झन्डै उल्टो लाग्छ । दार्जीलिङमा पहिलेजस्तो साहित्यिक गतिविधि कहाँ छ र ! वर्षभरि आयोजना गरिने उल्लेखनीय साहित्यिक कार्यक्रम हिसाब गर्दा आधा दर्जन काट्न मुस्किल पर्छ । पुस्तान्तर बढिरहेको छ त्यहाँ, बदलिँदो प्रविधिले त झन् पछिल्लो पुस्ताको ठूलो हिस्सा साहित्यबाट बेखबर छ । साँच्चिकै भन्ने हो भने नयाँ पुस्ता र साहित्यबीच त व्यापक दूरी खडा भएको छ ।

तीसको दशकसम्म पनि मौलाउँदै गएको दार्जीलिङको साहित्यिक गति धनात्मक होइन, ऋणात्मक दिशामा अग्रसर भइरहेको छ, साहित्यिक वातावरण सुस्ताउँदै गएको छ । साहित्यकार राजनारायण प्रधान भन्छन्, 'केही साहित्यकारले नेपाली भाषामा निरन्तर लेखिरहेका छन्, यो ठूलो कुरा हो । तर, यहाँ पाठक पाउनै मुस्किल हुने बेला आइसक्यो ।' कुनै जमाना थियो, 'सूधपा' अर्थात् सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधानको सक्रियताले दार्जीलिङले नेपाली भाषा-साहित्यको विकासमा अग्रणी भूमिका खेलेको थियो । नेपाली भाषामा जे-जति नयाँ प्रयोग हुन्थे, दार्जीलिङले नेतृत्वदायी भूमिका खेलेको हुन्थ्यो । १९८१ सालमा नेपाली साहित्य सम्मेलन स्थापना भएपछि साहित्यिक गतिविधि चुस्तरुपमा अघि बढेका थिए । सुरुका दिनमा 'साहित्य सम्मेलन' भन्ने पत्रिका निस्क्यो र पछि सन् १९४२ देखि साहित्य सम्मेलनबाटै 'दियालो' साहित्यिक पत्रिका सार्वजनिक भयो । तर, अहिले ती पत्रिका इतिहास बनेका छन्, नियमितरुपमा निस्कने स्तरीय साहित्यिक पत्रिका छैनन् भन्दा पनि हुन्छ । अहिले फाट्टफुट्ट केही साहित्यिक संकलन निस्किन्छन्, तर नियमित छैनन् । प्रकाशन भएका साहित्यिक पत्रिकालाई अस्तित्व जोगाउन हम्मे छ ।

भाषिक उत्थानको लागि दार्जीलिङका नेपालीभाषी साहित्यकारहरूले कम्ती मेहनत गरेका थिएनन्, तर ती दीर्घकालीन बन्न सकेनन् । पादरी गंगाप्रसाद प्रधानले १९५८ सालमा नै 'गोर्खा खबर कागज' निकालेर भाषासाहित्यमा उल्लेखनीय योगदान पुर्‍याएका थिए, जुन नेपालबाट प्रकाशित पहिलो पत्रिका गोर्खापत्रभन्दा केही महिनाअघि बजारमा आएको थियो । दिलु राई, हरिप्रसाद प्रधान, महानन्द सापकोटाले त्यहाँको भूमिबाट छेरेको भाषिक जागरणको अभियान सदा स्मरणीय छ । एकताका अगमसिंह गिरि, अच्छा राई रसिक, लैनसिंह वाङदेल, इन्द्रबहादुर राई, शिवकुमार राई लगायत सर्जकका रचनाले नेपालीपन छोएका हुन्थे । जसयोञ्जन प्यासी, लक्खीदेवी सुन्दास, गुप्त प्रधान, विन्ध्यया सुब्बालगायत सशक्त हस्ताक्षरले साहित्य ऊर्जाशील बन्थ्यो ।

सन् १९६३ मा नेपाली साहित्य परिषद् स्थापना भयो, जसमा साहित्यकार इन्द्रबहादुर राई अध्यक्ष चुनिए । ईश्वर वल्लभ, वैरागी काइँला, कुमार प्रधान, राजनारायण प्रधानलगायत सदस्यहरूको सक्रियताले त्यो बेला धेरै काम भएका थिए । साहित्यकार इन्द्रबहादुर राई सम्झिन्छन्, 'साहित्य परिषद् स्थापना भएपछि साहित्यिक लेखन, अध्ययन, अनुसन्धानमा तीव्रता आएको थियो, त्यो बेला गोष्ठी, सेमिनार पनि बाक्लै हुन्थे, तर यसले पछि निरन्तरता पाउन सकेन ।' नेपाली भाषाले राष्ट्रिय मान्यता पाउनुपर्छ भनेर साहित्य परिषद्ले खेलेको भूमिका उल्लेखनीय रहेको थियो ।

'मालिंगो' पत्रिका नेपालीभाषीहरूको लागि गहकिलो खुराक थियो, साहित्य परिषद्ले सन् १९६५ मा प्रकाशन सुरु गरेको उक्त पत्रिकाले लामो समयसम्म प्राण धान्न सकेन, केही वर्षमै बन्द भयो । त्यसको केहीपछि 'नेबुला' निस्कियो, जुन पछिसम्म स्थायी बन्न सकेन ।

नेपालबाहिर साहित्यिक गतिविधिमा सिक्किम धेरै अगाडि छ, आसाम, मेघालयमा पनि केही न केही कार्यक्रम भइरहेका हुन्छन् । सिक्किमका मुख्यमन्त्री पवन चाम्लिङले निर्माण प्रकाशनमार्फत साहित्यिक किताब छाप्न थालेपछि माहोल नै अर्कै भएको छ, काठमाडौं र सिक्किमे स्रष्टाबीच नियमित कार्यक्रम गरेर दूरी कम पार्ने कामलाई निरन्तरता दिइरहेको पाइन्छ । तर, दार्जीलिङमा प्रकाशकको ठूलो अभाव छ, स्थानीय परिषद्ले नेपाली भाषाको उत्थानमा सिन्को भाँच्नेसमेत काम नगरेको धेरै भइसकेको छ । झन्, भारतीय संविधानको छैटौं अनसूचीअन्तर्गत दार्जीलिङलाई 'ट्राइबुल' परिषद्को रुपमा राखिने चर्चा आएपछि घिसिङ प्रशासन सबै नेपालीलाई आदिवासी बनाउने खेलमा उत्रिएको आरोप छ । दार्जीलिङका नाम चलेका साहित्यकारलाई त नेपालका साझा, प्रज्ञाप्रतिष्ठानले पनि पत्याएका छन्, तर आम साहित्यकारलाई प्रकाशक नपाउनुको पीडा छ । शिव ब्रदर्स, शिवराज शर्माले मात्र कति धानून् र नेपाली किताब प्रकाशन । साहित्यकार राजनारायण प्रधान भन्छन्, 'अहिले हामीले किताब लेख्यो भने कसले छापिदेला भन्ने छ, अहिले नेपालका प्रकाशन संस्थाभन्दा पनि निर्माण प्रकाशनलाई गुहार्नु सजिलो भएको छ ।'

दार्जीलिङ साहित्यिक वातावरण सुस्ताउँदै गएकोप्रति त्यहाँका कुनै पनि सर्जकको विमति छैन । 'नेपाली कवितामा दार्जीलिङको सय वर्षको भूमिका'मा पिएचडी शोध गरेकी डा. लक्खीदेवी सुन्दासको नेपालमा प्रजातन्त्रले स्वतन्त्रता दिएपछि साहित्य मौलाएको विचार छ । तर, दार्जीलिङको साहित्यिक वातावरण भने सुस्ताउँदै गएको ठम्याइ छ उनको । उनी चिन्ता व्यक्त गर्छिन्, 'पछिल्लो समयमा दार्जीलिङमा बढी व्यवसायिक मानसिकता विकास भए जस्तो लाग्छ, साहित्यमा लागेर के हुन्छ भन्नेहरूकै बाहुल्य छ । यहाँका युवापुस्ताले भाषा, संस्कृति भुल्दै गएका छन्, जसले राम्रो सन्देश दिँदैन ।' पछिल्लो पुस्तामा साहित्य अध्ययन गर्ने बानी एकदमै हराउँदै गएकोमा नमजा मान्छन् स्रष्टाहरू । साहित्यिक माहोल बिग्रेर जानुमा त्यहाँको राजनीतिक प्रणाली नै प्रमुख कारक भएको उनीहरूको विचार छ ।

स्टेट बैंक अफ इन्डिया, दार्जीलिङ मुख्य शाखामा भेटिएका कथाकार शरद क्षेत्री पनि साहित्यका पाठक सिला खोज्नुपर्ने अवस्था रहेको बताउँछन् । उनी भन्छन्, 'साँच्चै भन्नु पर्दा पछिल्लो समयमा साहित्यिक वातावरण सुस्ताएको छ, यसमा साइबर संकृतिले प्रमुख भूमिका खेलेको छ ।' भर्खरैमात्र 'बिम्ब-योग' कथासंग्रह सार्वजनिक गरेका कथाकार क्षेत्री स्तरीय किताबका लागि अझै पाठक अभाव नभएको बताउँछन् ।

अहिले पनि दार्जीलिङबाट वर्षभरिमा दर्जनजति किताब निस्कन्छन्, धेरैजसो लेखककै लगानीमा । साहित्यिक किताब बेचेर लगानी उठाउनु कहाँ सहज हुन्छ र ? यति हुँदाहुँदै पनि केही युवा सर्जकहरू कम्मर कसेर लागेका छन्, साहित्यमा । केवलचन्द्र लामा, संजय विष्ट, उदय थुलुङ, वीरभद्र कार्की ढोली केही यस्ता सक्रिय युवा नाम हुन्- उनीहरूमा साहित्यमा लागेर के गरौं भन्ने हुटहुटी कायमै छ ।

'फेद न टुप्पो'को दार्जीलिङको राजनीतिले साहित्यिक माहोलमा प्रतिकूल असर पारेको धेरैको मूल्यांकन छ । सन् १९८६ मा गोर्खाल्यान्ड आन्दोलन उत्कर्षमा पुगेपछि नेपाली भाषामाथि आक्रमण सुरु भएको जानकारहरू बताउँछन् । गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष सुवास घिसिङले भारतसँग सम्झौता गरेपछि गोर्खा पार्वत्य परिषद् बन्यो । पछि घिसिङले गोर्खाल्यान्डको माग त छोडे नै, घिसिङको आलोचना गर्ने केही साहित्यकार त्यहाँबाट विस्थापित भए ।

जतिखेर सिक्किमका तत्कालीन मुख्यमन्त्री नरबहादुर भण्डारी नेपाली भाषाले भारतीय संविधानमा मान्यता पाउनुपर्छ भनेर जोडदार माग गरिरहेका थिए, त्यति खेर गोर्खाल्यान्ड आन्दोलन हाँकिरहेका घिसिङचाहिँ नेपाली भाषाको ठाउँमा गोर्खा भाषा हुनुपर्छ भन्ने पक्षमा उत्रिएका थिए । गोर्खाल्यान्ड आन्दोलन चर्किरहेका बेला घिसिङ समर्थकले चौरस्तामा रहेको भानुभक्तको सालिक तोडफोड गरेर क्षतविक्षत बनाए । उनीहरूले भानुभक्त गोर्खा भाषाको साहित्यकार नभएकाले दार्जीलिङमा उनको सालिक राख्न नहुने तर्क अघि सारे । पछि फेरि स्थानीय बासिन्दाहरूको पहलमा भानुभक्तको सालिक पुनःस्थापना गरियो ।

विगत १७ वर्षदेखि घिसिङ गोर्खा पार्वत्य परिषद्मा एकलौटी राज चलाएपछि नेपाली भाषाले झनै मार खप्नुपरेको त्यहाँका बासिन्दाको अनुभव छ । सन् १९८८ लगत्तै केही वर्ष त साहित्यिक गतिविधि शून्य नै रह्यो । सिके श्रेष्ठले सन् १९९५ मा हरेक महिना बसिबियाँलोमार्फत साहित्यिक गतिविधि सुचारु गर्ने जमर्को गरेका थिए, उनले दार्जीलिङ छोडेपछि कार्यक्रम पछिसम्म निरन्तर चल्न सकेन । साहित्यकार राई भन्छन्, 'हरेक वर्ष मनाइने भानु जयन्तीले एक वर्षको साहित्यिक गतिविधि जसोतसो धानिरहेको छ । अहिलेसम्म पनि साहित्य सम्मेलनले नै भानुजयन्ती मनाउने परम्परालाई निरन्तरता दिइरहेको छ ।'

कुनै बेलाको नेपाली भाषा, साहित्य र कलाको केन्द्र भनेर चिनिएको दार्जीलिङले त्यो पहिचान कायम राख्न सकेन, त्यो बेग्लै कुरा हो । प्रतिकूलताबीच अनुकूलता खोज्ने मानवीय प्रवृत्ति नै हो, त्यसैले होला, चार दशक काटेका इन्द्रबहादुर राई अझै थाकेका छैनन्, बौद्धिक लेखन दिइरहेका छन्, लक्खीदेवीलाई नयाँ किताब निकाल्ने चटारो छ, लुखुरे ज्यानका राजनारायणलाई सात दशक काटे पनि साहित्यक नशाले छोडेको छैन । स्टेट बैंकका जागिरे शरद क्षेत्री खुरुखुरु कथा लेखिरहन्छन्, छापिरहन्छन्, विन्ध्यया सुब्बामा पनि नयाँ धारका कथा लेख्ने उस्तै जाँगर छ । ■

# सदाबहार अभिनेता



**साढे तीन दशकअघि** मनबहादुर मुखियाको 'अनि देउराली रुन्छ' नाटकमा प्रमुख भूमिका पाउँदा कलाकार किरण ठकुरीको उमेर १९ वर्ष थियो । त्यस बेला उनी दार्जीलिङ गभर्मेन्ट कलेजमा स्नातक तह पढ्दै थिए । उमेरले कलिलो ठिटो, तर रणध्वज खड्का, नाटककै बूढो पात्रको अभिनय । एक हिसाबले हेर्दा किरणको परीक्षा नै थियो । सशक्त अभिनय गरेर दर्शकबाट प्रशंसा पाएका थिए उनले ।

सामाजिक यथार्थवादी उक्त नाटक ३१ वर्षपछि यसपटक फेरि दार्जीलिङमा मञ्चन गरियो । पाँच दशक उमेर पार गरिसकेका कलाकार ठकुरीले यसपटक पनि उत्तिकै जीवन्त अभिनय गरे, आफूलाई सदाबहार अभिनेताको दर्जामा राख्न सफल भए उनी । त्यस बेला कलिलो उमेर भए पनि बूढोको अभिनय गर्नुपर्दा साँच्चिकै मेहनत गर्नुपरेको थियो उनले । तर, यसपटक भने उनको उमेर वास्तविक पात्रसँग मेल खाने किसिमको थियो । नाटकका लेखक मुखिया भन्छन्, 'अलिक उमेर ढल्केर बूढोको अभिनय गर्दा भने केही अनौठोचाहिँ देखिँदो रहेछ ।'

किरण ठकुरीको परिचय कलाकार मात्र होइन, उनले नाटक, गीत, कविता पनि लेखेका छन् । ठकुरीका केही गीत दावा ग्याल्मो, ओमविक्रम विष्टले पनि गाएका छन् । दर्जनौं नाटकको लेखन र अभिनयसमेत गरेका ठकुरीले बाइस वर्षअघि प्रताप सुब्बाद्वारा निर्देशित चलचित्र 'बाँच्न चाहनेहरू'मा नायकको भूमिका निर्वाह गरेका थिए । चौध भागसम्म रहेको 'असली नक्कली' टेलिफिल्ममा उनको अभिनय उत्तिकै प्रखर छ ।

सन् १९७१ मा आफ्नै एकांकी नाटक 'जीवन सपना'बाट रंगकर्ममा होमिएका ठकुरीले दार्जीलिङमात्र होइन, काठमाडौंलगायत विभिन्न ठाउँमा नाटक मञ्चन गरिसकेका छन् । कलाकारितामा प्रवेश गर्नुको कारण यसरी बताउँछन् उनी, 'विद्यालय पढ्दा अग्रजहरूले कला साहित्यको क्षेत्रमा केही गर्नुपर्छ भन्ने प्रेरणा दिन्थे, सफलता पाउँदै गएपछि मलाई यो क्षेत्र नशाजस्तै लाग्यो, अब त छोड्नै सक्तिनँ ।' 'युद्धहरू', 'रातको प्रथम प्रहर', 'भय', 'अमरआत्मा' 'पैंचो गुमाएको विश्वासहरू'लगायत नाटकमा किरणले आफ्नो अभिनय क्षमता पोखेका छन् । भारतीय भूमिमा प्रथम नेपाली सहिद दुर्गा मल्लको जीवनीमा आधारित 'सहिद दुर्गा मल्ल' साँच्चिकै बेजोड नाटक हो, किरणको ।

विभिन्न नाटक, फिल्म, टेलिफिल्ममा काम गरे पनि 'अनि देउराली रुन्छ'ले उनको जीवनमा विशेष महत्त्व राख्छ । सन् १९७७ उक्त नाटक मञ्चन गर्न राजधानी आउँदा पशुपतिमै उनको विवाह भएको थियो । उनी सम्झिन्छन्, 'मलाई अभिनय क्षेत्रमा चिनाउन यो नाटकको ठूलो हात छ, यतिमात्र होइन, यो नाटकसँग मेरो जीवनयात्रा पनि जोडिएको छ ।'

लेखन, निर्देशन, अभिनयजस्ता व्यक्तित्वका धनी भए पनि मूलतः रंगमञ्चसँगै जोडिएको छ, कलाकार ठकुरीको नाम । जीवनको यो मोडसम्म आइपुग्दा किरणले जुनजुन क्षेत्रमा काम गरे पनि नाटक उनको जीवनको पर्याय नै बनेको छ । त्यसैले दार्जीलिङको सांस्कृतिक विभागका जागिरे उनी भन्छन्, 'म पछिसम्म पनि नाटकमै काम गर्छु । यो क्षेत्रबाट कहिल्यै अलग रहदिनँ ।' ■

राजधानीबाट नजिकै भए पनि हेलम्बुका दुखियाहरूका लागि अहिले पनि जीवनको अर्थ दुःख मात्र हो । योबाहेक जीवनको अरू परिभाषा जानेका छैनन् उनीहरूले । यसै समूहबाट उछिट्टिएर आएकी हुन्, डोल्मा ।



# बिर्सेको छैन ती दिन



**नेपाली हास्य** टेलिसिरियल जिरेखुर्सानी हेर्ने धेरै दर्शकलाई यस टेलिसिरियलकी शेर्पा पात्र, डोल्मा शेर्पा ठूलै खानदानकै हुनुपर्छ भन्ने सोचाइ आउन सक्छ । उनले पाएको भूमिकाले पनि यही देखाएको छ टेलिसिरियलमा । तर, डोल्माले भोगेको संघर्षको पाटो अधिकांश नेपाली गाउँले महिलाहरूले भोग्ने गरेका दुःख र पीडायुक्त जीवनको भन्दा फरक छैन ।

अनेकन् दुःख सामना गर्दै जाँदा अहिले उनको जीवनले कहिल्यै नसोचेको उचाइ हासिल गरेको छ । संघर्षका दिनहरूले पनि बिट मारेका छन् । अब उनको अतीत उनकै आँखामा ओफेल पर्न थालेको छ । तैपनि, उनी आफ्नो विगत सम्झनामा मात्र हुने हो कि भन्नेमा सचेत छिन् । उनी भन्छिन्, 'म डोकोमा छोरो बोकेर काठमाडौं छिरेकी शेर्पिनी, ती दिन बिर्सेकी छैन ।' अहिले नेपाली हास्यविधाको टेलिशृखंला जिरेखुर्सानीभित्र मन पराइने पात्रहरूमध्येमा पर्छिन्, डोल्मा शेर्पा । उनकै जीवन्त अभिनय कलाले जिरेखुर्सानीलाई जीवन्तता दिएको छ । तर, उनले व्यक्तिगत जीवनमा भोगेको संघर्षबारे भने धेरै बेखबर छन् ।

आफ्नो विगत सम्झँदा अहिले पनि उनका आँखामा रसाउँछन् । 'हेलम्बु छाडेर काठमाडौं गलैंचा बुन्ने काम खोज्न आएकी हुँ । म त ठेट शेर्पिनी हुँ, यहाँसम्म पुगिएला भनेर कसले सोच्यो र !' आँखामा टल्पलाउँदै गरेको आँसु लुकाउने प्रयत्न गर्दै बोल्छिन् डोल्मा ।

जीवन बाँच्ने क्रममा संघर्षको समुद्र नै पार गरेको तितो अनुभव छ, उनीसित । मान्छेको जीवनमा आइपर्ने दुखलाई नजिकैबाट हेर्ने मौका मात्र पाइनन्, जीवनमा आइपरेका दुःखलाई सजिलै बहन गर्न सक्ने क्षमता पनि बनाइन्, उनले यसै अवधिमा ।

नौ वर्षको उमेरमा राजधानी छिरेकी डोल्मा एघार वर्ष पुग्दा नपुग्दै गलैंचा र स्विटर बुन्ने कलामा पोख्त बनेकी थिइन् । स्विटर बुन्दा काँटीले हातमा पारेको प्वालको दाग देखाउँदै थप्छिन्, 'यी औंलाले अहिले पनि ती दिन सम्झाइरहन्छन् ।' दुःख झेल्ने क्रममै भारतको हिमाञ्चल प्रदेशमा बाटो खन्न पुगिन् । उनी भन्छिन्, 'दिनभरि बाटो खनेर राम्रोसँग खान पनि पुग्दैनथ्यो ।'

राजधानीबाट नजिकै भए पनि हेलम्बुका दुखियाहरूका लागि अहिले पनि जीवनको अर्थ दुःख मात्र हो । योबाहेक जीवनको अरू परिभाषा जानेका छैनन् उनीहरूले । यसै समूहबाट उछिट्टिएर आएकी हुन्, डोल्मा । 'म त काठमाडौंमा गलैंचा बुन्न मात्र आएको, अरू केही थाहा थिएन र छैन पनि ।'

गलैंचा कारखानामा काम गर्दागर्दै उनको जीवनमा नसोचेको परिवर्तन आयो । गलैंचा कारखानाकी मालिक्नीले 'तँ त शेर्पा होस् भिसा पाउँछेस्' भनेर सिंगारपटार गरी रातभरि अमेरिकी दूतावास कुर्न पठाएको अस्ति जस्तै लाग्छ उनलाई । 'मालिक्नीकै सिक्री र औंठी लगाएर अमेरिका जाने भिसाको लागि दूतावास गएकी थिएँ, भिसा लाग्यो', उनी सम्झिन्छिन् ।

त्यसपछि लगातार तीन वर्ष अमेरिका बसेपछि आर्थिक हैसियत आशालाग्दो भएपछि फेरि काठमाडौं आएकी हुन्, डोल्मा । 'स्कुलको अनुहारसम्म नदेखेकी म, अमेरिका पुग्नु सपना जस्तै थियो, बोल्न आउँदैनथ्यो, अहिले पनि आउँदैन, तर अंग्रेजी सबै बुझ्छु ।'

नेपाली कथानक चलचित्र देउता, वसन्ती, माटो बोल्छजस्ता आधा दर्जन नेपाली फिल्महरूमा समेत आफ्नो अभिनयकला प्रदर्शन गरेकी भए पनि डोल्माको कलालाई उचाइ थप्ने काम भने जिरेखुर्सानी नामक टेलिशृंखलाबाटै भयो । 'अहिले त मलाई सबैले चिन्छन्, अब त छोरोलाई पिठिउँमा बोकेर गलैंचा बुनेका दुःखका दिन ता बिर्सन पो थालें कि जस्तो लाग्छ ।'

अनेक दुःख सामना गर्दै जाँदा उनमा नयाँ उद्देश्य पलाएको छ अहिले । 'अब एकचोटि हेलम्बुको संस्कृति झल्काउने शब्दचित्र सिनेमाको पर्दामा देखाएर मात्र सुखको सास लिने सोचेकी छु', उनी भन्छिन्, 'अब मेरै गाउँको बारेमा एउटा फिल्म बनाएर त्यसको निर्माता बन्ने धोको छ ।'

■ **ज्योति देवकोटा/काठमाडौं** (तस्बिर- तेज बस्नेत)

इब्सेन नाटक महोत्सव उद्घाटन समारोहमा गुरुकुलमा भेला भएका सहभागीहरू

# महान नाट्यशिल्पीको सम्झना





भास्वर ओझा

**ख्यातिप्राप्त अन्तर्राष्ट्रिय** रंगकर्मीलाई राजधानीस्थित आफ्नै थिएटरमा भेला गराएर अन्तर्राष्ट्रियस्तरको नाटक महोत्सव सफल पार्न अहोरात्र जुटेका छन्, गुरुकुलका संयोजक सुनील पोखरेल र अन्य सहकर्मीहरू। यसपटक नाट्यकलाको माध्यमबाट एक महान नाट्यशिल्पीको सम्झना युगान्तसम्म जीवन्त राख्ने सार्थक प्रयास गरेको छ, गुरुकुलले। केही वर्षदेखि नेपाली रंगमञ्चको जागरणमा समर्पित रहँदै आएको गुरुकुलको यो कार्यक्रमले विशेष महत्त्व राख्ने देखिन्छ।

प्रसिद्ध नर्वेजियाली नाटककार हेनरिक इब्सेनको सयौं जन्मजयन्तीको अवसरमा आरोहण गुरुकुलको आयोजनामा राजधानीमा इब्सेन अन्तर्राष्ट्रिय नाटक महोत्सव औपचारिक रुपमा सुरु भएको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले एक समारोहबीच उद्घाटन गरेको उक्त महोत्सव कात्तिक १५ गतेदेखि २५ गतेसम्म ११ दिन सञ्चालन हुने आयोजकले जनाएका छन्। उद्घाटन समारोहमा प्रधानमन्त्री कोइरालाले गुरुकुलले अन्तर्राष्ट्रिय महोत्सव आयोजना गरेर सह्रानीय काम गरेको उल्लेख गर्दै रंगमञ्चलाई सरकारले प्रोत्साहन गर्ने बताएर आयोजकको हौसला बढाएका थिए।

उद्घाटन समारोहपछि आरोहण, नेपालको प्रस्तुतिमा सुनील पोखरेलद्वारा निर्देशित नाटक 'महान शिल्पी' मञ्चन गरिएको थियो। भारत, नर्वे, पाकिस्तान, बंगलादेश, नेपाललगायत मुलुकका रंगकर्मीहरूको सहभागिता रहेको उक्त महोत्सवमा इब्सेनप्रति समर्पित नाटक मञ्चन गरिनेछन्। महोत्सवमा शैलनट, भारतको प्रस्तुति रहेको 'जन-शत्रु', ऋत्विक, भारतको 'देशद्रोही', नाट्यभूमि, भारतको 'प्रेतच्छाया', पकेट थिएटर, नर्वेको 'जंगली हाँसको कथा', एमआर्ट थिएटर, नेपालको 'खुसीको मृत्यु', आरोहण नेपालको 'पुतलीको घर', अजोका थिएटर, पाकिस्तानको 'दुस्मन', वेस्ट अफ कोलकाता क्याम्पस, भारतको 'इब्सेनलाई इब्सेनसँग खाना खान निम्तो', सुकर्म, नेपालको जीवनका अनुभूति (इब्सेनका नाटकमा आधारित सांगीतिक प्रस्तुति) र सेन्टर फर एसियन थिएटर, बंगलादेशको 'पुनरुत्थान' नाटक हेर्ने मौका पाउनेछन्, दर्शकले। प्रत्येक दिन मध्यान्ह १२ बजे र साँझ ५ बजे गरेर दुईपटक गरिने नाटक प्रस्तुतिका लागि रिमाल नाट्यघर र सम नाट्यघरमा चाँजोपाँजो मिलाएको छ, गुरुकुलले। नेपालमा पहिलोपल्ट आयोजना भएको अन्तर्राष्ट्रियस्तरको यो महोत्सवबाट नेपाली रंगमञ्चको प्रवर्द्धनमा पर्याप्त टेवा पुग्ने आशा आयोजक संस्थाले गरेको छ। आधुनिक यथार्थवादी नाटकका प्रणेता इब्सेनले आफ्नो जीवनकालमा सामाजिक समस्या चित्रण गरिएका मनोवैज्ञानिक नाटकहरूबाट प्रशस्त प्रशंसा बटुलेका थिए, उनको चर्चित नाटक 'डल्स हाउस' यसअघि नै गुरुकुल आरोहणले मञ्चन गरिसकेको छ। ■



# ग्रामीण पर्यटनको जिम्मा



**सरकारबाट ग्रामीण** पर्यटन प्रवर्द्धन गर्ने जिम्मा पाएको एक्लो संस्था तारागाउँ विकास समितिको अध्यक्षमा उत्साही युवा रञ्जन शर्मा खनाल यसै साता नियुक्त भएका छन्। राजनीति शास्त्रमा स्नातकोत्तर तथा कानुनमा स्नातक गरेका खनालसँग पर्यटन क्षेत्रको खासै अनुभव छैन, तर नयाँ जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने आँटको उनमा कमी देखिँदैन। 'सरकार र पर्यटन क्षेत्रसँग सम्बद्ध सबैको सहयोग लिएर ग्रामीण पर्यटनलाई अघि बढाउने योजना बनाएको छु', खनाल भन्छन्।

राजधानीमा रहेको पाँचतारे होटल 'हायात रिजेन्सी'मा २२ करोडको सेयर रहेको तारागाउँ विकास समितिसँग काठमाडौंमा ३ सय रोपनी जमिन तथा नगरकोट, ककनी र पोखरामा होटल छ। उदयपुर र हेटौंडा सिमेन्ट कम्पनीका सिमेन्ट काठमाडौंका लागि समितिले नै बिक्री वितरण गर्ने अधिकार पाएको छ। २०३४ सालमा गठन भएको समितिले विशेष कामबाहेक अहिलेसम्म सरकारबाट अनुदान लिनुपरेको छैन। तैपनि, ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यमा समितिले सफलता पाएको छैन। किन त ? खनाल भन्छन्, 'समितिले नयाँ काम गर्ने आँट नै गर्न सकेन अहिलेसम्म।'

नयाँ र चुनौतीपूर्ण जिम्मेवारी पाएका खनालले कुनै ठोस योजना बनाई नसके पनि पहिले जस्तै समितिलाई निष्क्रिय अवस्थामा नराख्ने भने निश्चय गरिसकेका छन्। अहिले पनि समिति पूर्वको वराह र अन्तु तथा पश्चिमको रेसुङ्गा क्षेत्रमा पर्यटन विकासका लागि अध्ययनमा लागिरहेको जानकारी दिँदै खनाल भन्छन्, 'छिट्टै हामी नयाँ गन्तव्य खोज्न र तिनको विकास गर्न तीव्र गतिमा लाग्नेछौं।' सम्पन्न नेपाल निर्माणका निम्ति सम्भावित उपाय मानिएको ग्रामीण पर्यटन प्रवर्द्धनको योजना निर्माणमा खनाललाई हाम्रो पनि शुभकामना। ■



## शून्य समय



युवराज घिमिरे

# फूलबारी हैन, माडी नै पुग्न सक्नुपर्छ प्रचण्ड

**माओवादी नेता** प्रचण्ड चितवनको माडी जाने क्रममा फूलबारी नै रोकिए यसपल्ट। माओवादीद्वारा रचित र कार्यान्वित माडी नरसंहारबारे उनले खेद प्रकट गरिसकेका छन्। नरसंहारबाट अंगभंग भएका तथा मनोविज्ञान र अन्य किसिमबाट त्रस्तहरूलाई भेट्न माडी जाने प्रयास गर्नु एउटा मानवीय र नेतृत्वदायी चरित्र मानिनुपर्छ। सम्भवतः बन्दुक बोकेका सयौं कार्यकर्ताहरूको संरक्षण र शक्तिका आडमा प्रचण्ड माडीको बाँदरमुढे गाउँ पुग्न सक्थे एउटा विजेता अथवा सत्ताका सारथीका रुपमा। तर त्यसो नगरेर र फूलबारीमै केही घाइते र पीडितहरूलाई बोलाएर उनले उनीहरूका माग सुने।

गम्भीर आत्मनिरीक्षणका क्रममा प्रचण्डले माडी नरसंहारले आर्जेको कलंक स्वीकार त गरेकै छन्। र, यसपल्ट बन्दुकले मात्र एउटा राजनीतिक नेतृत्वमा आवश्यक नैतिक साहस तथा हैसियत हासिल गर्न सकिँदो रहेनछ भन्ने पाठ पनि अरूले भन्दा बढी उनले बुझेकै हुनुपर्छ। त्यसैले उनको अगाडिको चुनौती र जिम्मेवारीलाई अरू बढाएको छ।

विगत ११ वर्षमा क्रान्तिका नारा र मान्यताभन्दा बढी सुगारटाइका साथ माओवादी संगठनमा आबद्ध हजारौं कार्यकर्तालाई उनको जीवनमा कलिंगको युद्धसरी बन्न गएको माडीबाट आफूले ग्रहण गरेको सार ज्ञान कसरी सुनाउने ? कसरी उनीहरूको मन र हृदय परिवर्तन गर्ने ? माडी नरसंहारका लागि एकजना व्यक्तिलाई दलबाट निकालेर वा गैरन्यायिक शैलीबाट सजाय दिएर प्रचण्डले घटनाप्रति न्याय गरेको मानिँदैन।

वास्तवमा बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिमा आउने जुन संकल्प पार्टीका तर्फबाट गरे उनले एक वर्षअगाडि दिल्लीमा, त्यो नै उनको सार्वजनिक कबुल हो विविध र विरोधी मत राख्नेहरूप्रति सम्मान गर्ने राजनीतिक यात्रा सुरु गर्ने। त्यसो नहुनुले नीति र नियतबीचको भिन्नताले ल्याउने नकारात्मक परिणामले प्रचण्डलाई पनि अरू नेताहरू जसरी नै कमजोर तुल्याउनेछ।

नेपाली सामान्य नागरिक र खासगरी यहाँका अधिकांश महिलाहरूको महानता एकातिर र अर्कोतिर करुणा र क्षमाको शक्तिमा प्रचण्डले विश्वास गर्न सक्नुपर्छ, सिक्नुपर्छ। यदि प्रचण्ड एक्लै निरस्त्र रुपमा माडी गएमा नरसंहारबाट सबभन्दा बढी पीडित आमाले उनलाई 'विष्णुकै रुप'मा आतिथ्य दिनेछिन्। 'बाबु अब यस्तो अरूलाई नपरोस्' त्योबाहेक ती आमाले प्रचण्डलाई केही भन्नेछैनन्। र, त्यो सन्देशलाई आफ्नो भावी राजनीतिको मूल मर्ममा कसरी स्थापित गर्ने, त्यो नयाँ चुनौती हुनेछ प्रचण्डका लागि। माडीका आमाले जुन साहस र हैसियत प्रदान गर्न सक्छिन्, त्यो राज्यको सम्मान वा राजपदको प्राप्तिबाट प्रचण्डले कदापि हासिल गर्न सक्नेछैनन्। माडी नरसंहारबाट प्रभावितहरूले माफी नदिए प्रचण्डको भावी राजनीति सदा आत्मग्लानि र अपराधबोधबाट ग्रसित रहनेछ।

गत वर्षको १२ बुँदे प्रतिबद्धताको स्पष्ट अर्थ हो माओवादी संगठनले अब उप्रान्त परस्पर विरोधी राजनीतिक शक्ति र मान्यताको सह-अस्तित्वमा विश्वास राख्नेछ। व्यक्ति हत्या र गैरन्यायिक चरित्रलाई उसले आफ्नो अतीतमा सीमित राख्नेछ। जनमतद्वारा राज्य व्यवस्था संचालित हुनेछ। र, त्यसै मौलिक मान्यताका आधारमा मुलुकको विकास र समृद्धि तथा अन्तर्राष्ट्रिय जगत्मा उसको भूमिका तथा सहभागिता निर्धारित गरिनेछ।



यो मान्यता र पृष्ठभूमि हेर्दा हतियार व्यवस्थापन कुनै विवादको विषय नै बन्नुपर्ने थिएन। जब माडी गएर प्रचण्ड निरस्त्र जनता नै आफ्ना संरक्षक भएको महसुस गर्लान्, राजनीतिमा हतियारको असान्दर्भिकता समाप्त भएको मान्न उनलाई एक क्षण बढी लाग्नेछैन। माओवादी सिद्धान्तलाई जडसूत्रका रुपमा अपनाएर नेपालमा सहभागितापूर्ण राजनीतिक युग आउन सक्तैन। त्यो विकल्प कुनै न कुनै किसिमको अधिनायकवाद मात्र हुनेछ।

विश्वमा देखापरेका अनेकौं प्रलयकारी गतिविधि तथा अवधारणामा नेपाल कहाँ पर्छ ? अर्को विस्तारित र एकीकृत अर्थ व्यवस्थामा नेपालको तत्कालीन र दीर्घकालीन नीति तथा भूमिका कस्तो हुनुपर्छ ? यी गहन विषय हुन्। माओवादी नेता बाबुराम भट्टराईले हालै नेपाल भारतको साँच्चिकै सुरक्षा संवेदनशीलताप्रति सचेत रहने प्रतिबद्धता व्यक्त गरेका छन्। तर आणविक शक्तिहरू बीचको प्रतिस्पर्धा र त्यसबाट सिर्जित विनाशको भयलाई कसरी न्यून गर्ने र मेटाउने ? अर्कोतिर सभ्यता भनौं वा धर्म तथा मतका आधारमा द्वन्द्व चर्किएमा त्यसले कुन रुप लेला भोलि ? भन्ने तर्क स्यामुअल पी. हन्टिङटनजस्ता विद्वान्हरूले राख्दै आएका छन्। यी नयाँ खालका सम्भावित खतराबाट नेपाल अछुतो रहन सक्तैन। अर्कोतिर चीन, जापान लगायतका वृद्धहरूको बाहुल्य हुने आर्थिक र औद्योगिक रुपमा सम्पन्न मुलुकमा नेपालीहरूको सहभागिता र रोजगारीको सम्भावना वृद्धि गर्ने अल्पकालीन सोच तथा ठूलोमा मात्रामा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने, रोजगारी बढाउने र जलविद्युत्बाट विकासको सम्भाव्यता खोज्ने, गुणस्तरीय शिक्षा र स्वास्थ्यलाई मौलिक अधिकारका रुपमा स्थापित गर्नेजस्ता चुनौतीहरू अहिले शान्ति प्रक्रियाका विषय नै बन्न नसक्नुले माओवादी नेतृत्वको क्षमता, सोच र चरित्रमा पनि त्यही कुण्ठाको प्रचुरता रहेको आभास हुन थालेको छ। यी विवादहरूको राज्य संरचना र विकेन्द्रीकृत प्रशासनिक व्यवस्थासँग सरोकार होला, तर हतियारसँग छैन।

अहिले नेपालमा खोजिएको राजनीतिक सहमति र हतियार व्यवस्थापनले द्वन्द्वको व्यवस्थापन र शान्ति स्थापना गर्दैन। त्यसले औपचारिकता पाएमा शान्ति र राजनीतिक समझदारीको मार्ग प्रशस्त गर्ने आधार वा वातावरण बनाउनेछ। गिरिजाप्रसाद कोइराला लगायत अन्य नेताहरूले हामी सहमतिको नजिक पुगेका छौं भन्नुलाई त्यस अर्थमा शान्तिप्रतिको एउटा महत्त्वपूर्ण कदमका रुपमा लिइनुपर्छ। त्यसलाई गन्तव्यमा पुगिएको अर्थमा लिइनु हुँदैन। तर राजनीतिक विषयमा बालुवाटारका कोठामा सहमति खोजिँदै गर्दा प्रचण्डका पाइलाले माडी टेकेमा त्यसले समस्त राजनीतिक यात्रा र गन्तव्यसम्मको पहुँचलाई धेरै नै सहज बनाउनेछ। ■